# अध्याय एक

## CHAPTER ONE

## १. परिचय (INTRODUCTION)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

सामान्यतया गरिबी भन्ने शब्दले निर्धनतालाई जनाउँदछ । पेटभरी खान नपाउने, जीउढाक्ने एकसरो कपडा लगाउन नसक्ने अवस्था र वास वस्न वासस्थान नभएको विपन्नतालाई गरिबी भनिन्छ । बिरामी पर्दा औषधी उपचार गर्न नसक्ने अवस्था र आर्थिक अभावको कारणले आफ्नो बालबालिकालाई शिक्षा र पोषण प्रदान गर्न नसक्ने अवस्था नै गरिबी हो । गरिबी तेस्रो विश्वको एक प्रमुख समस्या हो । अल्पविकसित देशको एक प्रमुख विशेषता पनि हो । विकासोन्मुख राष्ट्रमा अल्पविकास गरिबीको एक प्रमुख कारण हो । पुरानो जीवनस्तर, रोग, भोक अशिक्षा, कुपोषण, फोहोरी वस्ती आदि गरिबीका प्रमुख सङ्केत हुन (सिलवाल, २०६३) ।

गरिबीलाई एउटै रुप र आयाममा मात्र नहेरी वहुआयामिक रूपमा (कुपोषण, शिक्षा, स्वास्थ्य, सरसफाई तथा सामाजिक र राजनीतिक वञ्चीतिकरण) नियालेर चिन्नुपर्ने हुन्छ । अर्थात् गरिबी एउटा त्यस्तो ऐना हो, जहाँ भोका, नाङ्गा, रोगी, अशिक्षित, बोल्न नसक्ने तथा सामाजिक, आर्थिक र राजनीतिक रुपमा पिछडिएका वहुभाषी मानिसहरुको दर्दनाक स्थितिको प्रतिविम्व देखिन्छ । गरिबीको अवधारणालाई एउटै ढाँचामा समेटेर परिभाषित गर्न सकिदैन । गरिबीलाई निरपेक्ष तथा तुलनात्मक दुवै रुपमा अनुभव गर्न सकिन्छ । तसर्थ गरिबीको अवधारणाबारे अझ प्रष्ट हुनको लागि गरिबीलाई निरपेक्ष गरिबी र सापेक्ष गरिबी गरी दुई भागमा विभाजन गर्न सकिन्छ (दाहाल, २०६६) ।

केन्यामा बसोवास गर्ने एक जना गरिबले भने गरिबी के हो भन्ने बारेमा मलाई नसोध किनकी त्यसलाई तिमिले मेरो घर बाहिर नै भेटिसकेका छौ । यो घर हेर, त्यस पछि घरका प्वालहरु गन्ती गर । मेरा भाँडावर्तन तथा मैले लगाएको लुगा हेर यी सब कुराहरु हेर । त्यसपछि लेखकी तिमिले जे देख्यौ त्यही नै गरिबी हो । इजिप्टकी एकजना गरिब महिलाले भनेकी छन् - मेरो पति बिरामी पर्दा हामीलाई अत्यन्त ठूलो विपत आँउछ । हामीहरुको जीवन उनी ठिक भएर काममा नफर्के सम्म ठप्प हुन्छ (शर्मा, २०६६) ।

गरिबीको अर्थ स्रोत साधनमा पहुँच नभएको र आफ्नो जीविका निर्वाह गर्न नसक्ने अवस्थामा रहेको भन्ने हो । आर्थिक तथा सामाजिक रुपले असमर्थताको अवस्था गरिबी हो । आर्थिक तथा सामाजिक सेवा सुविधा प्राप्त गर्न साधन स्रोत नभएको वा कमी भएको, जीवन निर्वाहका आधारहरु न्यून रहनुलाई नै गरिबीको रुपमा लिन सकिन्छ । गरिबीको मापन गर्दा आर्थिक गरिबी र मानवीय गरिबी गरी दुई ढंगले वर्गिकरण गरिन्छ । मानिसले आफ्नो जीवानयापन गर्न आवश्यक पर्ने न्यूनतम आय प्राप्त गरेको छ की छैन भनी हेरिन्छ । अर्थात् स्रोतमा पहुँचको स्थितिलाई हेरिन्छ र खर्च गर्ने क्षमतालाई हेरिन्छ । विश्व बैंकले दैनिक प्रतिव्यक्ति १ डलरभन्दा कम आय हुने मानिसलाई गरिबीको रेखामुनि रहेको भनी पहिचान गरेको छ । शिक्षा, स्वास्थ्य,जस्ता सामाजिक विकासको क्षेत्रमा पहुँच नभएका र वञ्चितिकरणमा परेका मानिसहरुलाई मानवीय गरिबीको सूचिमा राखिन्छ । साक्षरता, औषत आयु, शासन व्यवस्थामा सहभागिता, सुरक्षा जस्ता पक्षलाई यसभित्र समावेश गरी न्यूनतम मापदण्ड र आधारभूत जीवन यापन गर्न नसक्ने वर्गलाई गरिबीको रेखामुनि रहेको भनी चित्रण गरिन्छ (अधिकारी र साथिहरु २०७०) ।

सापेक्ष गरिबी भन्नाले अरुसँग तुलना गर्दा देखिने गरिबी र विपन्नतालाई वुझाउदछ । तुलनात्मक रुपले हेर्दा आर्थिक रुपमा कमजोर भएको व्यक्ति वा समूहलाई दाजेर हेर्दा गरिबी देखिन्छ भने अर्को व्यक्ति वा समूहसँग तुलना गर्दा धनी देखिन सक्छ । यसर्थ सापेक्ष गरिबी जुनसुकै देशमा (विकासित, विकाशोन्मुख) पनि देखिन्छ । सापेक्ष गरिबीलाई कहिलेपनि निराकरण गर्न सकिदैन । नेपाल विश्वका गरिब राष्ट्रहरुमध्ये एक गरिब राष्ट्र हो । नेपालको कुल जनसंख्याको ठुलो हिस्सा हालपनि गरिबीको रेखामुनि रहेको छ । विगतमा नेपाल जस्तै गरिबीको अवस्थामा रहेका राष्ट्रहरु हाल गरिबीको अवस्था निकै घटाउन सफल भएका छन् । तर नेपालको गरिबीको अवस्थामा उल्लेखनीय कमी ल्याउन सकिएको छैन र वरु गरिबी वढेर अझ ठुला-ठुला समस्याहरु सिर्जना भएका छन् । विद्यामान गरिबी आर्थिक सामाजिक वाधकको रुपमा देखा परेको छ (लुइटेल र साथीहरु २०६६) ।

वार्षिक प्रतिव्यक्ति आय रु. १९२६१ लाई गरिबीको आधार मान्दा नेपालमा २५.१६ प्रतिशत मानिस गरिबीको रेखामुनि रहेका छन् । तेह्रौ योजना अनुसार नेपालमा गरिबीको रेखामुनि रहेको जनसंख्या २३.८ प्रतिशत रहेको र यसलाई १८ प्रतिशतमा झार्ने लक्ष्य रहेको छ । त्यस्तै गरिबीको रेखामुनि रहेकामध्ये २४.४ प्रतिशतको मात्र प्राथमिक शिक्षामा पहुँच रहेको छ । २०.८ प्रतिशतको माध्यमिक स्तरको शिक्षामा र १७.९ प्रतिशतको उच्च शिक्षामा पहुंच

रहेको छ । त्यसैगरी गरिबीको रेखामुनिका १५.६ प्रतिशत जनताले मात्र सरकारी अस्पतालको सेवामा पहुँच राख्दछन् भने १५.३ प्रतिशतको कृषि केन्द्रहरूमा पहुँच रहेको अवस्था छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६९) ।

विगत १७ वर्षको अवधिमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या घटे तापनि शहरी तथा ग्रामीण एवं विभिन्न भौगोलिक क्षेत्र र समूहहरूबीचको भिन्नता अझ पनि निकै ठूलो रूपमा देखिएको छ । आर्थिक वर्ष २०६६/६७ मा शहरी गरिबी १५.५ प्रतिशत र ग्रामीण गरिबी २७.४ प्रतिशत रहेको छ । भौगोलिक क्षेत्रका आधारमा हिमाली क्षेत्रको गरिबी ४२.३ प्रतिशत, तराई क्षेत्रको गरिबी २३.४ प्रतिशत र पहाडी क्षेत्रको गरिबी २४.३ प्रतिशत रहेको छ । त्यसैगरी तराईमा भएको अवसरहरूको वृद्धि, तराईमा भैरहेको शहरीकरण जस्ता कारणले यस क्षेत्रको गरिबी घटाउन मद्दत पुर्‍याएको छ भने हिमाली क्षेत्रवाट क्रमिक रूपमा बढ्दै गएको आन्तरिक आप्रवास, हिमाली क्षेत्रमा पर्यटन, जडीबुटी संकलनजस्ता आर्थिक क्रियाकलापमा भएको वृद्धिले यस क्षेत्रको गरिबी घटाउन प्रमुख भूमिका खेलेका छन् । पहाडी क्षेत्रको गरिबी कम मात्र घट्नुको कारणमा आन्तरिक बसाईं सराईंको चाप बढ्नुका अतिरिक्त विगतको द्वन्द्वको सबैभन्दा ठूलो असरलाई लिन सकिन्छ (राष्ट्रिय योजना आयोग, २०७१) ।

गरिबी भन्ने शव्दको साधारण अर्थ नै निर्धनता हो । गरिबी शव्दले आर्थिक, सामाजिक, राजनैतिक, सामाजिक मानसिक आदि क्षेत्रहरुमा आ-आपनो प्रकारको अर्थ जाहेर गर्दछ । आर्थिक रुपमा गरिब भन्नाले साधन स्रोत र आर्थिक हैसियत ज्यादा तल रहेको अर्थ लाग्दछ । सामाजिक रुपमा गरिब भन्नाले पुरातन, रुढीग्रस्त तथा समाजलाई पछाडी धकेल्न मद्धत गर्ने जस्तै किसिमको अर्थ लागिरहेको हुन्छ । राजनैतिक रुपमा गरिब शब्दले राजनैतिक संस्कारहीन समयानुकुल चल्न  नसक्ने प्रकारको अर्थ लाग्छ । त्यसैगरी मानसिक रुपमा मात्र विवेकहीन व्यक्तिलाई हामी मानसिक गरिब भन्दछौं । अर्थात् गरिब भन्नाले जे जताबाट अर्थ लगाउदा पनि कमजोर, दुर्वल, पछाडी पारिएको, अनेकौं पुरातन संस्कारहरु ग्रस्त व्यक्ति इंगित भईरहेको हुन्छ । गरिबी शब्दले गरिबको विशेषता अर्थात् प्रतिबिम्ब प्रस्तुत गर्ने हुँदा गरिब भन्नाले व्यक्ति र गरिबी भन्नाले निजका विशेषताहरु वुझ्नुपर्दछ । आर्थिक गरिबीले अन्य सम्पूर्ण क्षेत्रको गरिबी निम्त्याउने हुँदा गरिबीलाई आर्थिक क्षेत्रमा नै सीमित राख्न पनि सकिन्छ । आर्थिक रुपले गरिब र कंगाल समाज, अर्थतन्त्र, समुदाय,

निश्चय पनि सामाजिक, राजनैतिक तथा मानसिक रुपमासमेत गरिब र कंगाल नै हुन्छ (हाडा, २०६८) ।

गरिबिीलाई कसरी परिभाषित गर्ने भन्ने प्रश्नमा एकै प्रकारको व्याख्या गरिएको छैन तर प्राय जसो देशहरुले गरिबीको मापदण्ड न्युनतम आधारभुत आवश्यकता पूरागर्न सक्ने क्षमतालाई दिएको पाइन्छ । गरिबहरुमा न्युनतम अधारभुत आवश्यकता पुरा गर्न सक्ने क्षमता हुदैन । गरिबीको व्याख्या गरिने मुल आधार न्यूनतम जीवनस्तरसँग सम्बन्धित हुन्छ तर न्यूनतम जीवनस्तर हरेक देशमा भिन्नभिन्न किसिमको हुन्छ । अमेरिका, जापान, वेलायत, जस्ता विकसित देशहरुमा न्यूनतम जीवनस्तरको लागि मोटरकार अनवश्यक हुन्छ भने नेपाल जस्तो देशमा मोटरकार व्यक्तिगत रुपमा प्रयोग गर्नेको जीवनस्तर उच्च रहेको मानिन्छ । तसर्थ जीवनस्तर आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनैतिक संरचना अनुसार भिन्न भिन्न किसिमको हुने गर्दछ (घिमिरे र कार्की, २०६२) ।

साधारण अर्थमा धन सम्पत्ति नहुनु भनेको गरिब हुनु हो भन्ने बुझिन्छ । यसरी नै राम्रो कपडा लगाउन नसक्ने, पेटभरी खान नपाउने, स्कूल पढ्न नसक्ने, औषधी किन्न नसकी उपचार नपाउने हैसियत भएको व्यक्तिलाई पनि गरिब व्यक्ति भनिन्छ । निर्धन, कङ्गाल, सुदामा, तन्नम, दरिद्र, विपन्न दुःखी जस्ता शब्दहरु गरिब शब्दका पर्यायवाची शब्द हुन् । जसले जीवन धान्न आवश्यक पर्ने कुराहरु उपलब्ध नभएकाहरुलाई संकेत गर्दछ । न्यून आय, कुपोषण, सामाजिक सेवामा न्यून पहुँच जस्ता पक्ष गरिबीका विशेषता नै हुन् । विकसित वा विकासोन्मुख दुवै प्रकारका मुलुकहरुका लागि गरिबी ठुलो शत्रु नै हो (कटुवाल, २०६९) ।

आर्थिक र सामाजिक आयामहरुको अतिरिक्त आधारभुत मानव हक अधिकारहरुलाई प्रवर्धन गनुपर्ने मान्यतामा राजनीतिक पक्षसँग सम्बन्धित अर्को नयाँ आयाम पनि गरिबी विश्लेषण थपिएको छ । शान्तिपूर्वक र सुरक्षित अनुभुतिका साथ बाँच्न नपाउने अवस्था, अवसरहरुको उपभोग गर्न नसकिने अवस्था, छनोटको अनुपलब्धता, स्वतन्त्रता, आत्मासम्मान र प्रतिष्ठापूर्ण रुपमा बाँच्न नपाउने र सामाजिक विभेदीकरण, वहिष्कारको विद्यमानता सदैव

सीमान्त रुपमा बाँच्नुपर्ने वाध्यता आदि सबैले नागरिक हक अधिकारको अभावको संज्ञा दिने हुदाँ यस प्रकारको गरिबी कहाली लाग्दो हुन्छ । तसर्थ राजनीतिक पक्षसँग सम्वन्धित गरिबी नहटेसम्म सामाजिक र आर्थिक पक्षको गरिबीबाट कदापी मुक्त हुन नसकिने स्वयंसिद्ध तथ्य

भएकाले आर्थिक, सामाजिक र राजनीतिक गरिबी उन्मुक्त समाजको सिर्जना गर्नु आजको अहम सवाल भएको छ (डाँगी, २०६६) ।

शहरी गरिबी निराशा र अन्त्यहिन गरिबीको तरङ्गले जकडिएको बहुआयामिक हुन्छ । यो व्यक्ति र समाजको दिमाग र आत्मामा विद्यमान रहेको हुन्छ । मानवीय सम्बन्धलाई तोड्ने गैर न्यायिक रुपमा अस्तित्वमा रहेको, अर्थपूर्ण सहभागिताबाट बञ्चित गर्ने खालको हुन्छ । विश्वबैङ्कले तीन दशकभन्दा बढी गरिबीको परिभाषा यस प्रकार दिएको थियो 'गरिबी भनेको शक्तिमा पहुँचको अभाव हो । त्यसैगरी पाश्चात्य परिभाषा अनुसार गरिबी भनेको भौतिक स्रोत साधनको अभाव वा न्यूनता हो । कृश्चियन धर्मले पनि गरिबी भनेको भड्कीएको आत्मा हो । यो दु:ख र राक्षसी गतिविधी हो । यसरी दोस्रो विश्वयुद्ध पछि दशकौं सम्म गरिबीलाई विभिन्न दृष्टिकोणबाट परिभाषित गरिन्थ्यो । विश्ववैङ्कले शहस्राव्दी विकास लक्ष्यमा गरिबीको परिभाषा फरक ढंगले दिएको छ । यो परिभाषा आउनुभन्दा अघि धेरै विज्ञहरुले गरिबी सम्बन्धी ६० हाजार भन्दा वढी न्यून आय भएका मानिसलाई गरिबी भनेको के हो ? भनेर सोधेका थिए । त्यसबाट प्राप्त परिणामलाई तीन अंकमा क्रमश: प्रकाशित गर्ने काम भयो । जुन 'गरिबीको आवाजहरु' भनेर उल्लेख गरिएको छ । यसमा 'गरिबी भनेको लज्जा, दुर्वलता, शक्ति हिनता, त्रास, समस्याग्रस्तता, हिनताबोध, निराश पन, अपसाद, सामजिक एक्लोपना, आवाज विहिनता, अवसरवाट वञ्चित र वास्तविक छनोटको अभाव नै गरिकी हो भनेर परिभाषित गरिएको छ (Mosaico, 2011) ।

नेपाल सरकारले नेपाल भित्रको कम्तिमा २० हजार जनसंख्या भएको र विजुली, सडक, खानेपानी र संञ्चार व्यवस्था भएको कुनै क्षेत्रलाई चार किल्ला खोली नगर क्षेत्र तोक्न सक्ने छ । तर नेपाल सरकारले पहाडी र हिमाली क्षेत्रको कम्तिमा १० हजार जनसंख्या भएको र यातायात, विजुली, खानेपानी र सञ्चारको व्यवस्था भएको कुनै क्षेत्रलाई चार किल्ला खोली नगर क्षेत्र तोक्न सक्नेछ । नगर क्षेत्र भित्रको पायक पर्ने स्थानलाई सो क्षेत्रको केन्द्र तोक्न सक्नेछ । उक्त केन्द्रमा नगरस्तरीय सबै कार्यलयहरु रहेने छन् । तोकिएको नगर क्षेत्रलाई नेपाल सरकारले भौगोलिक अवस्थालाई समेत ध्यान दिई यथा सम्भव बराबर जनसंख्या पर्ने गरी कम्तिमा ९ वडामा विभाजन गर्ने छ । यसरी घोषणा गरिएको नगरपालिकाको न्यूनतम ५० लाख रुपयाँ बार्षिक आय स्रोत र न्यूनतम शहरी सुविधा भएको अर्ध शहरी क्षेत्र हुनपर्नेछ । तर पहाडी र हिमाली क्षेत्रमा सडक सुविधा नभए तापनि न्यूनतम ५ लाख रुपयाँ वार्षिक आयस्रोत भए पुग्ने छ (नेपाल सरकार, २०७२) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

गरिबी एउटा बहुआयमिक र जटिल समस्याको रुपमा रहेको छ । गरिबी भौतिक आवश्यकताको पूर्ति हुन नसकेको अवस्था, सामाजिक हिनताबोध, शारीरिक हिनताबोध, जोखिम, शक्तिहिनता, आत्माग्लानीले ग्रस्त अवस्था हो । समयको परिवर्तन सँगै मानिस, समाज र देशका आवश्यकताहरु परिवर्तन हुदै जान्छन् । उद्योगधन्दा, कलकारखाना, मेसिन औजार, प्रविधिको विकास हुदैजादा जुन ठाँउमा यी कार्यको विकास भयो ती ठाँउहरु शहरमा परिणत भए भने यी कार्यहरुको विकास हुन नसकेका स्थानहरु ग्रामिण नै रहन पुगे । शहरी क्षेत्रमा विकासका विभिन्न स्रोत र साधनहरु, आधुनिक प्रविधि सहजै उपलब्ध भए तापनि केही सिमित व्यक्तिको मात्र यसमा पहुँच भएकाले तिनै व्यक्तिहरु मात्र धनी वन्न सके भने पहुँच नपुग्ने व्यक्तिहरु गरिबीको रेखामुनि नै रहेका छन् । अर्कोतर्फ समयको परिवर्तन सँगै ग्रामीण क्षेत्रमा पनि स्रोत साधन मानवीय शक्ति तथा पुरानो प्रविधिको प्रयोग गरी सीमित व्यक्तिहरु धनी वन्न पुगे भने स्रोत साधनमा पहुँच नपुग्ने व्यक्तिहरु गरिबीको रेखामुनि नै रहेका छन् ।

नेपाल जीवनस्तर सर्वेक्षण २०६६/६७ अनुसार रु. १९२६१ लाई गरिबीको आधार मान्दा नेपालमा २५.१६ प्रतिशत मानिसहरु गरिबीको रेखामुनि रहेका छन । जसमा शहरी क्षेत्रमा १५.५ प्रतिशत र ग्रामिण क्षेत्रमा २७.४ प्रतिशत जनताहरु गरिबीको रेखामुनि रहेका छन् ।

नेपालमा गरिबी निवारणका लागि विभिन्न संघ संस्थाहरुले औपचारिक तथा अनौपचारिक रुपमा कार्य संचालन गर्दै आएको पाइन्छ । औपचारिक रुपमा ग्रामीण विकासका कार्यक्रमहरु २००७ सालपछि मात्र हुन थालेको पाइए तापनि प्रथम पञ्च वर्षीय योजना देखि गरिबीलाई विशेष रुपमा लिइएको पाइन्छ । गरिबी निवारणका विभिन्न कार्यक्रमहरु आए तापनि प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेके छैनन् । नेपालमा विभिन्न योजनाहरु र विभिन्न संघ संस्थाले ग्रामीण गारिबी न्यूनिकरणका कार्यक्रमहरु ल्याए तापनि शहरी गरिबीलाई ध्यान दिन सकेका छैनन् । त्यसैले शहरी गरिबी पनि एक समस्याको रुपमा रहेको छ । ग्रामिण क्षेत्रबाट विभिन्न सेवा सुविधा र अवसरको खोजिमा मानिसहरु शहर तिर बसाई सर्ने भएकोले शहरमा पनि गरिबी बढ्दो क्रममा रहेको छ ।

नेपाल एक भौगोलिक विविधतायुक्त देश भएकोले हावा पानीमा पनि विविधता पाइन्छ । हावा पानीमा भएको विविधतासँगै यहाँको कृषि बालीमा पनि विविधता रहेको पाइन्छ ।

त्यसैगरी भौगोलिक क्षेत्रअनुसार फरक फरक जातजाती र समुदायका मानिसहरुको बसोबास रहेको छ । देशमा उपलब्ध आर्थिक, सामाजिक, राजनैतिक तथा भौतिक सेवा सुविधा र पहुँचको उपलब्धतालाई अध्ययन गर्दा देशलाई शहर र ग्रामीण गरी दुईवटा भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । एकातिर विभिन्न सेवा सुविधाहरु तथा पहुँचको उपलब्धता बढी भएको शहरी क्षेत्र छ भने अर्कोतिर विभिन्न सेवा सुविधा तथा पहुँचको अभाव भएको ग्रामीण क्षेत्र रहेको छ । ग्रामिण क्षेत्रका अधिकांश मनिसहरु कृषि पेशा अवलम्बन गर्न वाध्य छन् भने कृषिमा अल्प तथा अदृष्य वेरोजगारी, आर्थिक पछौटेपन, औधोगिक पछौटेपन, आर्थिक विपन्नता, न्यून साक्षरता तथा आर्थिक असमानता जस्ता समस्या भएता पनि शहरी क्षेत्र पनि यी समस्याहरुबाट मुक्त रहन सकेको छैन । ग्रामिण तथा शहरी दुबै क्षेत्रमा गरिबी व्याप्त रहेकोले नेपालको आर्थिक विकासमा यो चुनौतीको रुपमा रहेको छ ।

विकासका दृष्टिले पछाडी परेको देश नेपालको विकासका लागि मिश्रित अर्थव्यवस्था मार्फत सरकार र नीजि क्षेत्र दुवैको सहभागितामा विकासका कार्यक्रमहरु अगाडी बढाउन विभिन्न रणनीतिहरु सहीत प्रयास गर्दै आएको पाइन्छ । ग्रामिण क्षेत्रमा गरिब लक्षित कार्यक्रमहरु सरकारी तथा गैर सरकारी स्तरबाट सञ्चालन हुँदै आए पनि शहरी क्षेत्रमा यस्ता कार्यत्तक्रमहरु पुग्न सकेका छैनन् । बदलिदो राजनीतिक परिवेशअनुसार पछिल्लो समय नगरपलिकाहरुको संख्या बृद्धि भएसँगै शहरी गरिबी बढ्दै जानुका साथै शहरी क्षेत्रमा असमानताको खाडल पनि बढ्दो छ । जसले आर्थिक विकासमा ठूलो चुनौति खडा गरेको छ । पूँजि निमार्णका लागि बचतको दरमा बृद्धि गरी बचतलाई लगानीमा रुपान्तरण गर्नुपर्दछ । लगानीमा भएको बृद्धिका कारण केही रोजगारीका अवसरहरु सिर्जना भई गरिबी न्यूनिकरण भए तापनि लगानीबाट प्राप्त प्रतिफलको ठूलो हिस्सा नाफाका रुपमा लगानीकर्ता वा धनी वर्ग मानै पुग्ने गर्दछ । जसले असमानतालाई बढवा दिन्छ ।

श्रम, सीप, जोश जाँगर तथा क्षमता भएर पनि आर्थिक अभावका कारण ठोस पेशा, व्यवसाय सञ्चालन गर्न तथा रोजगारी प्राप्त गर्न नसकी त्यसै बसिरहेका जनाताहरुलाई सर्वसुलभ तरिकाले ऋण उपलब्ध गराई गरिबी न्यूनिकरणमा नेपाल सरकार तथा अन्य सम्बन्धीत पक्ष लाग्नुपर्ने देखिन्छ । व्यवसायिक कर्जा प्रवाहबाट गरिब जनताको जीवनस्तर र जनचेनाको स्तर बृद्धि हुनका साथै आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रको विकासमा समेत टेवा पुग्ने देखिन्छ । त्यसैले नेपाल सरकार, स्थानीय सरकारी तथा गैर सरकारी

संस्थाहरुले सम्बन्धीत क्षेत्रको गरिबी निवारणमा तथा आर्थिक विकासमा पुऱ्याएको योगदानको अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

## **१.३ अध्ययनको उद्देश्य (Objectives of the Study)**

यस अध्ययनको साधारण उद्देश्य म्याङ्गलुङ्ग नगरपालिकाको गरिबीको आर्थिक तथा शैक्षिक अवस्थाको अध्ययन गर्नु हो भने विशिष्ट उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

(क) शहरी गरिब परिवारको आर्थिक अवस्था पत्ता लगाउनु ।

(ख) शहरी गरिबीले पारिवारीक शैक्षिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्नु ।

(ग) शहरी गरिबीका कारणहरु पत्ता लगाउनु ।

## **१.४ अनुसन्धान प्रश्न (Research Question)**

यस अध्ययनमा तेह्रथुम जिल्ला म्यङ्गलुङ्ग न.पा. वडा नं. १ र २ मा बसोबास गर्ने घरपरिवारको आम्दानी, खर्च, बचत, पेशालाई मात्र आधार बनाइने छ । साथै साक्षरता, एस.एल.सी.भन्दा कम, एस.एल.सी. गर्ने, प्रमाण पत्र तह पुरा गर्ने तथा स्नातक र सोभन्दा माथि अध्ययन गर्ने व्यक्तिको प्रीशितलाई आधार मानी निम्न प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ :

१. नमूना छनोटमा परेका घरपरिवारको आर्थिक अवस्था के कस्तो रहेको छ ?

२. घरपरिवारको वार्षिक आम्दानीका स्रोतहरु के के हुन ?

३. के घरपरिवारको शैक्षिक अवस्था राम्रो छ ?

४. के नमूना छनोटमा परेका प्रत्येक घरपरिवारको पेशा उपयुक्त छ ?

५. के आम्दानी, खर्च र बचतको अवस्था सन्तुलित छ ?

६. परिवारका सबै सदस्यहरु साक्षर छन् ?

७. गरिबीका कारणहरु के के हुनसक्छन् ?

८. के गरिबीले परिवारको शैक्षिक क्षेत्रमा पत्यक्ष प्रभाव परेको छ ?

९. गरिबी न्यूनिकरण गर्न के कस्ता उपायहरु अपनाउनुपर्ला ?

## १.५ अध्ययनको औचित्य (Significance of the Study)

नेपाल एउटा भौगालिक, जातीय तथा भाषागत विविधतायुक्त देश हो । विविधतायुक्त देश भएकोले त्यहाँका मानिसले अवलम्बन गर्ने पेशा, व्यवसयमा पनि विविधता पाइन्छ । आर्थिक, सामाजिक, भौतिक तथा राजैतिक सेवा सुविधा तथा पहुँचको उपलब्धताका आधारमा अध्ययन गर्दा नेपाललाई प्रमुख रुपमा ग्रामीण र शहरी क्षेत्र गरी दुई भागमा विभाजन गर्न सकिन्छ । एर्कातिर ग्रामीण क्षेत्रमा विभिन्न सेवा सुविधा तथा पहुँचमा कमी हुनका साथै पूँजी र प्रविधिमा भएको अभावका कारण गरिबी न्यूनिकरण हुन सकेको छैन भने अकोतिर शहरी क्षेत्रमा विभिन्न सेवा सुविधाहरुको खोजीमा ग्राणि क्षेत्रबाट शहर पस्ने जनसंख्या छदैछ । यसका अलावा सरकारले विकाशोन्मुख ग्रामीण क्षेत्रलाई नगरपालिका घोषणा गरेसँगै शहरी गरिबीसमेत बढ्दो छ । आधारभूत सेवा सुविधाहरु तथा भौतिक संरचनाहरु नभएको क्षेत्रलाई समेत नगरपालिका घोषणा गर्नाले शहरी गरिबी पनि बढिरहेको छ । स्थानीय प्रशासनीक सेवा सुविधा लिन घण्टौं सम्म पैदल हिड्नुपर्ने, शिक्षा, स्वास्थ्य, यातायात, विधुत, संञ्चार जस्ता सेवाहरुमा पहुँच नपुग्नुले पनि गरिबीलाई दर्शाउछ । त्यसैले गरिबी न्यूनिकरणमा संबद्ध सबै पक्षको ध्यान जान सकोस् भन्ने अभिप्रायले यो शीर्षक चयन गरिएको छ ।

यस अध्ययनमा शहरी गरिब परिवारको आर्थिक अवस्था पत्ता लगाई गरिबीका कारणहरुको खोजी गर्नु, आम्दानीका स्रोतहरु के के रहेका छन् ? खर्चको प्रबृत्ति कस्तो छ ? वचतको अवस्था कस्तो छ ? गरिब परिवारको शैक्षिक अवस्था कस्तो छ ? भन्नेकुराको जानकारी मिल्ने साथै गरिबी न्यनिकरणका उपायहरुको खोजी गरिने हुनाले गरिबहरुलाई आर्थिक अवस्था सुधार गर्न सहयोग पुग्ने विश्वास लिएको छु ।

यस अध्ययनले तेह्रथुम जिल्ला तथा म्याङ्गलुङ्ग नगरपालिकाको भौगोलिक स्वरुप, हावा पानी, जनसंख्या, शैक्षिक स्थिती, जातीयताको अवस्था तथा भैतिक पूर्वाधारहरुको अवस्था आदिका बारेमा समेत अध्ययन गर्ने भएकोले अधययन क्षेत्रलाई थप परिचित गराउन पनि सहयोग पुग्ने विश्वास लिएको छु । यस अध्ययनले गरिबीसम्बन्धी अध्ययन गर्न चाहने व्यक्तिहरु, निकायहरु, सरकारी निकायहरु नीति निर्माणकर्ताहरुका साथै यस विषयसँग सम्बन्धित थप अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धानकर्तालाई आधार प्रदान गर्नेछ । साथै गरिबी निवारणका लागि काम गरिरहेका गैर सरकारी संघसस्थाहरुलाई कार्यक्रम र स्थान चयन

गर्न सहयोग पुग्दछ । समग्रमा यस अध्ययनको औचित्यलाई निम्न बुदाहरुबाट पनि प्रष्ट्याउन सकिन्छ ।

१. यस अध्ययनले शहरी गरिबीको आर्थिक अवस्था छर्लङ्ग पार्नेछ ।

२. शहरी गरिबहरुको आम्दानीका स्रोतहरु, खर्चको प्रबृत्ति र बचतको अवास्थाको बारेमा जानकारी दिन्छ ।

३. सरकारी तथा गैरसरकारी स्तरबाट गरिबी निवारणसँग सम्बन्धीत नीति निर्माणकर्तालाई नीति निर्माण गर्न सहयोग प्रदान गर्दछ ।

४. गरिबीको बारेमा जनकारी लिन चाहने सम्पूर्ण सरोकारवाला पक्षलाई आधार प्रदान गर्दछ ।

५. गरिबीबारे अनुसन्धान गर्न चाहने नयाँ शोधकर्तालाई आधार प्रदान गर्दछ ।

६. यस अध्ययनले अर्थशास्त्र शिक्षा विभागलाई शैक्षिक सामग्रीको रुपमा सहयोग गर्दछ ।

७. गरिबी न्यूनीकरणका लागि काम गर्ने संघसंस्थाहरुलाई गरिबी न्यूनीकरणका सुझावहरु प्रस्तुत गरी आधार प्रदान गर्दछ ।

### १.६ अध्ययनको परिसीमाहरु (Delimitations of the Study)

यस अध्ययनलाई प्रभावकारी यथार्थपरक र औचित्यपूर्ण बनाउनका लागि तथा समय, अर्थ र लागतका सीमितताका कारण निश्चित सीमाभित्र सीमावद्ध गरिएको छ । यस अध्ययका परिसीमाहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. यो अध्ययन म्याङ्गलुङ्ग नगरपालिका वडा नं. १ र २  मा मात्र केन्द्रीत रहेको छ ।

२. यस अध्ययनमा आर्थिक र शैक्षिक अवस्थाको मात्र अध्ययन गरिएको छ ।

३. आर्थिक अवस्थाको विश्लेषण गर्न आम्दानी, खर्च, बचत, पेशालाई मात्र आधार बनाइएको छ ।

४. शैक्षिक अवस्थाको अध्ययन गर्न निराक्षरता, एस.एल.सी.भन्दा कम, एस.एल. सी.गर्ने, प्रमाण पत्र तह पुरा गर्ने तथा स्नातक र सोभन्दा माथि उपाधि हासिल गरेको प्रतिशतलाई आधार बनाइएको छ ।

५. यो अध्ययन शहरी गरिबीले परिवारिक शैक्षिक क्षेत्रमा पारेको प्रभावको विश्लेषणमा आधारित छ ।

६. शैक्षिक अवथाको अध्ययन गर्न निरक्षरता, एस.एल.सी.भन्दा कम, एस.एल.सी, प्रविणता प्रमाणपत्र तह, स्नातक र सो भन्दा माथिको उपाधि हासिल गरेको प्रतिशतलाई आधार बनाइएको छ ।

७. यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त जानकारी मात्र समावेश गरिएको छ ।

८. यस अध्ययनमा तथ्याङ्क संकलनका लागि प्रश्नावली, अवलोकन, अन्तर्वार्ता जस्ता साधन तथा प्रविधिहरुको प्रयोग गरिएको छ ।

९. यस अध्ययनमा आर्थिक र शैक्षिक क्षेत्रसंग सम्बन्धित तथ्याङ्कमात्र समावेश गरिएको छ ।

१०. यस अध्ययनबाट प्राप्त निष्कर्षलाई सम्पूर्ण क्षेत्रमा सामान्यीकरण गर्न सकिने छैन ।

### १.७ मूख्य शब्दावलीको परिभाषा (Definition of the Keyterms)

यस अध्ययनमा प्रयोग भएका मुख्य शब्दावलीको परिभाषा निम्नानुसार रहेको छ :

**गरिबी** : आधारभुत आवश्यकताहरु पूरा गर्न नसकेको अवस्था ।

**अन्तर्वार्ता** : दुई वा दुई भन्दा बढी व्यक्तिहरु बिच आम्ने-साम्ने बसेर गरिने कुराकानी ।

**जनसंख्या** : अनुसन्धानकर्ताले अनुसन्धानका लागि छनौट गरिएका सम्पूर्ण मानिसको समूह ।

**नमूना** : ठुलो जनसंख्याबाट छनौट गरिएको प्रतिनिधिमूलक समूह ।

**नमूना छनोट** : ठुलो समूहबाट केही एकाईहरु छनौट गर्ने प्रक्रिया ।

**प्रत्यक्ष अवलोकन** : अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा गई गरिएको अवलोकन ।

**ग्रामीण** : भौतिक पूर्वाधार, सेवा सुविधा तथा पहुँचको उपलब्धता नपुगेको दुर्गम क्षेत्र ।

**शहर** : यस अध्ययनमा शहर भन्नाले नगरपालिकालाई बुझाउछ ।

**वेरोजगारी** : आय आर्जन गर्ने कुनै पनि कामका अभावमा खाली समय बिताउनुपर्ने बाध्यात्मक अवस्था ।

**सक्रिय जनसंख्या** : १५ देखि ५९ वर्ष उमेर समुहको आय आर्जन गर्नसक्ने मानिसको समुह ।

**निरक्षर** : साधारण लेखपढ गर्न नजान्ने अवस्था ।

## १.८ अध्ययनको संगठन (Organization of the Study )

यस अध्ययनलाई पाँच अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा परिचय, अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्व, अध्ययनको उद्देश्य, अनुसन्धान प्रश्न, अध्ययनको सीमा, मुख्य शब्दावलीको परिभाषा र अध्ययनको संगठन राखिएको छ । अध्याय दुईमा सैद्धान्तिक साहित्यको पुनरावलोकन, अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, पूर्व साहित्यको समिक्षा, अनुसन्धानको अन्तर, अध्ययनको सैद्धान्तिक ढाँचा र अध्ययनको कार्यात्मक ढाँचा राखिएको छ । अध्याय तिनमा अध्ययनविधि र प्रक्रिया, अनुसन्धान ढाँचा, तथ्यांक संकलनका स्रोतहरु, जनसंख्या, नमूना र नमूना छनौट विधि, अध्ययन क्षेत्रको परिचय, तथ्यांक संकलनका साधनहरु, तथ्यांक संकलनका तरिकाहरु, तथ्यांक विश्लेषण तरिका र नैतिक पक्ष राखिएको छ । अध्याय चारमा तथ्यांकको व्याख्या र विश्लेषण गरिएको छ । अध्याय पाँचमा सारांश, निष्कर्ष र सुझाव राखिएको छ ।

# अध्याय दुई

## CHAPTER TWO

## २. सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा (REVIEW OF RELATED LITERATURE AND THEORETICAL FRAMEWORK)

यस अध्ययनमा नगरपालिकाको गरिबीको आर्थिक तथा शैक्षिक क्षेत्रसँग सम्बकन्धि प्रकाशित तथा अप्रकाशित लेख, रचना, पुस्तक तथा सम्बन्धित अनुसन्धान साहित्यको पुनरावलोकन गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of the Theoretical Literature )

ADB, (1991) का अनुसार गरिबीलाई अभावको विषयको रुपमा व्याख्या गरिएको छ । (Poverty is described as a matter of deprivation) सोही प्रतिवेदनको विवेचनामा Rowntree ले यो कुरा उल्लेख गरेका थिए कि प्राथमिक गरिबी सिवाय भौतिक सक्षमता कायम राख्नका निम्ति न्यूनतम आवश्यकता परिपूर्ति गर्ने दृष्टिमा अपर्याप्त आय हुनुलाई गरिबीको रुपमा औंल्याएको पाइन्छ ।

केन्द्रीय तथ्याङ्क विभाग, (२०६९) का अनुसार नेपाल जीवनस्तर मापन सर्वेक्षण २०६६/६७ ले नेपालमा प्रतिव्यक्ति प्रतिबर्ष रु १९ हजार २ सय ६१ को आम्दानीलाई गरिबीको रेखा मानेको छ र सो आधारमा कुल जनसंख्याको २५.१६ प्रतिशत गरिबीको रेखामुनि रहेको छ ।

राष्ट्रिय योजना आयोग, (२०७०) तेह्रौ योजना अनुसार यस योजनाले समष्टिगत आर्थिक वृद्धि दर वार्षिक औसत ५.५ प्रतिशत प्रक्षेपण गरेको थियो । यस अन्तर्गत कृषि क्षेत्रको वृद्धि दर ३.९ प्रतिशत र गैर कृषि क्षेत्रको वृद्धि दर ६.४ प्रतिशत हुने अनुमान थियो तर योजना अवधिमा समष्टिगत आर्थिक वृद्धि दर आधारभूत मूल्यमा वार्षिक औसत ४.० प्रतिशत मात्र भयो । यसमध्ये कृषि क्षेत्रतर्फ ३.४ प्रतिशत र गैरकृषितर्फ ४.२ प्रतिशत वृद्धि भएको छ । साथै नेपालमा विगत २० वर्षको अवधिमा गरिबीको रेखामुनि रहेको जनसंख्याको अनुपात ४२ प्रतिशतबाट २३.८ प्रतिशतमा झरेको छ । त्यस्तै गरिबीको रेखामुनि रहेको जनसंख्या २३.८ प्रतिशत रहेको र यसलाई १८ प्रतिशतमा झार्ने लक्ष्य रहेको छ । त्यस्तै गरिबीको रेखामुनि रहेकामध्ये २४.४ प्रतिशतको मात्र प्राथमिक शिक्षामा पहुँच रहेको छ । २०.८ प्रतिशतको माध्यमिक स्तरको शिक्षामा र १७.९ प्रतिशतको उच्च शिक्षामा पहुंच रहेको छ ।

त्यसैगरी गरिबीको रेखामुनिका १५.६ प्रतिशत जनताले मात्र सरकारी अस्पतालको सेवामा पहुँच राख्दछन् भने १५.३ प्रतिशतको कृषि केन्द्रहरूमा पहुँच रहेको अवस्था छ ।

राष्ट्रिय योजना आयोग, (२०७३) चौधौं योजनाको आधारपत्र अनुसार यस योजनाले मुलुकमा करिब छ दशकदेखिको योजनाबद्ध विकासको अभ्यास एवम् नवौं योजनादेखि गरिबी निवारणलाई एकमात्र मूल उद्देश्यको रूपमा विकास योजनाको केन्द्रमा राखी गरिएका विभिन्न प्रयासहरूबाट गरिबी न्यूनीकरणको दिशामा ठोस प्रगति भएको छ । गरिबी निवारण गर्ने सरकारको प्रमुख दायित्व भए पनि यो एक अन्तरसम्बन्धित विषय भएकोले यसका लागि सरकारका प्रत्येक अङ्गहरूको भूमिका अपरिहार्य हुन्छ । विगत १७ वर्षको अवधिमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या घटेको देखिए तापनि सहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र सामाजिक समूहबीचको खाडल अझै पनि उच्च रहेको देखिन्छ । तर विशेषगरी महिला, आदिवासी, अल्पसङ्ख्यक तथा दुर्गम ग्रामीण क्षेत्रमा बस्ने आम नागरिकहरूमा गरिबीको गहनता बढी भएको हुँदा गरिबी निवारणका प्रयासहरूमा यिनको अर्थपूर्ण सहभागिता आजको टड्कारो आवश्यकता देखिन्छ । यसर्थ गरिबी न्यूनीकरण प्रयासलाई निरन्तरता दिँदै गरिब र धनीबीचको असमानता घटाउनु र आर्थिक समृद्धि प्राप्त गर्नु आजको आवश्यकता हो । यस कार्यको जिम्मेवारी समग्र सरकारका अङ्गहरू तथा सरोकारवालाहरू समेतको भएकोले विभिन्न निकायहरूबाट सञ्चालन हुने यस्ता कार्यक्रमहरू प्रभावकारी हुनुको साथै ती निकायहरूबीच समन्वय हुनु जरुरी छ । गरिबीको वितरण भौगोलिक/क्षेत्रीय रूपमा मात्र नभै जातीय रूपमा समेत असमान रहेको देखिन्छ । यससँगै गरिबी निवारणका लागि गरिब घरपरिवारको पहिचान कार्य हुन नसक्नु, लक्षित घरपरिवारमा सामाजिक सुरक्षण कार्यक्रमहरू केन्द्रित गर्न नसकिनु, विभिन्न निकायहरूबाट सञ्चालित गरिबी निवारण कार्यक्रमहरूबीच समन्वयको अभाव रहनु, क्षमता विकासका कार्यहरू पर्याप्त नहुनु र नीति, योजना र बजेट कार्यक्रमबीच असमानजस्यता हुनुजस्ता समस्याहरू विद्यमान छन् । सङ्ख्यात्मक रूपले गरिबीको तथ्याङ्कमा सुधार आएको देखिए तापनि आर्थिक असमानता कायम नै रहेको देखिएकाले गरिबी निवारणको कार्य थप जटिल बनेको छ ।

नेपाल राष्ट्र बैंक, (२०६६) का अनुसार व्यक्ति वा परिवारलाई त्यस बेला गरिब भनिन्छ जतिवेला उसको जीवनस्तर सामान्य गरिबीको रेखाभन्दा तल रहन्छ । गरिबी भनेको पर्याप्त मात्रामा आय नहुनु, कुपोषण, शिक्षा, स्वास्थ्य, सरसफाई र सामाजिक प्रतिष्ठामा पहुँचको

कमी हुनु हो । विश्व बैंकका अनुसार बार्षिक ५०० अमेरिकी डलरभन्दा कम आय प्राप्त गर्ने व्याक्तिलाई गरिब भनिन्छ भने २७५ अमेरिकी डलर भन्दा कम आय प्राप्त गर्ने व्याक्तिलाई अति गरिब भनिएको छ । नेपालको हालको बार्षिक सरदर प्रतिव्याक्ति आय ७८२ अमेरिकी डलर छ । त्यस्तो हुनाले नेपाल पनि अल्पविकसित मुलुकमा पर्दछ र गरिबीको रेखाबाट माथि उक्लन सघर्षरत छ । कुल श्रमशाक्तिको ७४ प्रतिशत कृषि क्षेत्रमा आवद्ध छन ।

विश्व बिकास प्रतिवेदन, (२०१५) का अनुसार विश्वका १८८ राष्ट्रमध्ये नेपाल १४५ औं स्थानमा परि मानव बिकास सूचाङ्क ०.५४८अंक प्राप्त गरेको छ । सार्क राष्ट्रमा अग्रपक्तिमा श्रीलङ्का ७३ औं स्थानमा परी HDI ०.७५७ रहेको छ र माल्दिभ्स १०४ औं स्थानमा परी HDI ०.७०६ रहेको छ सार्क राष्ट्रमा अफगानिस्तान अन्तिम अर्थात १७१ औं स्थानमा रही HDI ०.४६५ अंक प्राप्त गरेको छ ।

दाहाल, (२०७०) काअनुसार गरिबी शब्दले अभावलाई जनाउछ । जुन मानिससँग आर्थिक अभाव हुन्छ, त्यो मानिस गरिब हो । त्यसै गरी जुन राष्ट्रसँग आर्थिक अभाव हुन्छ त्यो राष्ट्र गरिब हो । जुन व्यक्ति आफ्नो जीवन जीवित राख्नकालागि दिन रात मेहनत गर्दछ । शिक्षा, स्वाथ्य, पौष्टिक आहारको कमि छ, औषधि उपचार गर्न सक्दैन विहान खाना खाएर वेलुका खाने कुराको सुनिश्चितता हुदैन, सम्मानपूर्वक जीवनयापन गर्न असक्षम छ भने त्यो व्यक्ति गरिब हो । उसको प्रवृत्ति गरिबी हो ।

सापकोटा, (२०७०) गरिबी एक बहुआयामिक समस्या हो । गरिबीको प्रकृति स्वरुप, चक्र तथा दुरी बदलिदो परिवेश अनुसार फरक फरक हुन्छन । देश, काल, परिस्थिति र भौगोलिक संरचनाका आधारमा यसलाई मापन गर्न सकिन्छ । वास्तवमा गरिबहरु छरिएका एक अर्काको वास्ता नभएका विभक्त बाह्य संसार देखि एकलिएका हुन्छन । गरिबीले कुण्ठा, रिस ल्याउछ र कतै कुनै चिजमा मन लाग्दैन । बरु आफ्नै चिन्तामात्र लागि रहन्छ । गरिबीले समाजमा अपराधको सङख्या बढाउने पनि काम गरिरहेको हुन्छ । गरिबीले जीवनलाई जन्म दिन्छ । गरिबी एक सामाजिक घटना हो । जहाँ मानिसहरु जीवनकालागि आवश्यक न्युनतम आधारभूत आश्यकताहरु पुरा गर्न सकिरहेका हुदैनन् । गरिबीले अभाव, शक्तिहीनता, एकान्तता, सीमान्तता र खतरायुक्त जीवनयापन गरिरहेको, तोकिएको स्तरभन्दा न्युनआय भएका र शिक्षा, स्वास्थ्य जस्ता मानवीय सूचकहरुमा निम्नस्तर देखिएका व्यक्तिलाई गरिब भन्ने गरिएको छ ।

सिलवाल, (२०६३) शिक्षा, स्वास्थ्य, खाद्यन्न आवास, पिउने पानी आदि जस्ता आधारभूत आवश्यकताहरु बाट वञ्चित हुनुपर्ने अवस्था गरिबी हो । कुनै व्यक्ति जाना जानी आफै गरिब हुन चाहदैन । त्यो गरिबी कसैको इच्छा वा शोखको विषय नभइ एउटा वाध्यता हो । त्यसैले गरिबी यही हो भनी ठोस परिभाषा दिन गाह्रो पर्दछ किनभने गरिबी के हो भन्ने कुरा पढेर, सुनेर भन्दा पनि कयौ गुना बढी भोगेर बुझ्न सकिने विषय हो । अतः गरिबी एउटा समस्या तथा अभिसाप हो भन्ने कुरा सबैका सामु स्पष्ट छ ।

हाडा, (२०६८) गरिब भन्ने शब्दको साधारण अर्थ नै निर्धनता हुन्छ । गरिबी शब्दले आर्थिक, सामाजिक, राजनीतिक,मानसिक आदि क्षेत्रहरुमा आ-आफ्नै प्रकारको अर्थ जाहेर गर्दछ । आर्थिक रुपमा गरिब भन्नाले साधन, स्रोत र आर्थिक हैसियत तल रहेको अर्थ लाग्दछ । सामाजिक रुपमा गरिब भन्नाले पुरातन, रुढीग्रस्त तथा समाजलाई पछाडि धकेल्न मद्दत गर्ने जस्तै किसिमको अर्थ लागिरहेको हुन्छ । राजनैतिक रुपमा गरिब शब्दले राजनैतिक संस्कारहीन समयानुकूल चल्न नसक्ने प्रकारको अर्थ लाग्दछ । त्यसैगरी मानसिक रुपमा मात्र विवेकहीन व्यक्ति हामी मानसिक गरिब भन्दछौ अर्थात गरिब भन्नाले जे जताबाट अर्थ लगाउदा पनि कमजोर, दुर्वल, पछाडि परेको, अनेकौ पुरातन संस्कारहरुद्वारा ग्रस्त व्यक्ति इङ्गित भइरहेको हुन्छ । गरिबी शब्दले गरिबको विशेषता अथवा प्रतिविम्ब प्रस्तुत गर्ने हुदा गरिब भन्नाले व्यक्ति र गरिबी भन्नाले निजका विशेषताहरु बुभ्नु पर्दछ । आर्थिक गरिबीले अन्य सम्पूर्ण क्षेत्रको गरिबी निम्त्याउने हुँदा गरिबी शब्दालाई आर्थिक क्षेत्रमा नै सीमित राख्नपनि सकिन्छ । आर्थिक रुपले गरिब र कङ्गाल समाज अर्थतन्त्र समुदाय निश्चय पनि सामाजिक, राजनीतिक तथा मानसिक रुपमा समेत गरिब र कङ्गाल नै हुन्छ ।

घिमिरे, (२०६२) धन सम्पति केही नभएको निर्धन, दरिद्र कङ्गाल भन्ने अर्थमा गरिब शब्दलाई र गरिब हुनुको भाव विहीनता निर्धनता भन्ने अर्थमा गरिबी शब्दलाई नेपाली बृहत् शब्दकोशले प्रयोग गरेको पाइन्छ । गरिबी अउन्नतिको त्यस्तो स्थिति हो जो शारीरिक रुपमा कमजोरी एकाङ्कीपन अशक्तता जस्ता पक्षहरुसित गाँसिएर रहेको हुन्छ । गरिब व्यक्ति वा राष्ट्रले आफूसँग भएको स्रोत साधन माथिको स्वामित्व प्राप्त गर्न सकिरहेको हुदैन । अधिकांश नेपाली किसानहरु भूमिहीन हुनु,औसत आम्दानी कमहुनु प्रतिव्यक्ति आय कमहुनु प्रतिव्यक्ति उपभोग स्तर कमहुनु, अधिकांश जनसङ्ख्या कुपोषणको शिकार बन्नु, रोजगारीको अवसर कमहुनु, वेरोजगारीको सङ्ख्यामा बृद्धि हुन, अशिक्षा, परम्परावादी ग्रामीण जनजीवन,

पेसागत संरचनाको अभाव खेतीको परम्परागत प्रणाली तथा ग्रामीण ऋण ग्रस्तता नै ग्रामीण गरिबीका मुख्य विशेषता हुन् ।

डाँगी, (२०६६) गरिबीका विभिन्न आयामहरुको विश्लेषण गर्दा आय, उत्पादन र रोजगारीका साथै मानव विकास र सामाजिक तथा राजनीतिक समावेशिकरणका पक्षहरुलाई समेट्ने प्रचलन बढ्दो छ । मानव विकासका सूचाङ्कहरु जस्तैः प्राथमिक स्कूल तहको भर्नादर, शिशु मृत्युदर, औषत आयु, खानेपानीमा पहुँच, आवासीय सेवाहरुको उपयोग, सार्वजनिक सेवामा सरल पहुँच आदिका अतिरिक्त बृहत्तर समावेशीकरणको पक्ष अझै महत्वपूर्ण बन्दै गइरहेको छ । मानव अधिकार आफ्नो जीवन पद्धतिमा असरपर्ने सबैखाले निर्णय, सो निर्णयको कार्यान्वयन र अन्ततोगत्वा ती निर्णयको कार्यान्वयनकाने मूल्याङ्कन गर्न पाउने लोकतान्त्रिक पद्धतिको स्थापना समेत गरिबीको परिभाषामा समाहीत भईरहेका छन् । संक्षेपमा आर्थिक, सामाजिक र राजनीतिक आयामहरुको समग्र स्वरुपको आँकलनवाट मात्र गरिबीको परिभाषा सार्थक हुने देखिन्छ ।

पौडेल, (२०७३) गरिबी भनेको आफ्नो आम्दानीले आफ्नो दैनिक आधारभुत आवश्यकताहरु गाँस, वास तथा कपास जस्ता समस्याहरु समाधान गर्न नसक्नु हो । अर्को शब्दमा न्यूनतम क्यालोरी उपभोगको लागि आवश्यक आयस्तर भन्दा कम आय हुनुलाई गरिबी भनिन्छ । वास्तवमा गरिबी शब्दले अभावलाई जनाउँछ । जुन मानिससँग आर्थिक अभाव हुन्छ, त्यो मानिस गरिब हो । त्यसै गरी जुन राष्ट्रसँग आर्थिक अभाव हुन्छ त्यो राष्ट्र गरिब हो । जुन ब्यक्ति आफ्नो जीवन जीवित राख्नका लागि दिनरात मेहनत गर्दछ, शिक्षा, स्वास्थ्य, पौष्टीक आहारको कमी छ, औषधी उपचार गर्न सक्दैन, विहान खाना खाएको ब्यक्तिको लागि वेलुका खाने कुराको सुनिश्चितता हुदैन, सम्मानपूर्वक जीवनयापन गर्न असक्षम छ भने त्यो ब्यक्ति गरिब हो भने उसको प्रवृत्ति गरिबी हो ।

राष्ट्रिय योजना आयोग, (२०६८) मा भनिएको छ, गरिबी का रेखाहरु १२ विश्लेषणत्मक क्षेत्रको आधारमा निकालिएका छन् । तदनुसार नेपालको सालाखाला गरिबीको रेखा प्रतिव्यक्ति प्रतिवर्ष रु.१९,२६१।- निर्धारण गरिएको छ । खाद्य गरिबीको रु.११,९२९।- र गैर खाद्य गरिबीको रु.७,३३२।- देखिएको छन् । यस किसिमले काठमाण्डौं उपत्यका शहरी क्षेत्रको गरिबीको रेखाभन्दा बढी अर्थात् वार्षिक रु.४०,९३३।- कायम हुन आएको छ भने ग्रामिण पश्चिमाञ्चल तराई क्षेत्रको गरिबीको रेखा सवैभन्दा कम अर्थात् रु.१५९९८।- कायम हुन आएको छ । यी रेखाहरुले ती क्षेत्रका ब्यक्तिहरुको जीवन यापनका लागि न्यूनतम

आवश्यकताको लागत देखाउछन् र ती रेखाभन्दा मुनि उपभोग खर्च भएका व्यक्ति/परिवारहरु गरिब मानिन्छन् ।

हाडा, (२०६८) काअनुसार उत्पादनका साधनहरुमा गरिबीको पहुँच नहुनु, उच्च वेरोजगारी र निरन्तर ऋण लिईरहनु पर्ने वाध्यता जस्ता कुराले ग्रामीण क्षेत्रमा गरिबीको समस्या विकाराल वनाएको छ । गरिबीले अमानवीय जीवन यापन गर्न मात्र वाध्य बनाउँदैन, यसले व्यक्तिको क्षमता विकास र विस्तारका ढोका पनि वन्द गरिदिन्छ । यसर्थ गरिबीलाई न्यूनतम जीवनस्तर कायम राख्न आवश्यक साधनको यथोचित स्वमित्व, नियन्त्रण र पहुँचको अभावले गर्दा आर्थिक, सामाजिक र मनोवैज्ञानिक रुपले वञ्चित हुने स्थितिका रुपमा लिन सकिन्छ । अत: गरिबी शब्दले आर्थिक विपन्नतातर्फ इंगित गदै अन्तत: आर्थिक, सामाजिक राजनीतिक सम्पूर्ण रूपमा देख्न सकिने तर छुन नसकिने कुरा हो, गरिबी मानवको अन्तर आत्माबाट अनुभव गरिने तत्व हो । संक्षेपमा गरिबीको प्रतिबिम्ब नै गरिबी हो ।

## २.२ अनुसन्धान साहित्यको पुनरावलोकन (Review of Research Literature)

बस्नेत, (२०७१) ले ग्रामीण नेपालमा गरिबीको अवस्था सम्बन्धी अध्ययन सप्तरी जिल्ला कमलपुर गा.वि.स. मा गरिएको थियो । अध्ययन क्षेत्रमा गरिबीको पहिचान र विश्लेषण गरी गरिबीका कारण पत्ता लगाइ समाधानका लागि सुझावहरु समेत प्रस्तुत गरेका छन् । तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली र छलफल जस्ता औजारहरु प्रयोग गरिएका छन् । अनुसन्धानकर्ताले वर्णनात्मक अनुसन्धान ढाँचामा अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गरी स्थानीय वासिन्दा र गा.वि.स. का पदाधिकारी आदिबाट तथ्याङ्क सङ्कलनका स्रोतहरु प्रयोग गरी परिमाणात्मक र गुणात्मक तरिकाले उद्देश्यमूलक नमूना छनोट विधि प्रयोग गरी अनुसन्धान गरिएको छ । कमलपुर गा.वि.स. का वडा नं. २ र ९ का ४२८ घर परिवार मध्ये १०० घर परिवारलाई नमूनाका रुपमा छनोट गरेका छन् । यस अनुसन्धानमा ८३.११ प्रतिशत जनसङख्या साक्षर रहेको देखिन्छ ।

जैशी, (२०७१) ले ग्रामीण गरिबीको विश्लेषण तथा यसका कारणहरु बह्मतोला गा.वि.स बाजुरा शीर्षकमा आफ्नो शोधपत्र तयार गरेका छन् । उनको शोधपत्रमा ग्रामिण गरिबीको अवस्था अध्ययन गर्नु, अध्ययन क्षेत्रमा देखा परेका गरिबीका कारणहरु विश्लेषण गर्नु र निरपेक्ष गरिबी न्युनीकरण गर्ने उचित उपायहरुको खोजी गर्नु भनी ३ वटा उद्देश्य राखिएको छ । उक्त उद्देश्य पुरा गर्न सुविधाजनक नमूना छनोट विधिको प्रयोगमा यस गा.वि.स.का ९

वडामध्ये वडा नं. ५ लाई छनोट गरिएको छ । वडा नं. ५ मा ११६ घरधुरीमध्ये ४५.६९ प्रतिशत घरधुरी र कुल ७३७ जनसङ्ख्यामा ४३.९६ प्रतिशत जनसङ्ख्यालाई संभावनायुक्त नमुना छनोट विधि (random sampling method) बाट छनोट गरिएको छ । यी छनोट भएका घरधुरीबाट तथ्याङ्क सङ्कलनका प्राथमिक र द्वितीय तथ्याङकका स्रोतहरुबाट विभिन्न तथ्याङ्क सङ्कलनका साधनहरु प्रयोग गरी सङ्कलित तथ्याङ्कलाई तालिका र रेखा चित्रबाट वर्णनात्मक ढाँचाबाट विश्लेषण गरिएको छ ।

खतिवडा, (२०७२) काअनुसार नेपालमा स्थानीय ग्रामीण गरिबीको अवस्था शीर्षकमा झापा जिल्ला शनिश्चरे गा.वि.स.का गरिब घर परिवारको आर्थिक अवस्थाको विश्लेषण गर्ने, गरिबीका कारणहरुको खोजी गर्ने र गरिबी न्युनीकरणका लागि उपायहरु पत्ता लगाउने उद्देश्य राखी शोधपत्र तयार पारिएको छ । जसमा शनिश्चरे गा.वि.स वडा नं ३ र ४ का ८११ घर परिवारमध्ये ३९५ परिवार गरिब रहेकामा त्यसभित्रबाट समानुपातिक नमूना छनोट विधिका आधारमा २०० वटा घर परिवारलाई छनोट गरी गरिबीको अवस्था विश्लेषण गरिएको छ । नमूना छनोटमा परेका घरपरिवारमध्ये ६३.०४ प्रतिशत मानिसहरु कृषि पेशामा आबद्ध भएको र परम्परागत र निर्वाहमूखी कृषि, रोजगारीको अभाव, जमिनको खण्डिकारण, पूर्वाधार विकासको न्युनता, मूल्य, मान्यता, संस्कार र जनचेतनाको अभाव नै गरिबीको कारण रहेको उल्लेख गरिएको छ । अर्कोतर्फ विदेशबाट प्राप्त विप्रेषण उपभोगमा नै बढी खर्च हुने गरेको गरिब र धनी बिच असमानता झन बढेको उल्लेख गरिएको छ ।

अर्याल, (२०६४) नेपालमा ग्रामीण गरिबी गुल्मी जिल्लाको सिर्सेनी गा.वि.स .को एक अध्ययन शीषर्कमा आफ्नो शोधपत्र तयार पारेका छन् । उनको शोधपत्रमा स्थानीय स्तरमा गरिबीको पहिचान गर्नु र अध्ययन क्षेत्रमा देखा परेका गरिबीको सामाजिक, आर्थिक तथा राजनीतिक कारणहरु विश्लेषण गर्नु जस्ता उद्देश्यहरु राखिएको छ ।उक्त उद्देश्य पुरा गर्न विभिन्न तथ्याङ्कका साधनहरु प्रयोग गरी तथ्याङकका प्राथमिक र द्वितीय स्रोतबाट तथयाङ्क सङ्कलन गरी तथ्याङकशास्त्रीय विधिको प्रयोगबाट तथ्याङ्कलाई विश्लेषण गरिएको छ । उक्त तथ्याङ्कीय साधनहरु प्रयोग गर्दै सिर्सेनी गा.वि.स. मा निरपेक्ष गरिबीको जम्मा घरधुरी ६४ र जनसङ्ख्या ४२६ अर्थात् घरधुरी र जनसङ्ख्या प्रतिशत ६५.४ र ६१.१ प्रतिशत छ । जब की धनीको घरधुरी र जनसङ्ख्या क्रमश : ३४.६ र ३८.९ प्रतिशत रहेको भनी निष्कर्ष निकालिएको छ ।

Sapkota, (2005) ले दाङ जिल्ला मानपुर गा.वि.स.मा गरिएको अध्ययन ग्रामीण गरिबी हुनुका कारणहरु पत्ता लगाउने उद्देश्यमा केन्द्रीत थियो । वर्णनात्मक ढाँचामा आर्धारित उक्त अध्ययन मानपुर गा.वि.स.का ७० घरधुरीलाई नमुनाको रुपमा छनोट गरिएको थियो । जसअन्तर्गत साना साना झुपडीमा बसोबास गर्नु ढुङ्गा माटोको घरमा वसोवास गर्ने घरका छानाहरु वुच्चा रहनु जस्तो अवस्था नै  गरिबी हो भनी उल्लेख छ । अध्ययन क्षेत्रमा ४३ प्रतिशत निरपेक्ष गरिब र २१.३२ प्रतिशत सापेक्षा गरिब रहेका छन । अध्ययनको निष्कर्षमा आर्थिक रुपले सक्रिय जनसंख्या कृषिमा निर्भर रहेका, तिनिहरुको उत्पादन न्यून रहेकाले आय कम भएको खेती गर्ने प्रविधि पुरानो, सिचाई सुविधा अभाव, आधारभुत संरचनाको अभाव जस्ता समस्याले उत्पादन घटेको र गरिबी सृजना भएको उल्लेख छ ।

Sharma, (2006) नेपालमा ग्रामीण गरिबी सम्बन्धी अध्ययन दाङ जिल्लाको मानपुर गा.वि. स.मा गरिएको थियो । अध्ययन क्षेत्रको गरिबीको स्थिती विस्तार, सापेक्षा, निरपेक्ष र पूर्ण गरिबी पत्ता लगाई गरिबी न्यूनिकरण गर्ने उपायहरुका बारेमा सुझाव पेश गर्ने उद्देश्यहरु राखिएको उक्त अध्ययन वर्णनात्मक तथा विश्लेषणत्मक अनुसन्धान ढाँचामा आधारित थियो । मानपुर गा. वि. स. को वडा नं. १,२ र ३ मा रहेका कुल ९६२ घरधुरी मध्ये १० प्रतिशतले हुन आउने ७० घरधुरीका ३८० जनसंख्या स्तरिकृत नमूना छनोट विधिद्वारा गरिएको यस अध्ययनमा संरचनात्मक प्रश्नावलीलाई तथ्याङ्क संकलनको औजारको रुपमा प्रयोग गर्नुका साथै आयस्तर, आय असमानता, उपभोग प्रवृत्ति, किन्सियन उपभोग प्रवृत्ति, भेरियन्स, सह सम्बन्ध तथा विस्तारलाई तथ्याङ्क विश्लेषणको आधार बनाइएको छ ।

रेग्मी, (२०७१) ले नेपालमा ग्रामीण गरिबीको अवस्था  शुक्लागण्डकी नगरपालीका शीर्षकमा गरिएको शोधको निश्कर्षमा भनिएको छ सानो आकारको जमिनको स्वामित्व खेतियोग्य जमिनको अभाव, सिचाइ सुविधाको अभाव, निर्वाहमुखी खेती प्रणाली, व्यवसायिक खेतीको अभाव जस्ता गरिबीका प्रमुख कारणहरु रहेका छन् । उक्त अध्ययनमा कार्यशील जनसंख्या मध्ये सबैभन्दा बढी कृषि पेशामा ५६.६३ प्रतिशत, ज्याला मज्दुरीमा १७.८२ प्रतिशत, नोकरीमा १०.६७ प्रतिशत र बैदेशिक रोजगारीमा ९.३८ प्रतिशत जनसंख्या संलग्न रहेको देखिन्छ । अध्ययनअनुसार बचन गर्ने घरपरिवार अत्यान्तै कम मात्र रहेको पइयो । १०० घरपरिवार मध्ये १२ घरपरिवारले मात्र बचत गर्ने गरेको पाइयो । यस अध्ययन क्षेत्रमा ३६ प्रतिशत घरपरिवार गरिब रहेको देखिन्छ ।

अर्याल, (२०७०) ले नेपालमा ग्रामीण गरिबीको आकार र यसका कारणहरु पटौटी गा.वि.सं. अर्धाखाँची शीर्षकको शोधको निष्कर्षमा भन्नु भएको छ गरिबी एउटा वहुआयमिक रुप हो । आवासको अभाव, विरामी हुँदा डाक्टरकहाँ जान नसक्नु, जागिर नहुनु, स्कुल जान नसक्नु, शक्तिहीन हुनु, स्वतन्त्रताको महशुस गर्न नसक्नुलाई गरिबी भनिएको छ । गरिबीले जतातत्तै समस्या पारेको हुन्छ र नेपाल जस्ता अल्पविकसित देशमा जरा गाडेर बसेको हुन्छ । गरिबी बढ्नुमा साधनहरुको अभाव, वेरोजगारीको दर बढ्नु, बजारको अभाव, प्राविधिक पछौटेपन, न्यून आर्थिक बृद्धिलाई प्रमुख कारण मनिएको छ ।

Bhattarai, (2009) ले ग्रामीण गरिबीको प्रकृति र कारण खोटाङ्ग जिल्ला चिउरीडाँडा गा.वि.स.का दलित समुदायको एक अध्ययन प्रतिवेदन अनुसार दलित समुदायको ग्रामीण गरिबीको प्रकृति र गरिबी, गरिबको शिक्षा, रोजगार र भू-स्वामित्वसँगको सम्बन्ध र गरिबी घटाउने उचित उपायहरुबारे सुझाव दिने उद्देश्य राखिएको थियो । उक्त अध्ययनमा १०३ घरपरिवारमध्ये ६० घरधुरीलाई नमूनाको रुपमा छनौट गरी परिमाणात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको थियो । उक्त अध्ययनमा ६१.६७ प्रतिशत जनसंख्या निरक्षर र ३८.३३ प्रतिशत जनसंख्या साक्षर रहेको देखिन्छ । नमूना छनोटमा परेका ६० घरपरिवार मध्ये २० घरपरिवारले आफ्नो जाति अनुसारको परम्परादेखि गर्दै आएको पेशा नै अवलम्बन गरेको देखिन्छ । अध्ययन अनुसार ७० प्रतिशत जनसंख्या कृषि पेशामा संलग्न रहेको र ३० प्रतिशत जनसंख्या गैरकृषि पेशामा संलग्न रहेको पाइयो । आर्थिक अभाव र सीपको अभावका कारण गरिबी बढेको देखाइएको उक्त अध्ययनमा व्यवसायिक कृषि, पशुपालन, शिक्षामा विस्तार तथा जनचेतनामा बृद्धि गरी गरिबी न्यूनिकरण गर्न सकिने कुरा उल्लेख गरिएको छ ।

Gyawali, (2008) काअनुसार मुसहर जातिको गरिबीको प्रकृति र आयाम शीर्षकमा नवलपरासी जिल्लाको त्रिवेणी सुस्ता गा.वि.स.मा अनुसन्धान गरिएको थियो । मुसहर जातिको सामाजिक आर्थिक अवस्था पत्ता लगाउन गरिबीको फैलावट मापन गर्न र गरिबीको कारण पत्तालगाउने उद्देश्य राखिएको थियो । उक्त अध्ययनमा त्रिवेणी सुस्ता गा.वि.स.को वडा नं. ४,५,८ र ९ का ६० घरपरिवारलाई चिठ्ठा प्रणालीवाट नमूना छनोट गरिएको थियो । जसमा परिमाणत्मक र गुणात्मक अनुसन्धान विधी प्रयोग गरिएको थियो । उक्त अध्ययनमा १० प्रतिशत साक्षर ८६ प्रतिशत निरक्षर र शिक्षित ३.३३ प्रतिशत रहेका थिए । मुसहर जातिको प्रतिव्यक्ति आम्दानी रु.१४२८६.३० र प्रतिव्यक्ति खर्च रु.९३८२.१७

रहेको छ । आफ्नो आम्दानीको धेरैजसो मदिरा, धुम्रपान र परम्परागत चाडपर्वमा खर्च गर्ने गरेको पाइयो । निरपेक्ष गरिबी हेर्दा सामान्य मुल्य दलहन, गैर खाद्यन्न सम्बन्धी आदिमा ५२.०५ प्रतिशत पुरुष र ४६.९४ प्रतिशत महिला रहेका छन् । यस अध्ययनमा गरिबी वढ्नुको कारण निरक्षर, कम ज्याला, न्यून जमिन, ठूलो परिवारको आकार, नेतृत्व तथा शिक्षा सम्बन्धी कार्यक्रम नहुनु, परम्परागत खेती प्रणाली आदि रहेको पाइयो । गरिबी घटाउनलाई व्यवसायिक कृषि, पशुपालन गर्नु, जनचेतनामूलक शिक्षा दिनु, आर्थिक रुपमा सक्रिय जनशक्तिमा बृद्धि तथा परिवारको आकारमा कमि ल्याई गरिबी न्यूनिकरण गर्न सकिन्छ ।

## २.३ साहित्यको पुनरावलोकन अध्ययनको उपादेयता (Implication of the Review for the Research)

नेपाल एउटा अल्पविकसित देश भएकोले यहाँ विगत देखि जरा गाडेर रहेका र वर्तमानसम्म पनि समाधान हुन नसकेका आर्थिक मुद्धाहरु मध्ये गरिबी पनि एक हो । हुनत देश र समय अनुसार गरिबीलाई पनि फरक फरक आधारमा मापन र परिभाषित गरेको पाइन्छ । जुन कुरा साहित्यको पुनरावलोकन अध्ययनबाट थहा पाउन सकिन्छ ।

यस अध्ययनको क्रममा विभिन्न पुस्तक, लेखरचना, पत्रपत्रिका तथा शोधपत्रहरुलाई आधार मानेर साहित्यको पनरावलोकन गर्दा गरिबी एउटा उन्मुलन हुन नसकेको आर्थिक समस्याको रुपमा रहेको छ । गरिबी निवारण सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघसस्थाहरुले गरेको प्रयासहरु पनि प्रभावकारी हुन नसकेको नेपालको सन्दर्भमा गरिबी एउटा प्रमुख चुनौती बनेको छ । वार्षिक रु १९२६१ प्रति व्यक्ति आम्दानीलाई गरिबीको रेखा मान्दा नेपालमा कुल २५.१६ प्रतिशत मानिसहरु गरिब देखिन्छन् । शहरी क्षेत्रमा १५.४६ प्रतिशत र ग्रामिण क्षेत्रमा २७.४६ प्रतिशत गरिब रहेको अनुमान छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६९) ।

राष्ट्रिय योजना आयोग, (२०७३) चौधौं योजनाको आधारपत्र अनुसार यस योजनाले मुलुकमा करिब छ दशकदेखिको योजनाबद्ध विकासको अभ्यास एवम् नवौं योजनादेखि गरिबी निवारणलाई एकमात्र मूल उद्देश्यको रूपमा विकास योजनाको केन्द्रमा राखी गरिएका विभिन्न प्रयासहरूबाट गरिबी न्यूनीकरणको दिशामा ठोस प्रगति भएको छ । गरिबी निवारण गर्ने सरकारको प्रमुख दायित्व भए पनि यो एक अन्तरसम्बन्धित विषय भएकोले यसका

लागि सरकारका प्रत्येक अङ्गहरूको भूमिका अपरिहार्य हुन्छ । विगत १७ वर्षको अवधिमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या घटेको देखिए तापनि शहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र सामाजिक समूहबिचको खाडल अझै पनि उच्च रहेको देखिन्छ । तर विशेषगरी महिला, आदिवासी, अल्पसङ्ख्यक तथा दुर्गम ग्रामीण क्षेत्रमा बस्ने आम नागरिकहरूमा गरिबीको गहनता बढी भएको हुँदा गरिबी निवारणका प्रयासहरूमा यिनको अर्थपूर्ण सहभागिता आजको टड्कारो आवश्यकता देखिन्छ । यसर्थ गरिबी न्यूनीकरण प्रयासलाई निरन्तरता दिँदै गरिब र धनीबीचको असमानता घटाउनु र आर्थिक समृद्धि प्राप्त गर्नु आजको आवश्यकता हो । यस कार्यको जिम्मेवारी समग्र सरकारका अङ्गहरू तथा सरोकारवालाहरू समेतको भएकोले विभिन्न निकायहरूबाट सञ्चालन हुने यस्ता कार्यक्रमहरू प्रभावकारी हुनुको साथै ती निकायहरू बिच समन्वय हुनु जरुरी छ । गरिबीको वितरण भौगोलिक/क्षेत्रीय रूपमा मात्र नभै जातीय रूपमा समेत असमान रहेको देखिन्छ । यससँगै गरिबी निवारणका लागि गरिब घरपरिवारको पहिचान कार्य हुन नसक्नु, लक्षित घरपरिवारमा सामाजिक सुरक्षण कार्यक्रमहरू केन्द्रित गर्न नसकिनु, विभिन्न निकायहरूबाट सञ्चालित गरिबी निवारण कार्यक्रमहरूबीच समन्वयको अभाव रहनु, क्षमता विकासका कार्यहरू पर्याप्त नहुनु र नीति, योजना र बजेट कार्यक्रमबिच असमानजस्यता हुनुजस्ता समस्याहरू विद्यमान छन् । सङ्ख्यात्मक रूपले गरिबीको तथ्याङ्कमा सुधार आएको देखिए तापनि आर्थिक असमानता कायम नै रहेको देखिएकाले गरिबी निवारणको कार्य थप जटिल बनेको छ ।

राष्ट्रिय योजना आयोग, (२०६८) मा भनिएको छ, गरिबी का रेखाहरु १२ विश्लेषणत्मक क्षेत्रको आधारमा निकालिएका छन् । तदनुसार नेपालको सालाखाला गरिबीको रेखा प्रतिव्यक्ति प्रतिवर्ष रु.१९,२६१।- निर्धारण गरिएको छ । खाद्य गरिबीको रु.११,९२९।- र गैर खाद्य गरिबीको रु.७,३३२।- देखिएको छन् । यस किसिमले काठमाण्डौं उपत्यका शहरी क्षेत्रको गरिबीको रेखा भन्दा बढी अर्थात वार्षिक रु.४०,९३३।-कायम हुन आएको छ भने ग्रामिण पश्चिमाञ्चल तराई क्षेत्रको गरिबीको रेखा सवैभन्दा कम अर्थात् रु.१५९९८।- कायम हुन आएको छ । यी रेखाहरुले ती क्षेत्रका ब्यक्तिहरुको जीवनयापनका लागि न्यूनतम आवश्यकताको लागत देखाउछन् र ती रेखाभन्दा मुनि उपभोग खर्च भएका ब्यक्ति/परिवारहरु गरिब मानिन्छन् ।

गरिबी निराकरण गर्न नसकिने तर न्यूनिकरण गर्न सकिने विषय हो । वेरोजगारी, सीपमूलक तथा व्यवसायिक शिक्षाको अभाव, जनचेतनाको कमी, निर्वाहमुखी खेती प्रणाली, बहुसंख्यक जनताको प्रमुख व्यवसाय कृषि हुनु, कृषिमा अनुसन्धानको कमी, पूँजिको अभाव, दक्ष र प्राविधिक जनशक्तिको अभाव, न्यून औधोगिकरण, सहुलियतपूर्ण व्यवसायीक ऋणको अभाव, भौतिक सेवा सुविधाहरुको अभाव, राजनैतिक अस्थिरता, सामाजिक समावेशीताको कमी, भ्रष्टाचार बढ्नु, वित्तिय संघसंस्थाहरुको अभाव जस्ता गरिबीका कारणहरु रहेकाले गरिबी न्यूनिकरण गर्न यी समस्याहरुको समाधान गर्नुपर्ने देखिन्छ ।

नेपाल एउटा भौगोलिक विविधतायुक्त देश भएकोले भौतिक पूर्वाधारहरु तथा सेवासुविधाहरुको उपलब्धताका आधारमा गरिबीलाई पनि शहरी र ग्रामिण गरी दुइभागमा विभाजन गरेर अध्ययन गर्ने गरेको साहित्यको पुनरावलोकन गर्दा प्राप्त भएको छ । गरिबीका कारणहरु, प्रकार, गरिबी न्यूनिकरणका लागि सुझावहरु, गरिबीले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावका वारेमा साहित्यको पुनरावलोकनबाट प्राप्त भएको छ । ग्रामिण गरिबीको वारेमा प्रशस्त अध्ययनहरु भए पनि शहरी गरिबीका वारेमा कमै मात्र अध्ययन भएको पाइन्छ । तसर्थ साहित्यको पुनरावलोकन गर्दा मेरो अध्ययनलाई बढी सत्य, तथ्य र कम त्रुटिपूर्ण तरिकाले सम्पन्न गर्न सहयोग पुऱ्याउनेछन् । यस अनुसन्धानमा शहरी गरिबीको अवस्था पत्ता लगाई, यसले आर्थिक र शैक्षिक क्षेत्रमा पारेको प्रभावका वारेमा अध्ययन गर्न पूर्व साहित्यहरुको पुनरावलोनकनले थप सहयोग पुऱ्याएको छ ।

## २.४ अनुसन्धान अन्तर (Research Gap)

गरिबीलाई आधार बनाएर यसभन्दा अगाडी पनि धेरै अनुसन्धान कार्य सम्पन्न भएका छन् । गरिबीको अवस्था पत्तालगाउनु, सापेक्ष र निरपेक्ष गरिबी वीचको तुलनात्मक अध्ययन गर्नु, गरिबीको प्रकृति र काराणहरुको खोजी गर्नु, गरिबीको आकार पत्ता लगाउनु, गरिबी न्यूनिकरणका लागि सुझावहरु प्रस्तुत गर्नु जस्ता शीर्षकमा अनुसन्धान भए पनि यो सम्पूर्ण अनुसन्धानहरु ग्रामीण गरिबीलाई आधार वनाएर गरिएका छन् ।

यो अध्ययन शहरी गरिबीको वारेमा आधारित छ । पूर्व साहित्यको पुनरावलोकन गरी ती अनुसन्धानहरुको विधि, प्रविधी र निष्कर्षलाई मार्गदर्शनको रुपमा लिदै यो अध्ययन शहरी गरिबीको विश्लेषणमा केन्द्रित गरेको छु । पहिले गरिएका अनुसन्धानहरु र यो अनुसन्धानबिचको अन्तरलाई बुँदागत रुपमा निम्न अनुसार उल्लेख गरिएको छ :


१. पहिले गरिएका अनुसन्धानहरु ग्रामीण गरिबीको अवस्था पत्ता लगाउने, सापेक्ष र निरपेक्ष गरिबीको तुलनात्मक अध्ययन ग्रामीण गरिबीको आकार पत्ता लगाउन केन्द्रीत रहेको देखिन्छ भने यो अनुसन्धान शहरी गरिब परिवारको आर्थिक अवस्था पत्ता लगाउन केन्द्रित छ ।

२. पहिले गरिएका अनुसन्धानहरुमा ग्रामिण गरिबीले शैक्षिक क्षेत्रमा पारेको प्रभावका वारेमा कन्द्रीत छन् भने यस अनुसन्धानमा शहरी गरिबीले पारिवारीक शैक्षिक क्षेत्रमा पारेको अवस्थाको विश्लेषण गरिएको छ ।

३. यस अध्ययनमा शहरी गरिबीका कारणहरू पत्ता लगाइएको छ ।

## २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)


गरिबी विश्वभर नै जरा गाडेर रहेको प्रमुख समस्या हो । अल्पविकसित देशहरु विशेष गरेर दक्षिण एसियाली देशहरुमा यो प्रमुख चुनौतिको रुपमा रहेको छ । गरिबी विविध कारणहरुले हुने गरेता पनि रोजगारीको अभाव, पुँजीको अभाव, आर्थिक पछौटेपन, परम्परागत खेती प्रणाली, न्यून शैक्षिक स्तर, जन्मदर तथा मृत्युदर उच्च हुनु, स्रोत साधनको उपभोगमा पहुँच नपुग्नु, शासन सञ्चालन र नीति निमार्णमा पहुँच नपुग्नु आदि कारणहरुलाई प्रमुख रुपमा लिनेगरिन्छ । यस अध्ययनसंग सम्बन्धित अवधारणत्मक ढाँचालाई निम्न अनुसार प्रस्तुत गरिएको छ :


ग्रामीण गरीबी
गरिबीका सूचाङ्कहरु
आय
भूमिको स्वामित्व
जातजाति
पेशागत संरचना
परिवार ढाँचा
उमेर समूह
शैक्षिक स्तर
भौतिक सुविधाको प्रयोग
गरिबीका कारणहरु
कम आय
निर्वाहमुखी कृषि पद्धति
बेरोजगारी
उर्वर भूमिको अभाव
गरिबी निवारणका लागि सुझावहरु
शिक्षाको विस्तार गर्नुपर्ने
कृषिमा आधुनिकीकरण
व्यवसायिक एवम् सीपमूलक तालिम प्रदान गर्नुपर्ने

स्रोत : रेग्मी, (२०७१)

## २.६ कार्यात्मक ढाँचा (Functional Framework)

तेह्रथुम जिल्ला म्याङ्गलुङ्ग नगरपालिका वडा नं. १ र २ को गरिबीको अवस्थाले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको कार्यात्मक ढाँचा यसप्रकार रहेको छ :



# अध्याय तीन

## (CHAPTER THREE)

## ३. अनुसन्धान विधि र प्रक्रिया (METHODS AND PROCEDURES)

कुनै पनि अध्ययनलाई प्रभावकारी ढंगबाट सम्पन्न गर्नका लागि उक्त अध्ययनलाई आवश्यक विधि र प्रक्रियालाई अवलम्वन गरिनु पर्ने हुन्छ । यो अध्ययनमा पनि समावेश गर्ने अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत, जनसंख्या नमूना आकार र नमूना छनौट रणनीति, अध्ययनको क्षेत्र पहिचान र परिचय, तथ्याङ्क संकलनका साधन, तथ्याङ्क सङ्लन गर्ने प्रक्रिया, तथ्याङ्क विश्लेषण र व्याख्या गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा (Research Design)

यो अध्ययन व्याख्यात्मक तथा विश्लेषणात्मक ढाँचा (Discriptive and Analytical Design) मा आधारित छ । तेह्रथुम जिल्ला म्याङ्गलुङ्ग नगरपालिका वडा नं. १ र २ को शहरी गरिब परिवारको आर्थिक अवस्था पत्ता लगाउनका लागि प्रश्नावली, अवालोकन सूची र छलफल निर्देशिका तथ्याङ्क संकलनका साधनहरु प्रयोग गरी अर्न्तवार्ता, प्रत्यक्ष अवलोकन तथा लक्षित समूह छलफलबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ भने द्धितीय तथ्याङ्क संकलनका स्रोतबाट संकलन गरिएका तथ्याङ्कको व्याख्या तथा विश्लेषण तालिका र रेखाचित्रबाट प्रस्तुत गरिएकोले तथ्याङ्कको स्वरुप गुणात्मक तथा परिमाणात्मक खालको छ ।

### ३.२ तथ्याङ्कका स्रोतहरु (Sources of Data)

यस अध्ययनको उद्देश्य पूरागर्नको लागि प्रमुख रुपमा प्राथमिक स्रोत र आवश्यकता अनुसार द्धितिय स्रोतको पनि प्रयोग गरिएको छ ।

#### ३.२.१ प्राथमिक स्रोत (Primary Source)

यो अध्ययनमा प्राथमिक तथ्याङ्कको स्रोतको रुपमा अध्ययन क्षत्रे अन्तर्गत तेह्रथुम जिल्ला, म्याङ्गलुङ्ग नगरपालिका वडा नं. १ र २ का नमूना छनोटमा परेका घरपरिवारका घरमूलीलाई लिइएको छ ।

### ३.२.२ द्वितीय स्रोत (Sceondary Source)

यस अध्ययनलाई प्रभावकारी वनाउनका लागि राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, जिल्ला विकास समिति, नगरपालिकाको वार्षिक प्रतिवेदनहरु तथा नगरपालिकाको मार्गचित्र, प्रकाशनहरु, जर्नल, सम्बन्धित लेख रचना, प्रकाशित पुस्तक, स्थानीय पत्र-पत्रिकामा प्रकाशित रचनाहरु, आर्थिक सर्वेक्षण, पूर्व अध्ययन भएका प्रकाशित तथा अप्रकाशित शोधपत्रहरु यस अध्ययनको द्वितिय तथ्याङ्कको  रुपमा रहेका छन् ।

## ३.३ जनसंख्या, नमूना आकार र नमूना छनोट रणनीति (Population, Sample Size and Sampling Strategy)

यस अध्ययनका लागि जनसंख्या, नमूना र नमूना छनोट रणनीति निम्नानुसार उल्लेख गरिएको छ  ।

### ३.३.१ जनसंख्या (Population)

यो अध्ययन तेह्रथुम जिल्लाको म्याङ्गलुङ्ग नगरपालिका वडा नं. १ र २ मा वसोवास गर्ने कुल ८४२ घरधुरी रहेका छन् । म्याङ्गलुङ्ग नगरपालिकाका अनुसार उक्त ८४२ घरपरिवार मध्ये गरिब घरपरिवारमा पर्ने कुल २१० घरपरिवार रहेको पाइयो । उक्त २१० घरपरिवारलाई नै यस अध्ययका लागि जनसंख्या मानिएको छ । जसलाई तलको तालिकाबाट थप प्रष्ट पारिएको छ ।

**तालिका ३.१**

म्याङलुङ्ग नगरपालिकाको वडागत गरिबीको विवरण - २०७२

| वडा नं. | कुल परिवार संख्या | गरिब परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ४३१ | १०७ | २४.८२ |
| २ | ४११ | १०३ | २५.०७ |
| ३ | २०३ | ३२ | १५.७६ |
| ४ | ३४३ | ४५ | १३.१२ |
| ५ | ३३६ | ४७ | १३.९९ |
| ६ | ३१४ | ५३ | १६.८८ |
| ७ | ३२६ | ४५ | १३.८० |
| ८ | ३०२ | ५१ | १६.८८ |
| ९ | ३०८ | ८० | २५.९७ |
| १० | २८६ | ६३ | २२.०२ |
| ११ | २७२ | ५७ | २०.९५ |
| १२ | २७६ | ३२ | ११.५९ |
| १३ | २३७ | ३८ | १६.०३ |
| जम्मा | ४०४५ | ७५३ | |

स्रोत : नगरपालिका पार्श्वचित्र (२०७२)

### ३.३.२ नमूना आकार (Sample Size )

अध्ययन क्षेत्रमा रहेका कुल २१० गरिब घरपरिवार अर्थात् शतप्रतिशत जनसंख्यालाई नै नमूना आकारको रुपमा लिइएको छ ।

### ३.३.३ नमूना छनोट रणनीति (Sampling Strategy)

१.यस अध्ययनलाई सम्पन्न गर्नका लाग उद्देश्यमूलक नमूना छनोट पद्धतिको आधारमा तेह्रथुम जिल्लाको म्याङ्गलुङ्ग नगरपालिकालाई छनौट गरिएको छ । किनभने यो अध्ययन शहरी गरिबीसँग सम्बन्धीत भएको र यस अघि शहरी गरिबीले आर्थिक र शैक्षिक क्षेत्रमा पारेको प्रभावका वारेमा अध्ययन नभएको साथै उक्त क्षेत्र अनुसन्धानकर्ताको

बासोबास भएको जिल्ला भएकोले तथ्याङ्क संकलन गर्न सजिलो रहेको कारणले उक्त क्षेत्र छनोट गरिएको हो ।

२. म्याङ्गलुङ्ग नगरपालिकाका १३ वटा वडा मध्ये सवैभन्दा बढी घरपरिवार भएका वडा नं. १ र २ लाई उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको छ । किनभने उक्त वडाहरुमा नै सबैभन्दा बढी घरपरिवार भएकोले वडा नं. १ र २ लाई छनोट गरिएको हो ।

३. म्याङ्गलुङ्ग नगरपालिका पाश्वचित्र अनुसार वडा नं. १ मा १०७ घरपरिवार र वडा नं. २ मा १०३ घरपरिवार गरी २१० घरपरिवार न्यून आम्दानी स्तर भएका छन् । ती २१० घरपरिवारलाई नै संगणना अध्ययन विधिका आधारमा नमूनामा छनोट गरिएको छ ।

### ३.४ अध्ययन क्षेत्रको परिचय (Introduction of the Study Area)

नेपालको पूर्वाञ्चल विकासक्षेत्र, कोशी अञ्चल, तेह्रथुम जिल्लाको म्याङ्गलुङ्ग नगरपालिका वडा नं. १ र २ लाई अध्ययन क्षेत्रको रुपमा चयन गरिएको छ ।

### ३.५ तथ्यांक संकलनका साधनहरु (Tools of Data Collection)

यो अध्ययनकार्य सम्पन्न गर्नका लागि आवश्यक तथ्याङ्क संकलन गर्न र अध्ययनलाई पूर्णता दिनका लागि प्रश्नावली अभिबृत्ति स्केल, अन्तर्वार्ता अनुसूची तथा रेटिङस्केल मध्ये निम्न साधनहरु प्रयोग गरिएको छ ।

#### ३.५.१ प्रश्नावली (Questionnaire)

यो अध्ययनकार्य सम्पन्न गर्नका लागि तथ्याङ्कसंकलन गर्न प्रश्नावलीलाई मुख्य साधनको रुपमा प्रयोग गरिएको छ । नमूना छनोटमा परेका घरपरिवारका घरमूली सँग प्रश्नावलीको माध्यमबाट प्रत्यक्ष अन्तर्वार्ता लिइएको थियो । यसका लगि तयार गरिएका प्रश्नावलीको नमूना अनुसूची १ मा देखाइएको छ ।

#### ३.५.२ अवलोकन सूचि (Observation List)

अध्ययनको उद्देश्य पूरा गर्नका लागि अनुसन्धानकर्ता स्वयं नमूना छनोटमा परेका घरपरिवारमा उपस्थित भई पारिवारिक आर्थिक अवस्था, आय आर्जनको माध्यम, रोजगारी,

खानपान, आवास, सरसफई, शैक्षिक अवस्था वारे अवलोकन सूची निर्माण गरी अवलोकन गरिएको थियो । जसको नमूना अनुसुची २ मा देखाइएको छ ।

### ३.५.३ छलफल निर्देशिका (Discussion list)

अध्ययन क्षेत्रमा विद्यमान गरिबीका कारणहरु, आय असमानता बढ्नाका कारणहरु, गरिबी न्यूनिकरणका सम्भावित उपायहरुका वारेमा छलफल, अन्तरक्रिया तथा परामर्श गर्नका लागि नमूना छनोट घरपरिवारका घरमूलीसँग छलफलका लागि छलफल निर्देशिकाको प्रयोग गरिएकोछ । जसको नमूना अनुसूची ३ मा देखाइएको छ ।

## ३.६ तथ्याङ्क संकलनका प्रविधिहरु (Techniques of Data Collection)

यस शोधपत्र अध्ययनको प्रारम्भिक छनोटपश्चात यस अध्ययनलाई पूर्णता दिनको लागि यस शोधपत्रमा प्रयोग गरिएका प्रविधिहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ३.६.१ अन्तर्वार्ता (Interview)

अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्यांक संकलन गर्नका लागि प्रत्यक्ष व्यक्तिगत अन्तर्वाता प्रविधिको प्रयोग गरिएको छ । प्रश्नावली लिएर अनुसन्धानकर्ता स्वयं अध्ययन क्षत्रेमा गई नमूना छनोट घरपरिवारका घरमूलीसँग आम्नेसाम्ने बसी अन्तर्वार्ताको माध्यमबाट तथ्यांक लिइएको थियो ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनको उद्देश्य परिपूर्तिका लागि न्यून आर्थिक अवस्था भएका घरपरिवारको पारिवारिक अवास्था, भौतिक पक्षहरुको अवस्था, शैक्षिक अवास्था, सामाजिक सेवा सुविधा (खानेपानी, उर्जा, सरसफाई), पशुपालन, कृषि, उद्योग वारे जानकारी लिन अधययन क्षेत्रमा गई प्रत्यक्ष अवलोकन गरिएको थियो ।

### ३.६.३ लक्षित समूह छलफल (Foucsed Group Discussion)

यस अध्ययनलाई पूर्णता दिनका लागि आवश्यक तथ्याङ्क संकलन गर्न मिति २०७३/४/२९ गते शनिवारका दिन नमूना छनोट परिवारका १० जना घरमूलीहरुलाई श्री सिंहवाहीनी उ.मा.वि.मा उपस्थित गराई छलफल निर्देशिकाको प्रयोग गरी गरिबीका कारणहरु, आर्थिक असमानताका कारणहरु र गरिबी न्यूनिकरणका सम्भावित उपायहरुका वारेमा करिव १

घण्टा छलफल गरिएको थियो । उक्त छलफल कार्यक्रमको संचालजन अनुसन्धानकर्ता स्वयमबाट भएको थियो भने छलफलमा सहभागिबाट आएका उत्तरलाई सहयोगी साथी मदन खनालले लिखित रुपमा टिपोट गनुभएको थियो ।

### ३.७ तथ्याङ्कको विश्लेषण (Analysis of Data)

यो अध्ययनका क्रममा तथ्याङ्क संकलनका विभिन्न साधनहरुबाट प्राप्त तथ्याङ्क, सूचना तथा जानकारीहरुलाई विश्लेषणात्मक तथा परिमाणात्मक विधिद्वारा व्याख्या तथा विश्लेषण गरिएको छ । नतिजालाई विश्लेषण गर्न सरल र सहज हुनेगरी तलिकीकरण, ग्राफ, चार्ट तथा स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

### ३.८ नीतिगत प्रावधान (Ethical consideration)

कुनै पनि कार्य गर्दा निश्चित नीति मान्यताका आधारमा नियम तथा नैतिक मूल्य र मान्यताका आधारमा गर्नुपर्ने हुन्छ । अनुसन्धान कार्य सम्पन्न गर्नका लागि तथ्याङ्क सङ्कलन तथा प्रस्तुतिकरण गर्दा निश्चित मूल्य मान्यता र नीति नियमका आधारमा सरोकारवालाहरुको अनुमति लिई बिस्वासिलो वातावरण सिर्जना गर्दै गोपनियता कायम गरी अध्ययन कार्यलाई अगाडि बढाइएको छ ।

# अध्याय चार

## (CHAPTER FOUR)

## ४. तथ्याङकको विश्लेषण र प्रस्तुतीकरण (ALALYSIS AND INTETEPTATION OF DATA)

कुनै पनि अध्ययन अनुसन्धानको मेरुदण्ड भनेको नै तथ्याङकको व्याख्या र विश्लेषण हो । यस अध्ययनमा नगरपालिकाको गरिबीको आधार पत्ता लगाई यसले आर्थिक र शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययन गरिएको छ । अध्ययनबाट प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषणले समग्र पक्षको चित्रण गर्न सकिन्छ । जसले उद्देश्य प्राप्त गर्न सहयोग पुग्नुका साथै अध्ययन क्षेत्रमा देखिएका समस्याहरु र यसको निधानका उपायहरु खोजी गर्न सजिलो हुन्छ । यस अध्ययनमा तेह्रथुम जिल्ला म्याङलुङ्ग नगरपालिका वडा न. १ र२ का २१० घर परिवारका काम गर्न योग्य उमेर समूहको पेसा, व्यावसाय र रोजगारीको अवस्था उनीहरुको आम्दानी खर्च बचत र खाद्यान्नको अवस्था तथा गरिबीको विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रका जनताहरुको गरिबीको आकार पत्ता लगाई त्यसले आर्थिक र शैक्षिक क्षेत्रमा पारेको प्रभावको व्याख्या र विश्लेषण गरिएको छ । प्राथमिक र द्वितीय स्रोतबाट संकलित तथ्याङ्कलाई तलिका, रेखाचित्र, ग्राफ, चार्ट तथा स्तम्भ चित्रमा देखाई विषयवस्तुको व्याख्या र विश्लेषण गरिएको छ । अध्ययनलाई सरल बनाउन तथ्याङ्कलाई विभिन्न एकाई र उपएकाइमा प्रस्तुत गरिएको छ ।

### ४.१ तेह्रथुम जिल्लाको चिनारी (Introduction of Terhathum District)

पूर्वाञ्चल विकासक्षेत्र अन्तर्गत पहाडी जिल्लाहरुमध्ये कोशी अञ्चलको एक सून्दर जिल्ला हो तेह्रथुम । यस जिल्लाको नामाकरण हुनुमा ऐतिहासिक पृष्ठभूमि जोडिएको छ । वि.सं. १८३१ मा लिम्बुवान क्षेत्र नेपाल अधिराज्यमा समावेश भइसकेपछि यहाँको तिरोभरो तत्कालिन धनकुटा गौँडावाट उठाउने गरिन्थ्यो । त्यसवेला लिम्बूवानमा १७ थुम थिए । वि.सं. १९५२ मा १७ थुम वाट १३ थुम अलग्याई एउटा अलग माल अड्डा खडा गरिएको थियो । जहाँ १३ वटा मुख्य वस्तीलई नै १३ थुम भनिन्थ्यो । सोही भूभागको एकाइलाई कायम गरी वि.सं. २०१८ सालमा ७५ जिल्लामा विभाजन हुँदा तेह्रथुमले छुट्टै जिल्लाको रुपमा मान्यता पाएको हो । यी १३ वटा थुम मध्ये फेदाप थुमको डाँडा सबैलाई पायक पर्ने भएकोले यस थुमको म्याङ्गलुङ्ग भन्ने ठाउँमा मालअड्डा राखिएको थियो । हाल यस जिल्लाको सदरमुकाम

यही म्याङ्गलुङ्ग रहेको छ । नेपालको सबैभन्दा लामो ह्यात्रुङ झर्ना यसै जिल्लामा पर्छ भने नेपालमा पाइने ३२ प्रजातीका गुराँसहरु मध्ये २८ प्रजातीको गुराँस पनि यसै जिल्लाको तीनजुरे मिल्के जलजले क्षेत्रमा पाइन्छ (जि.वि.स., २०७०) ।

### ४.१.१ भौगोलिक अवस्था (Geographical Status)

तेह्रथुम जिल्लाको पूर्वमा पाँचथर र ताप्लेजुङ्ग, पश्चिममा संखुवासभा र धनकुटा, उत्तरमा ताप्लेजुङ्ग र लक्षिणमा धनकुटा पर्दछन् । यो जिल्ला २०$^{0}$५९ मि. देखि २७$^{0}$३० मि. उत्तरी अक्षंश र ८७$^{0}$२५ मि. देखि ८७$^{0}$४५ मि. पूर्वी देशान्तरमा पर्दछ । यो जिल्ला समुद्रसतहबाट ३०२२ मिटर (तमोर नदी) देखि ३९६२ मिटर (अक्करे पहाड) सम्म फैलिएको छ । ६७९ वर्ग कि.मि. क्षेत्रफल भएको यस जिल्लामा २ वटा नगरपलिका र २२ वटा गा.वि.सं. रहेका छन् (जि.वि.स, २०७०) ।

अग्ला पहाड र लेकहरुले भरिएको तेह्रथुमको सबैभन्दा होचो भाग ३४५ मटिर तमोर नदी हो भने सबैभन्दा अग्लो पाहाड ३९६२ मिटर अग्लो अक्करे पहाड हो । अन्य अग्ला पहाडहरुमा मिन्छेनढाप, तीनजुरे र मिल्के पहाड हुन् । तमोर नदी तेह्रथुम र पाँचथरको सिमाना भएर बग्छ भने यस जिल्लामा रहेका अन्य खोलाहरुमा लम्बु खोला, खोरुंगा खोला, कोयाखोला, मेवाखोला, पिँगुवाखोला आदि हुन् । यहाँका केही प्रसिद्ध ताल तथा पोखरीहरुमा चिचिलिङ्ग पोखरी, सिद्ध पोखरी ती पोखरी, लामपोखरी उल्लेखनीय छन् (जि.वि.स, २०७०) ।

### ४.१.२ जनसांख्यिकीय अवस्था (Demographic Status)

राष्ट्रिय जनगणना २०६८ अनुसार तेह्रथुम जिल्लाको कुल जनसंख्या १०१५७७ रहेको छ । जसमा पूरुषको ४६.४२ प्रतिशत र महिलाको ५३.५८ प्रतिशत रहेको छ । जनघनत्व प्रतिवग कि.मि. १६४ रहको छ भने कुल घरधुरी संख्या २२०९४ र औशत परिवार संख्या ४.६० जना रहेको छ । यस जिल्लामा वसोवास गर्ने प्रमुख जातजातिहरुमा लिम्बु, क्षेत्री, व्रम्ह्ण, तामाङ्, कामी, दमाई, नेवार, गुरुङ्, मगर, राई, सार्की, घर्ती, भूजेल, शेर्पा आदि रहेका छन् (जि.वि.स., २०७०) ।

### ४.१.३ हावापानी (Climate)

तेह्रथुम जिल्लामा स्वास्थ्यका लागि लाभदायक हावापानी पाइन्छ । यस जिल्लाको लेकाली भागमा लगभग १५-२० डिग्री सेल्सीयसभन्दा माथि तापक्रम चढ्दैन भने बँसी भागमा ३० डिग्री सेल्सीयसभन्दा वढी तापक्रम हुने गर्दछ । पहाडी भागमा समशीतोष्ण मनसुनी

हावापानी र बँसीमा उष्ण मनसुनी हावापानी पाइन्छ । भौगोलिक विविधताले गर्दा यहाँको जलबृष्टि, तापमान आर्द्रता ठाउँअनुसार फरक फरक हुने भएकोले प्रतिनिधित्व गर्ने खालको हावापानीको विवरण दिन सकिन्न । यस जिल्लाको बेसीतिर साल, सिसौ, शिरिष, खयर जातका वोटविरुवाको बन पाइन्छ । ७५०० फिट देखि १००० फिटसम्मको भू-भागमा २८ प्रजातीको गुराँसको वन पाइन्छ भने विभिन्न किसिमका जडिबुटिहरु चिरैतो, चुत्रो, मजिटो नागवेली आदि पाइन्छ (सम्पर्क मञ्च, २०५७) ।

## ४.२ म्याङलुङ्ग नगरपलिकाको परिचय (Introduction of Myanlung Municipality)

तेह्रथुम जिल्लाको सदरमुकाम म्याङलुङ्ग लगभग जिल्लाको मध्य भागमा अवस्थित छ । सन् २०१४ मे १८ मा म्याङ्गलुङ्ग, पिप्ले, जिरिखिम्ती, आम्बुङ्ग, साब्ला र तम्फुला गरी ६ वटा गा.वि.सं.लाई मिलाएर म्याङलुङ्ग नगरपालिका घोषणा गरिएको हो । यो नगरपालिका समुद्र सतहबाट लगभग १५०० मिटरको उचाइमा अवस्थित छ । १३ वटा वडामा विभाजित यो नगरपालिका विशेष गरेर ढाका कपडाको लागि प्रसिद्ध मानिन्छ । यस नगरपालिकाको पूर्वमा तमोर नदी, पश्चिममा संखुवासभा सम्मको मादिमुलखर्क गा.वि.सं., उत्तरमा सिम्ले, जलजले, ओयाकजुङ्ग तथा मोराहाङ्ग गा.वि.स.हरु पर्दछन् भने दक्षिण्मा सोल्मा र ओखे गा.वि.स.हरु पर्दछन् । यो नगरपालिकाका पहाडी प्रदेशमा पर्ने भएकोले सवैजसो भूभाग भिरालो रहेको छ भने तमोर नदीदेखि तीनजुरे पहाडसम्म फैलिएको छ । यस नगरपालिकामा गर्मी याममा २० देखि ३० डिग्री सेन्ट्रीग्रेटसम्म तापक्रम हुन्छ भने जाडो याममा हिउँ पनि पर्ने हुनाले जाडो हुने गर्दछ । भू-धरातलीय स्वरुपमा विधिता भएकोले उचाईअनुसार हावापानीमा पनि विधिता पाइन्छ । सामान्यतया जेठदेखि असोजसम्म पानी पर्दछ (सम्पर्क मञ्च, २०५७) ।

यो नगरपालिका जिल्लाको सदरमुकाम भए पनि भैतिक पूर्वाधारहरुको निर्माणका दृष्टिले कमजोर मानिन्छ । नगरपालिकाको सबै क्षेत्रमा बाटोघाटो बन्न सकेको छैन भने खानेपानी, स्वास्थ्य संस्थाहरु, सिचाइ जस्ता आधारभूत आवश्यकताका वस्तुको अभाव नै रहेको छ । बहुसंख्यक जनताको पेशा कृषि भए तापनि सिचाइ अभावको कारण कृषकले मनसुनमा भर पर्नुपर्ने बाध्यता रहेको छ । यस नगरपालिकामा उत्पादन हुने प्रमुख खाद्य बालीहरुमा धान, मकै, कोदो, गहुँ, जौ, फापर आदि रहेका छन् । तरकारी वालीमा आलु, गोलभेडा, सीमि, भन्टा, बन्दा, काउली, करेला आदि पर्दछन् । त्यसैगरी फलफुलमा सुन्तला, अम्बा, नास्पाति,

कागती, जुनार आदि उत्पादन हुने गर्दछन् । मिश्रित बसोबास भए तापनि लिम्बु र नेवारको बाहुल्यता रहे तापनि यस नगरपालिकामा नेपाली भाषा नै बढी बोलिन्छ । दुईवटा एफ.एम. रेडियो स्टेसनहरु र विभिन्न पत्रपत्रिकाहरु संञ्चारको रुपमा रहेका छन् भने विभिन्न सरकारी तथा गैर सरकारी वित्तीय संघसस्थाहरु र सहकारी संस्थाहरु पनि यस नगरपालीकामा रहेका छन् । विभिन्न प्रकारका उद्योगहरु रहेको यस नगरपालिकामा उत्पदित ढाका कपडा प्रख्यात रहेको छ (सम्पर्क मञ्च, २०५७) ।

### ४.२.१ ऐतिहासिक पृष्ठभूमि (Historical Background)

एउटा छुट्टै प्रान्तको रुपमा रहेको पल्लो किरातलाई सन् १७८० मा बहादुर शाहले तेह्रथुम र म्याङ्गलुङ्गलाई पनि एकीकरण गरेका थिए । तेह्रथुम जिल्लाको सदरमुकाम म्याङ्गलुङ्ग नामाकरण हुनुमा एउटा प्रसिद्ध उक्ति रहेको छ । हालको सिंहबाहिनी मन्दिर रहेको स्थानमा एउटा ठुलो चौतारो रहेको थियो । त्यही चौतारोमा दुईजना भरियाहरु आएर भारी विसाएर बसेका थिए । त्यही समयमा तिनीहरुको पकाउने भाडो अचानक चिम्नीबाट झरेर असामान्य तरिकाले हल्लिरहयो । त्यसबाट म्याङ्ग, लुङ्ग भन्ने ध्वनि उत्पन्न भयो । लिम्बु भाषामा म्याङ्गको अर्थ विरालो र लुङ्गको अर्थ ढुङ्ग भन्ने हुन्छ । यी  नै लिम्बु भाषाको दुईवटा शब्दहरु मिलेर म्याङ्गलुङ्ग नामाकरण भएको किम्बदन्ती रहेको छ । हाल पनि यस ठाउँमा एउटा चौतारो र शिंहवाहीनी मन्दिर रहेको छ (सम्पर्क मञ्च, २०५७) ।

### ४.२.२ जनसांख्यिकीय अवस्था (Demographic Status)

यस नगरपालिकामा मिश्रित जतजातीहरुको वसोवास रहे तापनि लिम्बू र नेवार जातीको वाहुल्यता रहेको छ । विभिन्न जातजातीका आफ्नो मातृभाषा भएतापनि नपाली भाषालाई साझा भाषाको रुपमा बोलिन्छ । नेवार जाती यहाँको आदिवासी भएतापनि जिल्लाको सदरमुकाम भएकोले अन्य जातजातीका मानिसहरु पनि विभिन्न स्थानबाट बसाइसराइ गरी आएर बसेका छन् । जनगणना २०६८ अनुसार यस नगरपलिकाका कुल १३ वटा वडाको धरधुरी संख्याको महिला, पुरुष जनसंख्या औषत परिवार संख्यालाई निम्न तलिकाबाट प्रष्ट पारिएको छ (जि.वि.स, २०७०) ।

तालिका ४.१

**म्याङलुङ्ग नगरपालिकाको घरधुरी, महिला र पुरुष, घरमुली र औषत परिवार संख्यासम्बन्धी विवरण २०७२**

| वडा नं. | घरधुरी | महिला | पुरुष | जम्मा संख्या | महिला घरमूली | पुरुष घरमूली | औषत परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ४३१ | १०५२ | १०४३ | २०९५ | ५१ | ३८० | ४.८७ |
| २ | ४११ | ९९२ | १००५ | १९९७ | ७७ | ३३४ | ४.८५ |
| ३ | २०३ | ५२४ | ४६३ | ९८७ | ३४ | १६९ | ४.८७ |
| ४ | ३४३ | ८३६ | ८३१ | १६६७ | ४३ | ३०० | ४.८६ |
| ५ | ३३६ | ८१२ | ८२१ | १६३३ | ५७ | २७९ | ४.८६ |
| ६ | ३१४ | ७७१ | ७५५ | १५२६ | ६२ | २५२ | ४.८४ |
| ७ | ३२६ | ७८६ | ७९८ | १५८४ | ४४ | २८२ | ४.८५ |
| ८ | ३०२ | ७३८ | ७३० | १४६८ | ४१ | २६१ | ४.८७ |
| ९ | ३०८ | ७५९ | ७३८ | १४९७ | २७ | २८१ | ४.८६ |
| १० | २८६ | ६८७ | ७०३ | १३९० | २६ | २६० | ४.८४ |
| ११ | २७२ | ६६६ | ६५६ | १३२२ | ३३ | २३९ | ४.८६ |
| १२ | २७६ | ६७० | ६६९ | १३४१ | ६६ | २१० | ४.८५ |
| १३ | २३७ | ५८२ | ५७० | ११५२ | ५१ | १८६ | ४.८६ |
| जम्मा | ४०४५ | ९८७७ | ९७८२ | १९६५९ | ६१२ | ३४३३ | |

स्रोत : नगरपालिका पार्श्व चित्र, (२०७२)

तालिका ४.१.अनुसार म्याङलुङ्ग नगरपालिकामा कुल ४०४५ घरधुरीका १९६५९ जना जनसंख्या रहेकोमा ९८७७ जना महिला र ९७८२ जना पुरुष रहेका छन् । ४०४५ घरधुरी रहेकामा ६१२ घरपरिवारमा घरमूली महिला र ३४३३ घरमुली पुरुष रहेका छन् । औषत परिवार संख्या ४.८६ जना रहेको देखिन्छ । सबैभन्दा बढी घरपरिवार संख्या वडा नं. १ मा ४३१ रहेका छन् भने सबैभन्दा कम वडा नं. तिनमा २०३ घरपरिवार रहेको पाइयो ।

अनुपातिक हिसावले हेर्दा सबैभन्दा बढी महिला घरमूलि वडा नं. १२ मा २३.९१ प्रतिशत र सबैभन्दा कम महिला घरमुली वडा नं. १ मा ११.८३ प्रतिशत रहेको देखिन्छ।

### ४.२.३ गरिबीको अवस्था ( Status of Poverty)

म्याङलुङ्ग नगरपालीकाको गरिब परिवार तथा गरिबीको प्रतिशतलाई वडागत रुपमा निम्न तालिका बाट प्रष्ट पारिएको छ।

**तालिका ४.२**

**म्याङलुङ्ग नगरपालिकाको वडागत गरिबीको विवरण २०७२**

| वडा नं. | कुल परिवार संख्या | गरिब परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ४३१ | १०७ | २४.८२ |
| २ | ४११ | १०३ | २५.०७ |
| ३ | २०३ | ३२ | १५.७६ |
| ४ | ३४३ | ४५ | १३.१२ |
| ५ | ३३६ | ४७ | १३.९९ |
| ६ | ३१४ | ५३ | १६.८८ |
| ७ | ३२६ | ४५ | १३.८० |
| ८ | ३०२ | ५१ | १६.८८ |
| ९ | ३०८ | ८० | २५.९७ |
| १० | २८६ | ६३ | २२.०२ |
| ११ | २७२ | ५७ | २०.९५ |
| १२ | २७६ | ३२ | ११.५९ |
| १३ | २३७ | ३८ | १६.०३ |
| जम्मा | ४०४५ | ७५३ | |

स्रोत : नगरपालिका पार्श्वचित्र (२०७२)

तलिका ४.२ अनुसार म्याङलुङ्ग नगरपालिकामा जम्मा ४०४५ घर परिवारमध्ये ७५३ घरपरिवार अर्थात् १८.६१ प्रतिशत गरिबीको रेखा मुनि रहेको पाइयो। जसमा सबैभन्दा बढी

गरिब वडा नं. ९ मा ८० घर परिवार अर्थात २५.९७ प्रतिशत रहेको देखिन्छ भने सबैभन्दा कम वडा नं. १२ मा ३२ घरपरिवार अर्थात ११.५९ प्रतिशत रहेको पाइयो ।

### ४.२.४ जातिय विवरण (Ethnic Description)

म्याङलुङ्ग नगरपालिकामा विभिन्न जातजातिहरुको मिश्रीत वासोवास रहेको भएतापनि लिम्बु र नेवारको वाहुल्यता रहेको छ । त्यहाँ वसोवास गर्ने अन्य जातजतिहरुमा क्षेत्री, वाम्ह्ण, तामाङ्ग, कामी, दमाई, सार्की, सुनुवार आदि रहेका छन् । जसलाई तालिकमा निम्नानुसार देखाइएको छ ।

**तालिका ४.३**

**म्याङलुङ्ग नगरपालिकाको जातिय विवरण २०७२**

| क्र.सं. | जातजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | लिम्बु | ६८७९ | ३४.९९ |
| २ | नेवार | ४७१८ | २३.९९ |
| ३ | क्षेत्री | ३१४४ | १५.९९ |
| ४ | वाम्ह्ण | १५७३ | ८.०१ |
| ५ | तामाङ्ग | ७८६ | ३.९९ |
| ६ | दलित -कामी, दमाई, सार्की) | ११७९ | ५.९९ |
| ७ | सुनुवार | ३९३ | १.९९ |
| ८ | अन्य | ९८७ | ९.०३ |
| जम्मा | | १९६५९ | १०० |

स्रोत : नगरपालिका पार्श्व चित्र (२०७२)

तलिका ४.३ अनुसार म्याङलुङ्ग नगरपालिकमा सबैभन्दा बढी लिम्बू जातिको जनसंख्या ३४.९९ प्रतिशत छ भने दोस्रोमा नेवारको २३.९९ प्रतिशत रहेको छ । त्यसैगरी क्षेत्रीको १५.९९ प्रतिशत छ भने चैथोमा वाम्हणको ८.०१ प्रतिशत रहेको छ । दलितको संख्या ५.९९ प्रतिशत छ भने तामङ्गको ३.९९ प्रतिशत हरेको छ । अन्य जातजातिहरुको जनसंख्या ९.०३ प्रतिशत रहेको छ भने सबै भन्दा कम सुनुवारको १.९९ प्रतिशत रहेको छ ।

### ४.२.५ भौतिक सुविधा उपभोग (Use of Physical Facilities)

म्याङ्गलुङ्ग नगरपालिकामा रहेका कुल ४०४५ घरपरिवारको भौतिक सुविधा उपभोगको अवास्थालाई निम्न तालिकाबाट प्रष्ट परिएको छ

## तालिका ४.४

## भौतिक सुविधा उपभोग सम्बन्धी विवरण २०७२

| वाडा नं. | घरधुरी | खानेपानी | | शौचालय | | इन्धन तथा उर्जा | | |
|---|---|---|---|---|---|---|---|---|
| | | धारा | कुवा | प्यानसहितको | प्यानरहितको | दाउरा, कोइला | ग्यास | विधुत |
| १ | ४३१ | ४२७ | ४ | ४१९ | १२ | २२ | ४०९ | ४३१ |
| २ | ४११ | ४०४ | ७ | ४०२ | ९ | ११ | ४०० | ४११ |
| ३ | २०३ | १८६ | १७ | १९० | १३ | २२ | १८१ | २०३ |
| ४ | ३४३ | ३४३ | – | ३३३ | १० | २७ | ३१६ | ३४३ |
| ५ | ३३६ | ३२३ | १३ | ३३१ | ५ | २४ | ३१२ | ३३६ |
| ६ | ३१४ | ३०० | १४ | ३०२ | १२ | १८ | २९६ | ३१४ |
| ७ | ३२६ | ३१० | १६ | ३१५ | ११ | २६ | ३०० | ३२६ |
| ८ | ३०२ | २९० | १२ | २८६ | १६ | ३८ | २६४ | ३०२ |
| ९ | ३०८ | २९१ | १७ | २९५ | १३ | ४८ | २६० | ३०८ |
| १० | २८६ | २६४ | २२ | २५१ | ३५ | ४८ | २३८ | २८६ |
| ११ | २७२ | २५९ | १३ | २४५ | २७ | ५१ | २२१ | २७२ |
| १२ | २७६ | २५१ | २५ | २५४ | २२ | ५४ | २२२ | २७६ |
| १३ | २३७ | २२३ | १४ | २२० | १७ | ३७ | २०० | २३७ |
| जम्मा | ४०४५ | ३८७१ | १७४ | ३८४३ | २०२ | ४२० | ३६२५ | ४०४५ |

स्रोत : नगरपालिका पार्श्व चित्र : (२०७२)

तलिका ४.४ अनुसार यस नगरपालिकामा कुल ४०४५ घरपरिवारमध्ये आफ्नै घरमा धारा हुने घरपरिवारमा ९५.७० प्रतिशत छन् भने कुवाको पानी प्रयोग गर्ने घरपरिवार ४.३०

प्रतिशत रहेका छन् । त्यसैगरी प्यानसहितको शौचालय प्रयोग गर्ने घरपरिवार ९५ प्रतिशत छन् भने प्यान विनाको शौचालय प्रयोग गर्ने घरपरिवार ५ प्रतिशत रहेका छन् ।

सबै घरपरिवारमा विजुली वत्तिको पहुँच पुगेको देखिन्छ भने उर्जामा दउरा प्रयोग गर्ने १०.३८ प्रतिशत र अरु ८९.६२ प्रतिशत घरपरिवारमा इन्धनको स्रोतको रुपमा एल.पी. ग्याँस र वायो ग्याँस प्रयोग गरेको पाइयो ।

### ४.२.६ शैक्षिक संस्थाहरुको अवस्था (Situation of Educational Institutions)

यस नगरपालिकामा वि.सं. २००१ साल बाट नै औपचारिक माध्यमबाट शिक्षा दिने कामको सुरुवात भएको थियो । त्यसभन्दा अगाडी औपचारीक रुपमा शिक्षा सञ्चालनमा थिएन । हाल यस नगरपालिकामा शिक्षित जनसंख्या ७४ प्रतिशत रहेको देखिन्छ । यस नगरपालिकामा रहेका शैक्षिक संस्थाहरुलाई वाल विकास केन्द्र, प्राथमिक विद्यालय, निम्नमाध्यमिक विद्यालय, माध्यमिक विद्यालय, उच्चमाध्यमिक विद्यालय र क्याम्पस गरी विभिन्न ६ वटा वर्गमा विभाजन गरी तलिकामा देखाइएको छ ।

**तालिका ४.५**

**म्याङलुङ्ग नगरपालिकामा रहेका शैक्षिक संस्थाहरुको विवरण २०७२**

| क्र.सं. | शैक्षिक संस्थाहरु | सामुदायिक | निजी | जम्मा |
|---|---|---|---|---|
| १ | वालविकास केन्द्र | ६ | ६ | १२ |
| २ | प्रा.वि. | ३६ | ८ | ४४ |
| ३ | नि.मा.वि. | ६ | ३ | ९ |
| ४ | मा.वि. | ८ | ५ | १३ |
| ५ | उ.मा.वि. | ४ | १ | ५ |
| ६ | बहुमुखी क्याम्पस | २ | – | २ |
| जम्मा | | ६२ | २३ | ८५ |

स्रोत : नगरपालिका, पार्श्व चित्र (२०७२)

तालिका ४.५ अनुसार वालविकास केन्द्र निजी र सामुदायिक गरी जम्मा १२ वटा, प्रा.वि. निजी र सामुदायिक दुवै गरी ४४ वटा, नि.मा.वि. ९ वटा, मा.वि. १३ वटा, उ.मा.वि. ५ वटा र बहुमुखी क्याम्पस सामदायिक मात्र २ वटा गरी जम्मा ८५ वटा शैक्षिक संस्थाहरु रहेका छन् ।

### ४.२.७ शैक्षिक अवस्था सम्बन्धी विवरण (Description of Educational Status)

यस नगरपालिकामा औपचारिक संस्था मार्फत वि.सं. २००१ साल देखि नै शिक्षा प्रदान गर्न थालिएको भएतापनि अन्य भौतिक पूर्वाधार र सुविधा हरुको कमि भएका काराण साक्षरता प्रतिशत ७४ रहेको छ । हुन त देशको समग्र अवस्थालाई हेर्ने हो भने यसलाई राम्रो मान्नु पर्दछ । पहिले देखि नै शिक्षा क्षेत्रमा अगाडी भएको यस नगरपालिको शैक्षिक अवस्थालाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.६**

**म्याङलुङ्ग नगरपालीकाका वाडा नं. १ र २ को शैक्षिक अवस्था सम्बन्धी विवरण २०७२**

| क.सं | विवरण | वाडा नं १ | | | वाडा नं २ | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | एस.एल.सी.भन्दा कम | ४७१ | ५५२ | १०२३ | ४४१ | ५७७ | १०१८ |
| २ | एस.एल.सी | १०२ | १६० | २६२ | ९२ | १८२ | २७४ |
| ३ | प्रविणता प्रमाण पत्र तह | ७२ | १०६ | १७८ | ५७ | ११७ | १७४ |
| ४ | स्नातक र सोभन्दा माथि | २२ | ४७ | ६९ | १७ | ५७ | ७४ |
| ५ | निरक्षर | ३८५ | १७८ | ५६३ | ३८५ | ७२ | ४५७ |
| जम्मा | | १०५२ | १०४३ | २०९५ | ९९२ | १००५ | १९९७ |

स्रोत : नगरपालिका पार्श्वचित्र : २०७२

तलिका ४.६ अनुसार वडा नं. १ मा महिला पुरुष दुवै गरी २६.८७ प्रतिशत जनता निरक्षर र ७३.१४ प्रतिशत मानिस साक्षर रहेको देखिन्छ भने वाडा नं. २ मा २२.८८ प्रतिशत मानिस निराक्षर र ७७.१२ प्रतिशत मानिस साक्षर रहेको देखिन्छ ।

### ४.२.८ पेशा तथा व्यवसाय सम्बन्धी विवरण (Description of Occupation)

म्याङलुङ्ग नगरापालिका वडा नं. १ र २ मा बसोबास गर्ने मानिसहरुमध्ये अन्तराष्ट्रिय श्रम संगठन (ILO) र नेपाल सरकारले तोकेको सक्रिय जाशक्तिको उमेर समुह १५ देखि ५९ वर्षको विभिन्न आय अर्जनका क्षेत्रमा सरिक २,३४१ व्यक्तिहरुको पेशा व्यवसाय एवं रोजगारीलाई विभिन्न समुहमा विभाजन गरी निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७**

**म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ को पेशा तथा व्यवसाय सम्बन्धी विवरण २०७२**

| क्र.सं | विवरण | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | २६१ | २७५ | ५३६ | २३.०४ |
| २ | व्यापार | ३२३ | ३०९ | ६३२ | २६.९५ |
| ३ | उद्योग | ११९ | १३९ | २५८ | ११.०१ |
| ४ | नोकरी र पेन्सन | २५६ | १९० | ४४६ | १९.०१ |
| ५ | ज्याला मजदुरी | १८२ | १४६ | ३२८ | १३.९९ |
| ६ | अन्य | ६० | ८१ | १४१ | ५.९९ |
| जम्मा | | १,२०१ | १,१४० | २,३४१ | १०० |

स्रोत : नगरपालिका पार्श्व चित्र, २०७२

तालिका ४.७ अनुसार नमूना छनोटमा परेका घरपरिवारका काम गर्न सक्षम उमेर समुहको जनसंख्या मध्ये कृषि तथा पशुपालनमा २३.०४ प्रतिशत रहेका छन् भने व्यापारमा २६.९५ प्रतिशत रहेका छन् । त्यसैगर्रा नोकरीमा १९.०१ प्रतिशत रहेका छन् भने ज्याला मजदुरीमा १३.९९ प्रतिशत रहेका छन् । त्यसैगरी उद्योगमा ११.०१ प्रतिशत रहेका छन् भने अन्य पेशा व्यवसाय गर्नेहरुमा ५.९९ प्रतिशत रहेका छन् ।

### ४.२.९ जनसंख्याको उमेरगत विवरण (Description of Agewise Population)

म्याङलुङ्ग नगरपालिकामा रहेको जनसंख्यालाई उमेरगत आधारमा काम गर्न सक्षम र असक्षम गरी विभिन्न तिन वर्गमा विभाजन गरिएको छ । ० देखि १४ वर्षको उमेर समूह र ६० वर्ष भन्दा माथिको जनसंख्यालाई आश्रित जनसंख्या मानिन्छ । म्याङलुङ्ग नगरपालिका वडा नं १ र २ को जनसंख्याको उमेरगत विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.८**

**म्याङलुङ्ग नगरपालिका वडा नं १ र २ को उमेरगत जनसंख्या विवरण - २०७२**

| क्र.सं. | उमेर समुह | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-१४ वार्ष | १,३४१ | ३२.७७ |
| २ | १५-५९ वार्ष | २,३४१ | ५७.२१ |
| ३ | ६० वर्ष भन्दा माथि | ४१० | १०.०२ |
| कुल | | ४०९२ | १०० |

स्रोत : नगरपालिका पार्श्व चित्र, २०७२

तालिकमा ४.८ अनुसार म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ का कुल ४०९२ जनसंख्या मध्ये २,३४१ जना अर्थात ५७.२१ प्रतिशत मानिस काम गर्न सक्षम उमेर समूहमा रहेको पाइयो । ० देखि १४ वर्ष भित्र पर्ने जनसंख्या ३२.७७ प्रतिशत र ६० वर्ष भन्दा माथिको जनसंख्या १०.०२ प्रतिशत रहेको पाइयो । यो दुवै जनसंख्या आश्रीत जनसंख्या मानिन्छ ।

## ४.३ नमूना छनोट क्षेत्रको जनसांख्यिकीय विवरण (Demographic Description of Sampling Area)

यस अध्ययनको नमूना छनोट क्षेत्रमा मिश्रित जात जातिको वासोवास भए तापनि लिम्बू र नेवार जातिको वाहुल्यता रहेको छ । नेवार जाति यहाको आदिवासीको रुपमा रहेका छन् । यो क्षेत्र जिल्लाको सदरमुकाम भएकोले विभिन्न स्थानबाट बसाईंसराई गरी आएर विभिन्न जातजातिको वसोवास रहेको यस नगरपालिकाको जनसांख्यिकीय विवरणलाई लिङ्ग, जाति, र उमेरका आधारमा तालिकाबद्ध गरी प्रस्तुत गरिएको छ ।

### १. लिङ्गका आधारमा जनसांख्यिकीय विवरण (Genderwise Demographic Description )

समग्र रुपमा देशको पुरुष महिला लैङ्गिक अनुपात हेर्दा महिलाको जनसंख्या बढी देखिएतापनि नमूना छनोटमा परेका परिवारको जनसंख्यको अनुपात हेर्दा पुरुषको जनसंख्या नै बढी रहेको पाइयो । यस अध्ययनको नमूना छनोटमा परेका २१० घर परिवारको जनसंख्यालाई लिङ्गका आधारमा तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

## तलिका ४.९

### नमूना छनोट क्षेत्रको लिङ्गका आधारमा जनसांख्यिकीय विवरण २०७३

| वडा. नं. | घरधुरी | महिला | पुरुष | जम्मा जनसंख्या |
|---|---|---|---|---|
| १ | १०७ | २६१ | २५९ | ५२० |
| २ | १०३ | २४८ | २५२ | ५०० |
| जम्मा | २१० | ५०९ | ५११ | १०२० |
| औषत परिवार आकार : ४.८६ | | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तलिका ४.९ मा नमूना छनोटमा परेका २१० घरपरिवारका १०२० जना जनसंख्या रहेकोमा ५०९ जना महिला र ५११ जना पुरुष रहेको देखिन्छ । स्थलगत सर्वेक्षण अनुसार नमूना क्षेत्रमा रहेका घरपरिवारको औषत परिवार आकार ४.८६ रहेको पाइयो ।

**२. जातिगत आधारमा जनसांख्यिकीय विवरण (Castwise Demographic Description)**

नेपाल एउटा जातीय विविधतायुक्त देश भएकाले विभिन्न स्थानहरुमा कुनै जात विशेषको वाहुल्यता रहेको पाइन्छ । यो अध्ययन लिम्बूवान क्षेत्रमा परेको हुनाले लिम्बू जातीको प्रमुखता रहेको पाइन्छ । यस अध्ययनको नमूना छनोटमा परेका २१० घर परिवारको जनसंख्यालाई जातजातिका आधारमा तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तलिका ४.१०**

**नमूना छनोट क्षेत्रको जातिगत आधारमा जनसांख्यिकीय विवरण २०७३**

| क्र.सं. | जातजाती | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | लिम्बू | ३५६ | ३४.९० |
| २ | नेवार | २४४ | २३.९२ |
| ३ | क्षेत्री | १६३ | १५.९८ |
| ४ | बाह्रण | ८२ | ८.०४ |
| ५ | तामाङ्ग | ४१ | ४.०२ |
| ६ | दलित | ६१ | ५.९८ |
| ७ | अन्य | ७३ | ७.१५ |
| जम्मा | | १०२० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तलिका ४.१० अनुसार नमूना छनोटमा परेका २१० घर परिवारका १०२० जनसंख्या मध्ये सबै भन्दा बढी लिम्बूको ३४.९० प्रतिशत रहेको छ भने दोस्रोमा नेवारको २३.९२ प्रतिशत रहेको छ । त्यसैगरी तेस्रोमा क्षेत्रीको १५.९८ प्रतिशत रहेको छ भने चौथोमा ब्राह्मणको ८.०४ प्रतिशत रहेको छ । त्यसैगरी तामाङ्गको जनसंख्या ४.०२ प्रतिशत रहेको छ भने दलितको जनसंख्या ५.९८ प्रतिशत रहेको छ । त्यसैगरी थोरै थोरै जनसंख्या हुने जात जातिहरु लाई अन्य जातजाति भनि एकै ठाउँमा राखिएको छ जसको प्रतिशत ७.१५ रहेको छ ।

**३. उमेरगत आधरमा जनसांख्यिकीय विवरण (Agewise Demographic Description )**

म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ का नमूना छनोटमा परेका २१० घरपरिवारको जनसंख्यालाई काम गर्न सक्षम जनसंख्या र आश्रित जनसंख्याका आधारमा विभिन्न तिन

समूहमा विभाजन गरिएको छ । नमूना छनोटमा परेका घर परिवारको जनसंख्यालाई उमेरगत आधारमा तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ४.११**

**नमूना छनोटमा परेका घरपरिवारको उमेरगत आधारमा जानसांख्यिकीय विवरण २०७३**

| क्र.सं. | उमेर समूह | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ० देखि १४ वर्ष | ३३४ | ३२.७७ |
| २ | १५ देखि ५९ वर्ष | ५८४ | ५७.२१ |
| ३ | ६० वर्ष भन्दा माथि | १०२ | १०.०२ |
| जम्मा | | १०२० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तलिका ४.११ अनुसार नमूना छनोटमा परेका २१० घरपरिवारमा सबैभन्दा बढी ५७.२१ प्रतिशत काम गर्न सक्षम उमेर समूह (१५-५९ वर्ष) को जनसंख्या रहेको छ भने ०-१४ वर्ष उमेर समुहको जनसंख्या ३२.७७ प्रतिशत र ६० वर्षभन्दा माथिको जनसंख्या १०.०२ प्रतिशत रहेको छ । ० देखि १४ वर्ष उमेर समुह र ६० वर्षभन्दा माथिको जनसंख्यालाई आश्रित जनसंख्या मानिन्छ । जुन दुवैलाई जोड्दा ४२.७९ प्रतिशत हुन्छ ।

## ४.४ नमूना घरपरिवारको आर्थिक अवस्था (Genderwise Demographic Description )

यस अध्ययनमा नमूना छनोटमा परेका घरपरिवारको आर्थिक अवस्था पत्ता लगाउन भौतिक सम्पत्ती, तहगत आम्दानी, स्रोतगत आम्दानी, तहगत खर्च, स्रोतगत खर्च, वचत तथा ऋणको अवस्था, ऋण भूक्तानीको अवस्था, जस्ता पक्षलाई समावेश गरिएको छ ।

### ४.४.१ घरपरिवारको पेशा (Occupational Status of the Family)

म्याङलुङ् नगरपालिका वडा नं. १ र २ का नमूना छनोट घरपरिवारका घरमूलीलाई तपाईको पेशा के हो ?भनी प्रश्न गर्दा आफ्नो सबैभन्दा बढी आम्दानी हुने स्रोतलाई नै प्रमुख पेशा

मान्ने गरेको पाइयो । उत्तरदाताबाट प्राप्त तथ्याङ्कका आधारमा नमूना छनोट घरपरिवारको पेशालाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ४.१२**

**नमूना घरपरिवारको पेशागत विवरण - २०७३**

| क.सं. | पेशा | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि तथा पशुपालन | ६८ | ३२.३५ |
| २. | व्यापार | ३२ | १४.९५ |
| ३. | उद्योग | २७ | १२.९९ |
| ४. | नोकरी | २३ | १४.९३ |
| ५. | ज्यालामजदुरी | २५ | १२.०३ |
| ६. | वैदेशिक रोजगारी | १२ | ५.९० |
| ८. | अन्य | १४ | ६.८४ |
| | जम्मा | २१० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तलिका ४.१२ अनुसार कृषि तथ पशुपालनमा संलग्न ३२.३५ प्रतिशत घरपरिवार पाइयो भने व्यापारमा संलग्न १४.९५ प्रतिशत पाइयो । त्यसैगरी उद्योगमा १२.९९ रहेको पाइयो भने नोकरीमा १४.९३ प्रतिशत घरपरिवार रहेको पाइयो । दैनिक ज्यालादारीमा संलग्न घरपरिवार १२.०३ प्रतिशत रहेको पाइयो भने वैदेशिक रोजगारीलाई आप्नो मुख्य पेशा मान्ने ५.९० प्रतिशत घरपरिवार रहेको पाइयो । त्यसैगरी अन्य पेशा व्यावसायलाई आफ्नो प्रमुख पेशा मान्ने घरपरिवार ६.८४ प्रतिशत रहेको पाइयो ।

### ४.४.२ घरपरिवारका सदस्यहरुको पेशा (Occupational Status of Family Members)

नमूना छनोट भएका जम्मा २१० घरपरिवारका १०२० जना मध्ये अन्तराष्ट्रिय श्रमसंगठनले तोकेको तथा नेपाल सरकारले पनि मान्यता दिए अनुसार १५ देखि ५९ वर्ष सम्मका कार्यशिल जनसक्तिको पेशा तथा रोजगारीको अवस्थालाई विभिन्न समुह मा विभाजन गरी निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.१३**

**नमूना घरपरिवारका कार्यशिल जनशक्ति (१५ देखि ५९ वर्ष) को पेशा तथा रोजगारीको अवस्था २०७३**

| क्र.सं. | पेशा | पुरुष | महिला | कुल | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | ९३ | ९६ | १८९ | ३२.३५ |
| २ | व्यापार | ४३ | ४४ | ८७ | १४.९५ |
| ३ | उद्योग | ३६ | ४० | ७६ | १२.९९ |
| ४ | नोकरी र पेन्सन | ५९ | ३४ | ९३ | १५.९३ |
| ५ | ज्याला मजदुरी | ३७ | २७ | ६४ | ११.०३ |
| ६ | बैदेशिक रोजगारी | २० | ९ | २९ | ४.९० |
| ७ | अन्य | २४ | २२ | ४६ | ७.८४ |
| जम्मा | | ३१२ | २७२ | ५८४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तलिका ४.१३ मा नमूना छनोटमा परेका घरपरिवारको कार्यशिल जनशक्ति ५८४ मध्ये कृषि पेशामा २८९जना अर्थात् ३२.३५ प्रतिशत संलग्न रहेको पाइयो । व्यापारमा ८७ जना अर्थात १४.९५ प्रतिशत संलग्न रहेको पाइयो । त्यसैगरी उद्योगमा ७६ जना अर्थात् १२.९९ प्रतिशत छन भने नोकरी र पेन्सनमा ९३ जना अर्थात् १५.९३ प्रतिशत संलग्न रहेको पाइयो । ज्यालमजदुरी गर्नेहरुमा ६४ जना अर्थात् ११.०३ प्रतिशत छन् । त्यसैगरी वैदेशिक रोजगारीमा जानेहरुमा २९ जना अर्थात् ४.९० प्रतिशत रहका छन् । अन्य पेशा व्यवसाय अपनाउनेहरुमा ४६ जना अर्थात् ७.८४ प्रतिशत रहेका छन् ।

### ४.४.३ भौतिक सम्पत्ती (Physical Assets)

नमूना छनोटमा परेका घरपरिवारको भौतिक सम्पत्ती प्रयोगको अवस्था पत्ता लगाउन भू-स्वामित्वको अवस्था पत्ता लगाउन आवाशको अवास्था र अन्य भौतिक सम्पत्ती प्रयोगको अवस्थाको अध्ययन गरिएको छ ।

**१. भू-स्वामित्व (Land Wonership)**

यस अध्ययनको नमुना छनोटमा परेका घरपरिवारको जमिनमाथिको स्वामित्व असमान प्रकारको रहेको छ । नमूना छनोटमा परेका २१० घर परिवारको जमिनमाथिको स्वामित्वलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ४.१४**

**नमुना छनोट घरपरिवारको भू-स्वामित्व सम्बन्धी विवरण २०७३**

| ५ रोपनि भन्दा कम जग्गा हुने | ५ देखि १० रोपनि सम्म जग्गा हुने | १० देखि १५ रोपनि सम्म जग्गा हुने | १५ देखि २० रोपनि सम्म जग्गा हुने | २० देखि २५ रोपनि सम्म जग्गा हुने | जम्मा |
|---|---|---|---|---|---|
| ९३ | ६० | २४ | १८ | १५ | २१० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१४ अनुसार कुल २१० घर परिवारमध्ये ५ रोपनी भन्दा कम जग्गा हुने घरपरिवार ९३ रहेका पाइयो भने ५ देखि १० रोपनी सम्म जग्गा हुने ६० घरपरिवार पाइयो । त्यसैगरी १० देखि १५ रोपनी सम्म जग्गा हुने २४ घरपरिवार, १५ देखि २० रोपनी जग्गा हुने १८ घरपरिवार, २० देखि २५ रोपनी सम्म जग्गा हुने १५ घरपरिवार रहेको पाइयो ।

**२. आवास सुविधाको अवस्था (Situation of Selter Facility)**

मानिसको आवास सुविधाले पनि गरिबीको अवस्था पत्ता लगाउन सहयोग गर्दछ । आवासको अवस्था अध्ययन गर्न आवास सुविधा उपलब्ध हुने र नहुने भनी हेरिएको छ भने घरको प्रकृति, कच्चि, अर्धकच्चि तथा पक्की कस्तो हो ? भनी छुट्याइएको छ । अध्ययन क्षेत्रमा

नमूना छनोटमा परेका परिवारको आवास सुविधा सम्बन्धी विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१५**

**नमूना छनोटमा परेका घरपरिवारको आवास सुविधा सम्बन्धी विवरण २०७३**

| क.सं. | आवासको विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफ्नो घर नहुने | ३४ | १६.१९ |
| २ | कच्ची | ४१ | १९.५२ |
| ३ | अर्धपक्की | ६३ | ३०.०० |
| ४ | पक्की | ७२ | ३४.२९ |
| जम्मा | | २१० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तलिका ४.१५ अनुसार अध्ययन क्षेत्रका नमूना छनोटमा परेका कुल २१० घरपरिवार मध्ये १६.१९ प्रतिशत परिवारको आफ्नो घर नभएको पाइयो । त्यसैगरी ढुङ्गा, माटो, बाँस प्रयोग गरी बनाएका र फुस्को छानो भएका १९.५२ प्रतिशत परिवार पाइयो भने ढुङ्गा, इँटा, माटोको घरमा सिमेन्टको प्लष्टर गरेको र जस्ताको छानो भएका अर्धपक्की स्वरुपका ३० प्रतिशत घरपरिवार पाइयो । त्यसैगरी ३४.२९ प्रतिशत परिवारको पक्की घर रहेको पाइयो ।

**३. अन्य सुविधाहरु (Other Facilities)**

अध्ययन क्षेत्रको नमूना छनोटमा परेका परिवारको गरिबीको स्थिती पत्ता लगाउनका लागि अन्य भौतिक सुविधा अर्न्तगत शौचालय, खानेपानी, उर्जाको स्रोत, विजुलीबत्तिको प्रयोगजस्ता विभिन्न भौतिक सुविधाको अवस्थालाई अध्ययन गरिएको छ । जसको विवरणलाई तलको तलिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ४.१६**

**नमूना छनोटमा परेका घरपरिवारको अन्य सुविधा सम्बन्धी विवरण २०७३**

| शौचालय | | खानेपानी | | उर्जाको स्रोत | | विजुली बत्ति |
|---|---|---|---|---|---|---|
| प्यानसहितको | प्यनरहित | धारा | कुवा | दाउरा | ग्यास | |
| २०० | १० | २०२ | ८ | ९४ | ११६ | २१० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तलिका ४.१६ अनुसार अध्ययन क्षेत्रका नमूना छनोटमा परेका २१० घरपरिवार मध्ये प्यान सहितको शैचालय भएको घर परिवार २०० र प्यान रहित शौचलय भएको घर परिवार १० रहेको पाइयो । त्यसैगरी खोनेपानी लिन कुवा जाने परिवार ८ रहेको पाइयो भने धारा बाट पनि प्रयोग गर्ने परिवारको संख्या २०२ रहेको पाइयो । उर्जाको स्रोतको रुपमा दाउरा प्रयोग गर्ने परिवारको संख्या ९४ रहेको पाइयो भने ग्यास प्रयोग कर्ता परिवार ११६ रहेको पाइयो । त्यसैगरी सत प्रतिशत घरपरिवारले विजुली वत्तिको प्रयोग गरेको पाइयो ।

### ४.४.४ परिवारको वार्षिक आम्दानी (Annual Income of the Family)

मानिसले वाच्नका लागि अम्दानीका विभिन्न स्रोतहरु पहिचान गरी व्यवसाय अवलम्बन गरिएको हुन्छ । नमूना छनोटमा परेका घरपरिवारका आम्दानीलाई स्रोतगत तथा तहगत आधारमा क्रमश व्याख्या गरिएको छ ।

### १. स्रोतगत आम्दानी (Sourcewise Income)

म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ का नमूना छानोमा परेका घरपरिवारले अवलम्बन गरेको पेशा व्यवसाय तथा रोजगारी बाट प्राप्त स्रोतगत आम्दानीलाई तालिकामा निम्नानुसार देखाइएको छ ।

## तालिका ४.१७

## नमूना छनोटमा परेका परिवारको वार्षिक स्रोतगत आम्दानी २०७३

| क.सं. | विवरण | आम्दानी (रु) | आम्दानी प्रतिशत | घरपरिवार प्रतिशत |
|---|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | ४१२७२२७.५० | २४.६३ | ३२.३५ |
| २ | नोकरी तथा पेन्सन | ३२७८०८५ | १९.५६ | १५.९३ |
| ३ | बैदेशिक रोजगारी | २७३१८८२.५० | १६.३० | ४.९० |
| ४ | व्यापार | ३२४१२७० | १९.३४ | १४.९५ |
| ५ | उद्योग | १८५३३७७.५० | ११.०६ | १२.९९ |
| ६ | ज्याला मजदुरी | ८४९१८७.५० | ५.०६ | ११.०३ |
| ७ | अन्य | ६७७१०७.५० | ४.०४ | ७.८४ |
| | जम्मा | १६७५८१३७.५० | १०० | १०० |
| वार्षिक पारिवारिक औषत आय रु ७९८००.६५ | | | | |
| वार्षिक प्रतिव्यक्ति औषत आय रु १६४२९.५४ | | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तलिका ४.१७ अनुसार छनौटमा परेका घरपरिवारको विभिन्न शिर्षकबाट प्राप्त आम्दानी जम्मा रु १६७५८१३७.५० रहेको छ । जहाँ कृषि तथा पशुपालनबाट कुल आम्दानीको २४.६३ प्रतिशत, नोकरी तथा पेन्सनबाट १९.५६ प्रतिशत, बैदेशिक रोजगारी बाट १६.३० प्रतिशत, व्यापार बाट १९.३४ प्रतिशत, उद्योग बाट ११.०६ प्रतिशत ज्याला मजदुरीबाट ५.०६ प्रतिशत तथा अन्य व्यवसायबाट ४.०४ प्रतिशत आम्दानी प्राप्त भएको देखिन्छ ।

### २. तहगत आम्दानी (Levelwise Income)

गरिबीको अवस्था अध्ययन गर्न आम्दानीको अधययन महत्वपूर्ण हुन्छ । विभिन्न स्रोतबाट प्राप्त आम्दानीको अध्ययनबाट मानिस कुन तहमा पर्छ भन्ने कुरा पत्ता लगाउन सकिने हुनाले तहगत आम्दानीको अध्ययन गर्नुपर्ने हुन्छ । अध्ययनको क्रममा छनोटमा परेका २१० घरपरिवारको विभिन्न स्रोतहरुबाट प्राप्त आम्दानी विवरणलाई तहगत रुपमा निम्न तालिकामा देखाइएको छ ।

## तालिका ४.१८

## नमूना छनोटमा परेका घरपरिवारको तहगत आम्दानी विवरण २०७३

| क्र.सं. | वार्षिक आम्दानीको स्तर | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु ५० हजार भन्दा कम | ९३ | ४४.२८ |
| २ | ५० हजार देखि १ लाख सम्म | ६० | २८.५७ |
| ३ | १ लाख देखि १ लाख ५० हजार सम्म | २२ | १०.४७ |
| ४ | १ लाख ५० हजार देखि २ लाख सम्म | १८ | ८.५७ |
| ५ | दुईलाख भन्दा माथि | १७ | ८.१० |
| जम्मा | | २१० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

तलिका ४.१८ मा म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ का नमूना छनोटमा परेका घरपरिवारको वार्षिक आम्दानीको विवरण प्रस्तुत गरिएको छ । जसमा रु ५० हाजार भन्दा कम आम्दानी प्रप्त गर्ने परिवारको प्रतिशत ४४.२८ रहेको छ । त्यसैगरी ५० हजार देखि १ लाख सम्म २८.५७ प्रतिशत, १ लाख देखि १ लाख ५० हजार सम्म १०.४७, १ लाख ५० हजार देखि २ लाख सम्म ८.५७ र २ लाख भन्दा माथि आम्दानी प्राप्त गर्ने घरपरिवारको संख्या ८.१० प्रतिशत रहेको छ ।

### ४.४.५. परिवारको वार्षिक खर्च (Annual Expenditure of the Family)

यस अध्ययनमा नमूना छनोटमा परेको म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ का घरपरिवारहरुको वार्षिक खर्चलाई स्रोतगत र तहगत रुपमा प्रस्तुत गरिएको छ ।

### १. स्रोतगत खर्च (Sourcewise Expenditure)

अध्ययन क्षेत्रको गरिबीको स्तर अध्ययन गर्नका लागि नमूना घरपरिवारको वार्षिक स्रोतगत खर्च पत्ता लगाइएको छ । अध्ययन क्षेत्रमा परेका घरपरिवारको मुख्य खर्चका स्रोतहरु

उपभोग, शिक्षा, स्वास्थ्य, चाडपर्व रहेका छन । नमूना छनोटमा परेका घरपरिवारको वार्षिक स्रोतगत खर्चलाई तालिकामा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.१९**

**नमूना छनोटमा परेका घरपरिवारको बार्षिक स्रोतगत खर्चको विवरण २०७३**

| क.सं | स्रोतगत खर्च | रकम रु | प्रतिशत |
|---|---|---|---|
| १ | खाद्यान्न उपयोग | ८०३९४३० | ४३.५८ |
| २ | खाद्यान्न वाहेक उद्योग खर्च | ३८४४६७४ | २०.८४ |
| ३ | शिक्षा | २७४५०२७ | १४८७ |
| ४ | स्वास्थ्य | १८०६७३२ | ९.८० |
| ५ | चाडपर्व मनोरञ्जन | २०११९५० | १०.९० |
| | जम्मा | १८४४७८१३ | १०० |
| | वार्षिक पारिवारिक औषत खर्च रु ८७८४६.७२ | | |
| | वार्षिक प्रतिव्यक्ति औषत खर्च रु १८०८६.०९ | | |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

तलिका ४.१९ अनुसार नमूना छनोटमा परेका घरपरिवारको वार्षिक विभिन्न स्रोतहरुमा गर्ने खर्च मा सवैभन्दा वढी खाद्यान्न उपभोगमा ४३.५८ प्रतिशत खाद्यान्नमा भएको देखिन्छ भने त्यसपछि खाद्यान्न वाहेक उपभोग खार्चमा २०.८४ प्रतिशत देखिन्छ । त्यसैगरी शिक्षा १४.८७ प्रतिशत भएको देखिन्छ भने चाडपर्व र मनोरञ्जनमा १०.९० प्रतिशत त्यसैगरी स्वास्थ्यमा सबैभन्दा कम ९.८० प्रतिशत खर्च भएको देखिन्छ ।

**२ तहगत खर्च (Levelwise Expenditure)**

गरिबीको अवस्था अध्ययन गर्न खर्चको अधययन महत्वपूर्ण हुन्छ । विभिन्न स्रोतहरुमा खर्चको आधारमा मानिसले कुन तहको खर्च गर्दछ भन्ने कुरा पत्ता लगाउन नसकिने भएकाले तहगत खर्चको अध्ययन गर्नुपर्ने हुन्छ । यस अध्ययनमा नमूना छनोटमा परेका घरपरिवारको तहगत खर्चको विवरणलाई तलको तलिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ४.२०**

**नमूना छनोटमा परेका घरपरिवारको तहगत खर्च सम्बन्धी विवरण २०७३**

| क्र.सं. | खर्चको स्तर | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५० हजारभन्दा कम खर्च गर्ने | ४९ | २३.३३ |
| २ | ५० हजार देखि १ लाखसम्म | ९३ | ४४.२८ |
| ३ | १ लाख देखि १५० हजारसम्म | ६० | २८.५७ |
| ४ | १५० हजार देखि २ लाखसम्म | ५ | २.३८ |
| ५ | २ लाखभन्दा माथि | ३ | १.४३ |
| जम्मा | | २१० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तलिका ४.२० अनुसार नमूना छनोटमा परेका घरपरिवारमध्ये वार्षिक ५० हजारभन्दा कम खर्च गर्ने २३.३३ प्रतिशत रहेका छन् भने ५० हजार देखि १ लाखसम्म खर्च गर्ने ४४.२८ प्रतिशत घरपरिवार रहेको पाइयो । त्यसैगरी १ लाख देखि १ लाख ५० हजारसम्म खर्च गर्ने २८.५७ प्रतिशत रहेका छन् भने १ लाख ५० हजार देखि २ लाखसम्म खर्च गर्ने २.३८ प्रतिशत घर परिवार रहेको पाइयो । त्यसैगरी २ लाखभन्दा वढी खर्च गर्ने सबैभन्दा कम १.४३ प्रतिशत घरपरिवार रहेको पाइयो ।

### ४.४.६ परिवारको वार्षिक वचत/घाटा (Annual Saving / Deficit of the Family)

वार्षिक आम्दानीबाट वार्षिक खर्च घटाउँदा प्राप्तहुने रकम नै वार्षिक वचत वा घाटा हो । आम्दानीभन्दा खर्च बढी भएमा घाटा हुन्छ भने आम्दानीभन्दा खर्च कम भएमा वचत हुन्छ । वचत वा घाटाले मानिसको आर्थिक अवस्थालाई जाहेर गर्दछ । वचतले आर्थिक अवस्था सुदृढ भएको जनाउँछ भने घाटाले गरिबीलाई संकेत गर्दछ । म्याङलुङ्ग नगरपालिकाका नमूना छनोटमा परेका घरपरिवारको वार्षिक वचत/घाटालाई तालिकामा निम्नानुसार देखाईएको छ ।

**तालिका ४.२१**

**नमूना छनोटमा परेका घरपरिवारको बार्षिक घाटा २०७३**

| क.सं. | विवरण | जम्मा (रु) |
|---|---|---|
| १ | वार्षिक आम्दानी | १६७५८१३७.५० |
| २ | बार्षिक खर्च | १८४४७८१३ |
| ३ | बार्षिक घाटा | १६८९६७५.५० |
| वार्षिक पारिवारिक औषत घाटा रु ८०४६.०७ | | |
| वार्षिक प्रतिव्यक्ति औषत घाटा रु १६५६.५४ | | |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तलिका ४.२१ मा नमूना छनोटमा परेका घरपरिवारको वार्षिक औसत आम्दानी रु १६७५८१३७.५० र खर्च रु १८४४७८१३ रहेको छ । औसत आम्दानी र औसत खर्च लाई तुलना गरेर हेर्दा वार्षिक घाटा रु १६८९६७५.५० हुन आएको देखिन्छ ।

### ४.४.७ ऋणका स्रोतहरु (Sources of Loan)

यस अध्ययनमा नमूना छनोट घरपरिवारका घरमुली संग लिएको प्रत्यक्ष व्यक्तिगत अर्न्तर्वाताबाट प्राप्त तथ्याङ्कका आधारमा पारिवारिक ऋणका स्रोतहरु, ऋणको आकार र व्याजदरलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.२२**

**नमूना छनोट घरपरिवारको ऋणका स्रोतहरुको विवरण २०७३**

| क.सं. | ऋणको स्रोत | रकम | व्याजदर (प्रतिशतमा) |
|---|---|---|---|
| १ | बैङ्क | ६००००० | १२ |
| २ | सहकारी संस्था | ८००००० | १६ |
| ३ | आफन्त/नातेदार | ५००००० | २० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तलिका ४.२२ अनुसार नमुना छनोट घरपरिवारले बैङ्कबाट १२ प्रतिशत व्याजदरमा रु.६००००० सम्म ऋण लिएको पाइयो भने सहकारी संस्थाबाट १६ प्रतिशतका दरले रु.८००००० सम्म ऋण लिएको पाइयो । त्यसैगरी आफन्तजन तथा नातेदारहरुबाट २० प्रतिशतका दरले रु.५००००० सम्म ऋण लिएको पाइयो ।

### ४.४.८ ऋण भूक्तानी प्रक्रिया (Process of Loan Payment )

नमूना छनोटमा परेका घरपरिवारहरुसंग गरिएको प्रत्यक्ष कुराकानीको आधारमा यो थाहा हुन आयो की उनिहरुले बैङ्क मार्फत गरेको कारोवारहरु बैङ्कको नियमअनुसार मासिक रुपमा व्याज भूक्तान गरेको पाइयो भने सहकारी मार्फत ऋण लिएका हरुले मासिक किस्तावन्दीमा व्याज तथा सावाँ भूक्तानी गरेको पाइयो । आफन्तजन तथा नातेदारबाट कारोवार गर्नेहरुले आपसी सहमतिका आधार सावाँ तथा व्याज भूक्तानी गरेको पाइयो ।

## ४.५ आयात/निर्यात विवरण (Description of Import/Export)

नमूना छनोटमा परेका घरपरिवारको वार्षिक आयात र निर्यात हुने सामग्रीहरुको विवरणलाई क्रमबद्ध रुपमा तल प्रस्तुत गरिएको छ ।


### १. निर्यात सम्बन्धी विवरण (Description of Export)

म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ बाट निर्यात हुने सामग्रीको विवरणलाई स्तंभ चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र ४.१**

**वार्षिक निर्यात सम्बन्धी विवरण २०७३**

**(प्रतिशतमा)**




स्रोत : स्थालगत सर्वेक्षण, २०७३


चित्र ४.१ मा म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ बाट निर्यात हुने सामग्रीको विवरणलाई प्रस्तुत गरिएको छ । जसमा सबैभन्दा वढी ढाका कपडा २९ प्रतिशत, त्यसैगरी इँटा २२ प्रतिशत, वाँसबाट निर्मित सामग्री २४ प्रतिशत र दुध तथा दुग्धजन्य उत्पादनबाट २५ प्रतिशत सामग्री निर्यात भएको देखिन्छ ।

## २. कृषि उपज आयात विवरण (Description of Import)

नमूना छनोटमा परेका घरपरिवारहरुले खासगरी आयात गर्ने सामाग्रीहरु खाद्यन्न, दलहन, फलफुल तथा तेलहन रहेको पाइयो । नमुना छनोटमा परेको म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ मा आयात हुने कृषि उपजको विवरलाई तलको बृत्त चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र ४.२**

**म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ मा आयात हुने कृषि उपजको विवरण २०७३**




स्रोत : स्थलगत सर्वेक्षण, २०७३

वृत चित्र ४.१ मा म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ आयात हुने कृषि उपजको विवरण प्रस्तुत गरिएको छ । जसअनुसार खाद्यान्नको सबैभन्दा बढी ७५ प्रतिशत आयात हुने देखिन्छ भने दलहन ८ प्रतिशत, फलफुल ११ प्रतिशत रहेको छ भने सबैभन्दा कम ६ प्रतिशत तेलहन आयात हुनेगरेको देखिन्छ ।

### ४.६ खाद्यान्न उत्पादन र उपभोगको अवस्था (Situation of Cereal Production and Consumption)

खाद्यान्नको उपलब्धता तथा प्रयोगका आधारमा पनि गरिबीको अवस्था अध्ययन गर्न सकिन्छ । खाद्यान्न उत्पादन उपाभोग, खाद्यान्नको माग, खाद्यान्न निर्यात तथा आयात आदिका आधारमा गरिबीको विश्लेषण गरिन्छ । यस अध्ययनको नमूना छनोटमा परेका घरपरिवारको खाद्यान्न सम्बन्धी विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### १. खाद्यान्न उत्पादन र मागको अवस्था (Situation of Cereal Production and Demand)

नेपाल एउटा कृषि प्रधान देश भएकाले सबैजसो भूभागमा वातावरण तथा हावापानी सुहाउदो खाद्यान्न उत्पादन हुने गर्दछ । यस अध्ययनको नमूना छनोटमा परेका २१० घरपरिवारको खाद्यान्न उत्पादन तथा मागको अवस्थालाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ४.२३**

**नमूना घरपरिवारको खाद्यान्न उत्पादन र मागको अवस्था (क्विन्टलमा)-२०७३**

| घरधुरी संख्या | खाद्यान्न उत्पादन | खाद्यान्नको माग | खाद्यान्न अपुग |
|---|---|---|---|
| २१० | १०८४ | १८६१.५० | ७७७.५० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तलिका ४.२३ अनुसार नमूना छनोट घरपरिवारको खाद्यान्न माग वार्षिक १८६१.५० क्विटल रहेको पाइयो भने खाद्यान्न उत्पादन १०८४ क्विटल मात्र हुने गरेको पाइयो । वार्षिक रुपमा ७७७.५० क्विटल खाद्यान्न अपुग हुने गरेको पाइयो ।

#### २. खाद्यान्न उपभोगको अवस्था (Situation of Cereal Consumption)

खाद्यान्न मानिसलाई बाँच्नका लागि आधारभूत आवश्यकता हो । आम्दानी हुने तथा नहुने सबैका लागि यो अपरिहार्य छ । तेह्रथुम जिल्ला म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ का नमूना छनोटमा परेका घरपरिवारको वार्षिक खाद्यान्न उपभोगको अवस्थालाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

## तालिका ४.२४

## नमूना घरपरिवारको वार्षिक खाद्यान्न उपभोगको अवस्था-२०७३

| क्र.सं. | समय | घरपरिवार |
|---|---|---|
| १. | ३ महिनासम्म | ५० |
| २. | ३ देखि ६ महिनासम्म | ३८ |
| ३. | ६ देखि ९ महिनासम्म | ६० |
| ४. | ९ देखि १२ महिनासम्म | ४२ |
| ५. | वचत गर्ने | २० |
| | जम्मा | २१० |

स्रोत : स्थालगत सर्वेक्षण - २०७३

तालिका ४.२४ मा म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ का नमूना छनोटमा परेका घरपरिवारको वार्षिक खाद्यान्न उपभोगको अवस्थालाई देखाइएको छ । तालिका अनुसार ३ महिना सम्म मात्र आफ्नो उत्पादनले खान पुग्ने ५० घरधुरी रहेको पाइयो भने ३ देखि ६ महिना सम्म मात्र खान पुग्ने ३८ घरधुरी रहेको पाइयो । त्यसैगरी ६ देखि ९ महिना सम्म आफ्नो उत्पादनले खान पुग्ने ६० घरधुरी रहेको पाइयो भने ९ देखि १२ महिना सम्म खान पुग्ने ४२ घरधुरी रहेको पाइयो । त्यस्तै वचत गर्नेमा २० घरपरिवार रहेको पाइयो ।

### ४.७. नमूना घरपरिवारको शैक्षिक अवस्था (Educational Condition of Sampling Family)

गरिबीलाई आर्थिक पक्षबाट मात्र नहेरी पारिवारीक शैक्षिक अवस्थासँग जोडेर पनि अध्ययन गरिन्छ । नमूना छनोट घरपरिवारको शैक्षिक अवस्थाको अध्ययन गर्न साक्षरता र निराक्षरताको अवस्था, तहगत शैक्षिक अवस्था, बालबालिका अध्ययनरत विद्यालयको प्रकार आदिलाई आधार बनाइएको छ ।

**१. साक्षरता र निराक्षरताको अवस्था (Condition of Literacy and Illiteracy)**

गरिबी मापन गर्न साक्षरता र निराक्षरताको पनि अध्ययन गर्नुपर्ने हुन्छ । निराक्षरता धेरैजसो गरीव परिवारमा हुने गर्दछ । तेह्रथुम जिल्ला म्याङलुङ् नगरपालिका वडा नं. १ र २ का नमूना छनोटमा परेका घरपरिवारका सदस्यहरुको साक्षरता र निराक्षरतालाई तलको तालिकाबाट प्रष्ट पारिएको छ :

**तालिका ४.२५**

**नमूना छनोट घरपरिवारका सदस्यहरुको साक्षरता र निराक्षरता सम्बन्धी विवरण -२०७३**

| क्र.सं. | विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | निराक्षर | २५४ | २४.९० |
| २. | साक्षर | ७६६ | ७५.१० |
| | जम्मा | १०२० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण - २०७३

तालिका ४.२५ अनुसार नमूना छनोट घरपरिवारका १०२० जना जनसंख्यामध्ये २४.९० प्रतिशत निराक्षर रहेको पाइयो भने ६५.१० प्रतिशत जनसंख्या साक्षर रहेको पाइयो ।

**२. तहगत शैक्षिक अवस्था (Levelwise Educational Condition)**

गरिबीको अध्ययन गर्न नमूना छनोट घरपरिवारका सदस्यहरुको तहगत शैक्षिक अवस्थाले पनि सहयोग गर्दछ । नमूना छनोटमा परेका घरपरिवारको तहगत शैक्षिक अवस्थाको अध्ययन गर्न साक्षर जनसंख्यालाई उनीहरुले अध्ययन गरेको तहका आधारमा विभिन्न ४ तहमा विभाजन गरिएको छ । जसमा निराक्षरतालाई समावेश गरिएको छैन किनभने निराक्षरताको कुनै तह नै हुदैन । साक्षरतालाई तहगत रुपमा तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ४.२६**

**नमूना छनोट घरपरिवारको तहगत शैक्षिक अवस्था - २०७३**

| क्र.सं | विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एस.एल.सी भन्दा कम | ५१० | ६६.५७ |
| २. | एस.एल.सी | १३३ | १७.३६ |
| ३. | प्रविणता प्रमाणपत्र तह | ८८ | ११.४८ |
| ४. | स्नातक र सोभन्दा माथि | ३५ | ४.५७ |
| ५. | जम्मा | ७६६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका ४.२६ अनुसार कुल साक्षर जनसंख्या ७६६ जनामा एस.एल.सी.भन्दा कम मात्र अध्ययन गर्ने ६६.५७ प्रतिशत रहेको पाइयो भने एस.एल.सी  गर्ने १७.३६ प्रतिशत रहेको पाइयो । त्यसैगरी प्रविणता प्रमाणपत्र तह अध्ययन गर्ने ११.४८ प्रतिशत रहेको पाइयो भने स्नातक र सोभन्दा माथि अध्ययन गर्ने ४.५७ प्रतिशत रहेको पाइयो ।

**३. बालबालिका अध्ययनरत विद्यालय (School of Studying Child)**

बालवालिका अध्ययनरत विद्याालयको प्रकारबाट पनि परिवारको आर्थिक अवस्थाको जानकारी पाउन सकिन्छ । यस अनुसन्धानमा नमूना छनोटमा परेका घरपरिवारका बालवालिका अध्ययनरत विद्यालयको प्रकार र बालवालिकाको तहगत विवरणलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तलिका ४.२७**

**वालवालिका अध्ययनरत विद्यालयको विवरण २०७३**

| विद्यालयको प्रकार | | | |
|---|---|---|---|
| त्ह | सामुदायिक | संस्थागत | जम्मा |
| प्रा.वि. | ७० | ४३ | ११३ |
| नि.मा.वि. | ४२ | २४ | ६६ |
| मा. वि. | ३१ | १३ | ४४ |
| जम्मा | १४३ | ८० | २२३ |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तलिका ४.२७ अनुसार विद्यालय जाने कुल २२३ जना बालवालिकामध्ये ११३ जना प्राथमिक विधालय जाने गरेकोमा ७० जना सामुदायिक र ४३ जना संस्थागत विद्यालयमा अध्ययनरत पाइयो भने नि.मा.वि. तहमा अध्ययनरत कुल ६६ जना विद्यार्थीहरुमा ४२ जना सामुदायिक र २४ जना संस्थागत विद्यालयमा अध्ययनरत पाइयो । त्यसै गरी मा.वि. तहमा अध्यनरत ४४ जना रहेकोमा सामुदायिकतर्फ ३१ जना र संस्थागततर्फ १३ जना अध्ययनरत रहेको पाइयो । विद्यालयको तह बढ्दै जाँदा संस्थागत विद्यालयमा विद्यार्थी संख्याको अनुपात घट्दै गएको देखिन्छ भने सामुदायिकतर्फ संस्थागत विद्यालयको तुलनामा विद्यार्थी संख्याको अनुपात बढ्दै गएको पाइयो ।

## ४.८ शहरी गरिबीले शैक्षिक क्षेत्रमा परेको प्रभाव (Impact of Urban Poverty in Education)

नमूना छनोटमा परेका घरपरिवारको आम्दानी स्तरमा विविधता रहेको पाइन्छ । आम्दानीको स्तरमा भएको विविधता संगै बालबालिकाको शैक्षिक अवस्थामा पनि विविधता रहेको पाइन्छ । आम्दानीको स्तर बढी हुने घरपविरको  बालबालिकाको माथिल्लो तहसम्म शिक्षा हासिल गरेको पाइयो । शहरी गरिब परिवारका बालबालिकाको विद्यालयतहको शैक्षिक अवस्था, अध्ययनरत विद्यालयको प्रकार र परिवारको तहगत आम्दानीलाई तालिकाबाट देखाइएको छ । जसमा ५ वर्ष भन्दा मुनीका बलाबालिकालाई समावेश गरिएको छैन किनकी ५ वर्ष भन्दा मुनीका बालबालिका लाई औपचारिक विद्यालय उमेर समुह मानिदैन । नमूना

छनोट परिवारको तहगत आय र बालवालिका अध्ययनरत विद्यालयको प्रकारलाई निम्न तलिकाबाट देखाइएको छ ।

**तालिका ४.२८**

**नमूना घरपरिवारको गरिबीले शैक्षिक क्षेत्रमा पारेको प्रभाव २०७३**

| क्र.सं. | वार्षिक आम्दानीको स्तर | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|---|
| १ | रु ५० हजारभन्दा माथि | ७३ | २६ | ९९ |
| २ | रु ५० देखि १ लाखसम्म | ४२ | २२ | ६४ |
| ३ | रु १ लाख देखि १५० लाखसम्म | १३ | १० | २३ |
| ४ | रु १५० ला. देखि २ लाखसम्म | १० | ९ | १९ |
| ५ | रु २ लाखभन्दा माथि | ५ | १३ | १८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तलिका ४.२८ अनुसार नमूना घरपरिवारको वार्षिक तहगत आम्दानी बढ्दै जादा सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको पाइयो भने संस्थागत विद्यालयमा विद्यार्थी संख्या बढ्दै गइरहेको पाइयो । शहरी गरिब परिवारका विद्यालय उमेर समूहका सबै बलबालिका विद्यालय जाने गरको पाइयो । शहरी क्षेत्रमा सेवा सुविधा तुलनात्मक रूपमा बढी उपलब्ध हुने र जनचेतनाको स्तर बढी हुने कारणले विद्यालय उमेरका सबै वालवालिका विद्यालय जाने गरेको पाइयो ।

## ४.९ अध्ययन क्षेत्रमा गरिबीका कारणहरु (Causes of Poverty in study Area)

म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ का नमूना छानोटमा परेका घरपरिवारको गरिबीको आधार पत्ता लगाई गरिबीको आर्थिक र शैक्षिक अवस्थाको विश्लेषण गर्नु यस अध्ययनको प्रमुख उद्देश्य हो । २१० घर परिवार नमूना छनोट गरी अध्ययनगर्दा गरिबीका निम्न कारणहरु रहेको पाइयो । अध्ययन क्षेत्रका नमूना घरपरिवारका घरमूलीलाई तपाइको परिवार गरिब हुनुनको प्रमुख कारण के हो ? भनी प्रश्न गर्दा प्राप्त प्रतिकृयालाई तलको तलिकामा देखाइएको छ ।

**तालिका ४.२९**

**नमूना घरपरिवारको गरिबीका कारणहरुको विवरण २०७३**

| क्र.सं. | गरिब हुनुका कारण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | न्यून आय भएकोले | ५३ | २५.२३ |
| २ | निर्वाहमुखी व्यवसाय भएकोले | ४० | १९.०४ |
| ३ | रोजगारीको अभाव भएकोले | ५१ | २४.२८ |
| ४ | प्राविधिक शिक्षा र व्यवसायिक तालिमको अभाव | २४ | ११.४२ |
| ५ | न्यून औधोगिकरण भएकोले | १२ | ५.७१ |
| ६ | पूँजीको अभाव भएकोले | १७ | ८.१० |
| ७ | आम्दानीको ठुलो भाग उपभोगमा खर्च भएकोले | १३ | ६.२ |
| | जम्मा | २१० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७३

तलिका ४.२९ अनुसार अध्ययन क्षेत्रमा गरिबीका कारणहरुलाई बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ ।

१. न्यून आय : अध्ययनमा नमूना छनोटमा परेका घरपरिवारको जिवनस्तर न्यून हुनुका कारणहर के के हुन भनी प्रंश्न गर्दा आय आर्जनको भरपर्दो स्रोत नभएकाले खान लाउन धौ धौ पर्छ भन्ने जवाफ२५.२३ प्रतिशतबाट पाइयो ।

२. निर्वाहमुखी व्यवसाय : नमूना छनोटमा परेका घरपरिवारको व्यवसायको अध्ययन गर्दा निर्वाहमुखी मात्र व्यवसाय अवलम्बन गरेको १९.०४ प्रतिशतबाट पाइयो ।

३. रोजगारीको अभाव : नमूना छनोटमा परेका घरपरिवारको रोजगारीको अवस्था अध्ययन गर्दा धेरै जसो जनसंख्या वेरोजगार रहनुपरेको कारण परम्परादेखि अपनाउदै आएको व्यवसाय नै गर्दै गरेको र कतिपय अदृश्य वेरोजगार, अल्पबेरोजगार र मौसमी बेरोजगार रहेको पाइयो । जसमा २४.२८ प्रतिशतबाट रोजगारीको अभावका कारण गरिब हुनु परेको भन्ने जवाफ पाइयो ।

४. प्राविधीक शिक्षा र व्यवसायिक तालिमको अभाव : अध्ययन क्षेत्रमा साक्षरता प्रतिशत देशको कुल साक्षरता प्रतिशतभन्दा बढी रहे तापनि प्राविधीक शिक्षा र व्यवसायिक तालिमको अभावको कारण धेरै मानिसहरु बेरोजगार बस्नु परेको छ जसले गर्दा गरिबीको अवस्था देखियो भन्ने जवाफ ११.४२ प्रतिशतबाट पाइयो ।

५. न्यून औधोगिकरण : खासगरी मानिहरुको जिवनस्तरमा रोजगारीले मुख्य रुपमा प्रभाव परेको हुन्छ । सबैभन्दा बढी रोजगारी सिर्जना हुने क्षेत्र उद्योगधन्दा नै हो । नमूना छनोट क्षेत्रमा औधोगिक विकाश हुन नसकेको कारण रोजगारीको अवस्था कम्जोर रहेको छ । जसले गरिबीको न्यूनिकराणमा अवरोध उत्पन्न भएको छ भनने जवाफ ५.७१ प्रतिशतबाट पाइयो ।

६. पूँजीको अभाव : अध्ययन क्षेत्रमा पूँजी निर्माणका कर्यक्रमहरुको अभावको कारण लगानिमा कमिका कारण आम्दानीको स्तर न्यून भएको भन्ने जवाफ ८.१० प्रतिशतबाट पाइयो ।

७. आम्दानीको ठूलो भाग उपयोगमा खर्च : नमूना छनोट घरपरिवारको आम्दानीको ठूलोभाग दैनिक उपभोगमा खर्च हुने गरेको पाइयो । जसले बचत तथा लगानिमा असर परेको देखिन्छ भन्ने जवाफ ६.२ प्रतिशत घरपरिवारबाट पाइयो ।

## ४.१० प्राप्ती र साराशं (Outcomes and Summary)

१. नमूना छनोटमा परेका २१० घरपरिवारका १०२० जना जनसंख्या रहेकोमा ५०९ जना महिला र ५११ जना पुरुष रहेको देखिन्छ । स्थलगत सर्वेक्षण अनुसार नमूना क्षेत्रमा रहेका घरपरिवारको औषत परिवार आकार ४.८६ रहेको पाइयो ।

२. नमूना छनोटमा परेका २१० घर परिवारका १०२० जनसंखया मध्ये सबैभन्दा बढी लिम्बूको ३४.९० प्रतिशत रहेको छ भने दोस्रोमा नेवारको २३.९२ प्रतिशत रहेको छ । त्यसैगरी तेस्रोमा क्षेत्रीको १५.९८ प्रतिशत रहेको छ भने चौथोमा ब्राह्मणको ८.०४ प्रतिशत रहेको छ । त्यसैगरी तामाङ्गको जनसंख्या ४.०२ प्रतिशत रहेको छ भने दलिको जनसंख्या ५.९८ प्रतिशत रहेको छ । त्यसैगरी थोरै थोरै जनसंख्या हुने जातजातिहरुलाई अन्य जातजाति भनि एकै ठाउँमा राखिएको छ जस्को प्रतिशत ७.१५ रहेको छ ।

३. नमूना छनोटमा परेका २१० घरपरिवारमा सबैभन्दा बढी ५७.२१ प्रतिशत काम गर्न सक्षम उमेर समूह (१५-५९ वर्ष) को जनसंख्या रहेको छ भने ०-१४ वर्ष उमेर समुहको जनसंख्या ३२.७७ प्रतिशत र ६० वर्षभन्दा माथिको जनसंख्या १०.०२ प्रतिशत रहेको छ । ० देखि १४ वर्ष उमेर समुह र ६० वर्ष भन्दा माथिको

जनसंख्यालाई आश्रित जनसंख्या मानिन्छ । जुन दुवैलाई जोड्दा ४२.७९ प्रतिशत हुन्छ ।

४. कृषि तथ पशुपालनमा संलग्न ३२.३५ प्रतिशत घरपरिवार पाइयो भने व्यापारमा संलग्न १४.९५ प्रतिशत पाइयो । त्यसैगरी उद्योगमा १२.९९ रहेको पाइयो भने नोकरीमा १४.९३ प्रतिशत घरपरिवार रहेको पाइयो । दैनिक ज्यालादारीमा संलग्न घरपरिवार १२.०३ प्रतिशत रहेको पाइयो भने वैदेशिक रोजगारीलाई आप्नो मुख्य पेशा मान्ने ५.९० प्रतिशत घरपरिवार रहेको पाइयो । त्यसैगरी अन्य पेशा व्यावसायलाई आफ्नो प्रमुख पेशा मान्ने घरपरिवार ६.८४ प्रतिशत रहेको पाइयो ।

५. नमूना छनोटमा परेका घरपरिवारको कार्यशिल जनशक्ति ५८४ मध्ये कृषि पेशामा २८९जना अर्थात् ३२.३५ प्रतिशत संलग्न रहेको पाइयो । व्यापारमा ८७ जना अर्थात् १४.९५ प्रतिशत संलग्न रहेको पाइयो । त्यसैगरी उद्योगमा ७६ जना अर्थात् १२.९९ प्रतिशत छन भने नोकरी र पेन्सनमा ९३ जना अर्थात् १५.९३ प्रतिशत संलग्न रहेको पाइयो । ज्याल मजदुरी गर्नेहरुमा ६४ जना अर्थात् ११.०३ प्रतिशत छन् । त्यसैगरी वैदेशिक रोजगारीमा जानेहरुमा २९ जना अर्थात् ४.९० प्रतिशत रहेकाछन् । अन्य पेशा व्यवसाय अपनाउनेहरुमा ४६ जना अर्थात् ७.८४ प्रतिशत रहेका छन् ।

६. २१० घर परिवारमध्ये ५ रोपनीभन्दा कम जग्गा हुने घरपरिवार ९३ रहेका पाइयो भने ५ देखि १० रोपनी सम्म जग्गा हुने ६० घरपरिवार पाइयो । त्यसैगरी १० देखि १५ रोपानी सम्म जग्गा हुने २४ घरपरिवार, १५ देखि २० रोपनी जग्गा हुने १८ घरपरिवार, २० देखि २५ रोपानी सम्म जग्गा हुने १५ घरपरिवार रहेको पाइयो ।

७. अध्ययन क्षेत्रका नमूना छनोटमा परेका कुल २१० घरपरिवारमध्ये १६.१९ प्रतिशत परिवारको आफ्नो घर नभएको पाइयो । त्यसैगरी ढुङ्गा, माटो, बाँस प्रयोग गरी बनाएका र फुस्को छानो भएका १९.५२ प्रतिशत परिवार पाइयो भने ढुङ्गा, इँटा, माटोको घरमा सिमेन्टको प्लष्टर गरेको र जस्ताको छानो भएका अर्धपक्की स्वरुपका ३० प्रतिशत घरपरिवार पाइयो । त्यसैगरी ३४.२९ प्रतिशत परिवारको पक्की घर रहेको पाइयो ।

८. अध्ययन क्षेत्रका नमूना छनोटमा परेका २१० घरपरिवार मध्ये प्यान सहितको शैचालय भएको घर परिवार २०० र प्यान रहित शौचलय भएको घर परिवार १०

रहेको पाइयो । त्यसैगरी खोनेपानी लिन कुवा जाने परिवार ८ रहेको पाइयो भने धारा बाट पनि प्रयोग गर्ने परिवारको संख्या २०२ रहेको पाइयो । उर्जाको स्रोतको रुपमा दाउरा प्रयोग गर्ने परिवारको संख्या ९४ रहेको पाइयो भने ग्याँस प्रयोगकर्ता परिवार ११६ रहेको पाइयो । त्यसैगरी शतप्रतिशत घरपरिवारले विजुली वत्तिको प्रयोग गरेको पाइयो ।

९. छनौटमा परेका घरपरिवारको विभिन्न शिर्षकबाट प्राप्त आम्दानी जम्मा रु १६७५८१३७.५० रहेको छ । जहाँ कृषि तथा पशुपालनबाट कुल आम्दानीको २४.६३ प्रतिशत, नोकरी तथा पेन्सनबाट १९.५६ प्रतिशत, बैदेशिक रोजगारी बाट १६.३० प्रतिशत, व्यापार बाट १९.३४ प्रतिशत, उद्योग बाट ११.०६ प्रतिशत ज्याला मजदुरीबाट ५.०६ प्रतिशत तथा अन्य व्यवसायबाट ४.०४ प्रतिशत आम्दानी प्राप्त भएको देखिन्छ ।

१०. म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ का नमूना छनोटमा परेका घरपरिवारको वार्षिक आम्दानीको विवरण प्रस्तुत गरिएको छ । जसमा रु ५० हाजार भन्दा कम आम्दानी प्रप्त गर्ने परिवारको प्रतिशत ४४.२८ रहेको छ । त्यसैगरी ५० हजार देखि १ लाख सम्म २८.५७ प्रतिशत, १ लाख देखि १ लाख ५० हजार सम्म १०.४७, १ लाख ५० हजार देखि २ लाख सम्म ८.५७ र २ लाख भन्दा माथि आम्दानी प्राप्त गर्ने घरपरिवारको संख्या ८.१० प्रतिशत रहेको छ ।

११. नमूना छनोटमा परेका घरपरिवारको वार्षिक विभिन्न स्रोतहरुमा गर्ने खर्च मा सवैभन्दा वढी खाद्यान्न उपभोगमा ४३.५८ प्रतिशत खर्च भएको देखिन्छ भने त्यसपछि खाद्यान्न वाहेक उपभोग खार्चमा २०.८४ प्रतिशत देखिन्छ । त्यसैगरी शिक्षा १४.८७ प्रतिशत भएको देखिन्छ भने चाडपर्व र मनोरञ्जनमा १०.९० प्रतिशत त्यसैगरी स्वास्थ्यमा सबैभन्दा कम ९.८० प्रतिशत खर्च भएको देखिन्छ ।

१२. नमूना छनोटमा परेका घरपरिवार मध्ये वार्षिक ५० हजारभन्दा कम खर्च गर्ने २३.३३ प्रतिशत रहेका छन भने ५० हजार देखि १ लाख सम्म खर्च गर्ने ४४.२८ प्रतिशत घरपरिवार रहेको पाइयो । त्यसैगरी १ लाख देखि १ लाख ५० हजार सम्म खर्च गर्ने २८.५७ प्रतिशत रहेका छन् भने १ लाख ५० हजार देखि २ लाख सम्म खर्च गर्ने २.३८ प्रतिशत घर परिवार रहेको पाइयो । त्यसैगरी २ लाख भन्दा वढी खर्च गर्ने सबै भन्दा कम १.४३ प्रतिशत घरपरिवार रहेको पाइयो ।

१३. नमूना छनोटमा परेका घरपरिवारको कुल वार्षिक आम्दानी रु.१६७५८१३७.५० र कुल वार्षिक खर्च रु.१८४४७८१३ रहेको पाइयो । कुल वार्षिक आम्दानी र कुल वार्षिक खर्चलाई तुलना गरेर हेर्दा कुल वार्षिक घाटा रु.१६८९६७५.५० हुन आएको पाइयो ।

१४. नमुना छनोट घरपरिवारले बैङ्कबाट १२ प्रतिशत व्याजदरमा रु.६००००० सम्म ऋण लिएको पाइयो भने सहकारी संस्थाबाट १६ प्रतिशतका दरले रु.८००००० सम्म ऋण लिएको पाइयो । त्यसैगरी आफन्तजन तथा नातेदारहरुबाट २० प्रतिशतका दरले रु.५००००० सम्म ऋण लिएको पाइयो ।

१५. म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ बाट निर्यात हुने सामग्रीको विवरणलाई प्रस्तुत गरिएको छ । जसमा सबैभन्दा वढी ढाका कपडा २९ प्रतिशत, त्यसैगरी इँटा २२ प्रतिशत, बाँसबाट निर्मित सामग्री २४ प्रतिशत र दुध तथा दुग्धजन्य उत्पादन बाट २५ प्रतिशत सामग्री निर्यात भएको देखिन्छ ।

१६. म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ आयात हुने कृषि उपजको विवरण प्रस्तुत गरिएको छ । जसअनुसार खाद्यान्नको सबैभन्दा बढी ७५ प्रतिशत आयात हुने देखिन्छ भने दलहन ८ प्रतिशत, फलफुल ११ प्रतिशत रहेको छ भने सबैभन्दा कम ६ प्रतिशत तेलहन आयात हुने गरेको देखिन्छ ।

१७. नमूना छनोट घरपरिवारको खाद्यान्न माग वार्षिक १८६१.५० क्विन्टल रहेको पाइयो भने खाद्यान्न उत्पादन १०८४ क्विन्टल मात्र हुने गरेको पाइयो । वार्षिक रुपमा ७७७.५० क्विन्टल खाद्यान्न अपुग हुने गरेको पाइयो ।

१८. म्याङलुङ्ग नगरपालिका वडा नं. १ र २ का नमूना छनोटमा परेका घरपरिवारको वार्षिक खाद्यान्न उपभोगको अवस्थालाई देखाइएको छ । ३ महिनासम्म मात्र आफ्नो उत्पादनले खान पुग्ने ५० घरधुरी रहेको पाइयो भने ३ देखि ६ महिनासम्म मात्र खान पुग्ने ३८ घरधुरी रहेको पाइयो । त्यसैगरी ६ देखि ९ महिनासम्म आफ्नो उत्पादनले खान पुग्ने ६० घरधुरी रहेको पाइयो भने ९ देखि १२ महिनासम्म खान पुग्ने ४२ घरधुरी रहेको पाइयो । त्यस्तै वचत गर्नेमा २० घरपरिवार रहेको पाइयो ।

१९. नमूना छनोट घरपरिवारका १०२० जना जनसंख्यामध्ये २४.९० प्रतिशत निराक्षर रहेको पाइयो भने ६५.१० प्रतिशत जनसंख्या साक्षर रहेको पाइयो ।

२०. कुल साक्षर जनसंख्या ७६६ जनामा एस.एल.सीभन्दा कम मात्र अध्ययन गर्ने ६६.५७ प्रतिशत रहेको पाइयो भने एस.एल.सी गर्ने १७.३६ प्रतिशत रहेको पाइयो । त्यसैगरी प्रविणता प्रमाणपत्र तह अध्ययन गर्ने ११.४८ प्रतिशत रहेको पाइयो भने स्नातक र सोभन्दा माथि अध्ययन गर्ने ४.५७ प्रतिशत रहेको पाइयो ।

२१. विद्यालय जाने कुल २२३ जना बालवालिकामध्ये ११३ जना प्राथमिक विधालय जाने गरेकोमा ७० जना सामुदायिक र ४३ जना संस्थागत विद्यालयमा अध्ययनरत पाइयो भने नि.मा.वि. तहमा अध्ययनरत कुल ६६ जना विद्यार्थीहरुमा ४२ जना सामुदायिक र २४ जना संस्थागत विद्यालयमा अध्ययनरत पाइयो । त्यसै गरी मा.वि. तहमा अध्यनरत ४४ जना रहेकोमा सामुदायिकतर्फ ३१ जना र संस्थागततर्फ १३ जना अध्ययनरत रहेको पाइयो । विद्यालयको तह बढ्दै जाँदा संस्थागत विद्यालयमा विद्यार्थी संख्याको अनुपात घट्दै गएको देखिन्छ भने सामुदायिकतर्फ संस्थागत विद्यालयको तुलनामा विद्यार्थी संख्याको अनुपात बढ्दै गएको देखिएको पाइयो ।

२२. नमूना घरपरिवारको वार्षिक तहगत आम्दानी बढ्दै जादा सामुदायिक विद्यालयमा विद्यार्थीसंख्या घट्दै गएको छ भने संस्थागत विद्यालयमा विद्यार्थी संख्या बढ्दै गइरहेको छ । शहरी गरिब परिवारका विद्यालय उमेर समुहका सबै बलबालिका विद्यालय जानेगरेको पाइयो । शहरी क्षेत्रमा सेवा सुविधा उपलब्धहुने र जनचेतनाको स्तर बढी हुने कारणले विद्यालय उमेरका सबै वालवालिका विद्यालय जनेगरेको पाइयो ।

# अध्याय पाँच (CHAPTER FIVE)

## ५ निष्कर्ष र सुझावहरु (CONCLUSION AND RECOMMENDATIONS)

### ५.१ निष्कर्ष (Conclusion)

तेह्रथुम जिल्ला म्याङ्गलुङ्ग नगरपालिका वडा नं. १ र २ का २१० न्यून आम्दानी भएका घरपरिवारमा गरिएको सर्वेक्षणका धारमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा प्राप्त निष्कर्षलाई बुदागत रुपमा तल प्रस्तुत गरिएको छ ।

१. २१० घरपरिवारको कुल जनसंख्या १०२० रहेकोमा ५०९ महिला र ५११ पुरुष रहेको पाइयो । देशको पुरुष महिला जनसंख्या अनुरुप हेर्दा महिलाको जनसंख्या बढी देखिए पनि अध्ययन स्थलमा पुरुषको जनसंख्या बढी देखिन्छ ।

२. २१० घरपरिवार मध्ये सबैभन्दा बढी लिम्बू जातिको जनसंख्या ३४.९० प्रतिशत रहेको पाइएता पनि विभिन्न जातजातिको मिश्रित वसोवास रहेको पाइयो । घरपरिवारका १०२० जना जनसंख्या मध्ये कामगर्न सक्षम उमेर समुहको जनसंख्या ५८४ जना रहेको पाइयो भने ४३६ जना आश्रित रहेको पाइयो ।

३. अध्ययन गर्ने क्रममा उत्तरदाताले आफ्नो सबैभन्दा बढी आम्दानी हुने स्रोतलाई नै आफ्नो प्रमुख पेशा मान्ने गरेको पाइयो । सबै भन्दा बढी कृषि पेशामा ३२.३५ प्रतिशत मानिस आबद्ध भएको पाइयो । त्यसैगरी परिवारका सदस्यहरु पनि सबैभन्दा बढी ३२.३५ प्रतिशत नै कृषिमा आबद्ध भएको पाइयो ।

४. २१० घरपरिवारको जमिन माथिको स्वामित्व अध्ययन गर्दा आफ्नो र अरुको पनि जग्गा कमाउने ९६ घरपरिवार रहेको पाइयो भने आफ्नो जग्गा आफै कमाउने ५६ घरपरिवार रहेको पाइयो । त्यसैगरी आफ्नो जग्गा नहुने अरुको जग्गा कमाउने ५३ घरपरिवार पायो भने आफ्नो जग्गा अरुलाई कमाउन दिने ५ घरपरिवार रहेको पाइयो ।

५. आवास सुविधालाई हेर्दा आफ्नो घर नहुने १६.१९ प्रतिशत रहेको पाइयो भने कच्ची घर हुने १९.५२ प्रतिशत रहेको पाइयो । त्यसैगरी अर्धपक्की घर हुने ३० प्रतिशत रहेको पाइया भने पक्की घर हुने ३४.२९ प्रतिशत रहेको पाइयो ।

६. भौतिक सुविधाको अवस्थालाई अध्ययन गर्दा कुल २१० घरपरिवारमध्ये २०० घरपरिवारमा प्यान सहितको शौचालय रहेको पाइयो । त्यसैगरी २०२ घरपरिवारले धाराको खानेपानी प्रयोग गर्नेगरेको पाइयो भने ८ घरपरिवारले कुवा प्रयोग गरेको

पाइयो । त्यसैगरी ९४ घरपरिवारले उर्जाको श्रोतको रुपमा दाउरा प्रयोग गरेको पाइयो भने ११६ घरपरिवारले ग्यास प्रयोग गर्नेगरेको पाइयो । त्यसैगरी २१० सबै घरपरिवारले विजुली बत्ति प्रयोग गर्ने गरेको पाइयो ।

७. घरपरिवारको स्रोतगत आम्दानीको अध्ययन गर्दा सबैभन्दा बढी कृषि तथा पशुपालनबाट २४.६३ प्रतिशत आम्दानी भएको पाइयो भने सबैभन्दा कम अन्यबाट ४.०४ प्रतिशत प्राप्त हुने गरेको पाइयो ।

८. तहगत आम्दानीलाई हेर्दा वार्षिक रु ५० हजारभन्दा कम आय प्राप्त गर्ने पनि पाइयो भने वार्षिक २ लाखभन्दा बढी आय प्राप्त गर्ने परिवार पनि पाइयो ।

९. घरपरिवारको उपभोग खर्चको अध्ययन गर्दा सबैभन्दा बढी खाद्यन्न उपयोगमा ४३.५८ प्रतिशत खर्चहुने गरेको देखिन्छ भने सबैभन्दा कम स्वास्थ्यमा ९.८० प्रतिशत हुने गरेको पाइयो । त्यसैगरी वार्षिक पारिवारीक औषत खर्च रु.८७८४६.७२ हुने गरेको पाइयो भने वार्षिक प्रतिव्यक्ति औषत खर्च रु.१८०८६.०९ हुने गरेको पाइयो ।

१०. घरपरिवारको वार्षिक औषत आयभन्दा औषत खर्च बढी देखिएकोले पारीवारिक वार्षिक औषत घाटा रु.८०४६.०७ रहेको देखिन्छ ।

११. नमूना छनोट घरपरिवारको बैङ्कबाट १२ प्रतिशत व्याजदरमा रु.६०००००, सम्म ऋण लिएको पाइयो भने सहकारी संस्थाबाट १६ प्रतिशतका दरले रु.८००००० सम्म आफन्तबाट २० प्रतिशतका दरले रु.५००००० सम्म ऋण लिएको देखिन्छ ।

१२. नमूना छनोट परिवारको वार्षिक खाद्यान्न उत्पादन १०८४ क्वीन्टल हुने गरेको दखियो भने माग वार्षिक १८६१.५० क्वीन्टल रहेको देखिएको छ । खाद्यान्न उत्पादन र मागको परिमाण तुलना गर्दा वार्षिक ७७७.५० क्वीन्टल खाद्यान्न अपुग रहेको देखिन्छ ।

१३. नमूना छनोट घरपरिवारका १०२० जना जनसंख्या मध्ये ७७६ जना अर्थात ७५.१० प्रतिशत साक्षर र २४५ जना अर्थात २४.९० प्रतिशत निरक्षर रहेको पाइयो ।

१४. नमूना छनोट घरपरिवारका कुल साक्षर जनसंख्या मध्ये ६६.५७ प्रतिशतले एस.एल.सी. भन्दा कमको मात्र शिक्षा हासिल गरेको पाइयो भने स्नातक र सो भन्दा माथिको जनसंख्या ४.५७ प्रतिशत रहेको पाइयो ।

१५. यस अध्ययनको नमूना छनोटमा परेका घरपरिवारका विद्यालयतहमा अधययनरत कुल वालवालिकाहरु मध्ये १४३ जना सामुदायिक र ८० जना संस्थागत विद्यालयमा अध्ययनरत रहेको पाइयो । वालवालिकाको अध्ययन तह बृद्धि हुँदै जाँदा सामुदायिक विद्यालयमा विद्यार्थी अनुपात बढदै गएको छ भने संस्थागत विद्यालयमा विद्यार्थी अनुपात घट्दै गइरहेको छ ।

१६. नमूना छनोट घरपरिवारको वार्षिक आम्दानी स्तर बढ्दै जाँदा सामुदायिक विद्यालयमा अधययरत वालवालिका संख्या घट्दै गएको छ भने संस्थागत विद्यालयमा अध्ययनरत वालवालिका संख्या वढ्दै गइरहेको छ । जस्तै : वार्षिक ५० हजार भन्दा कम आम्दानी हुने घरपरिवारका ९९ जना वालवालिका मध्ये ७३ जना सामुदायिक विद्यालयमा अध्ययनरत रहेका छन् भने २६ जना संस्थागत विद्यालयमा अध्ययनरत रहेको पाइयो । त्यसैगरी  आम्दानीको स्तर बढेर वार्षिक रु २ लाख भन्दा बढी हुने घरपरिवारका १८ जना बालबालिका मध्ये सामुदायिक विद्यालयमा अध्ययनरत ५ जना रहेको पाइयो भने संस्थागत विद्यालयमा अध्ययनरत बालबालिकाको संख्या १३ जना रहेको पाइयो ।

१७. नमूना छनोटमा परेका घरपरिवारको गरिबीका कारणहरुमा न्यून आम्दानी हुनु, निर्वाहमुखी व्यवसाय हुनु, रोजगारीको अभाव, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको अभाव, न्यून औधोगिकरण, पुँजिको अभाव आम्दानीको ठूलो भाग उपाभोगमा खर्च हुनु आदि रहेको पाइयो ।

१८. नमूना छनोटमा परेका घरपरिवारको आफ्नो उत्पादनबाट ३ महिनासम्म खान पुग्ने ५० परिवार रहेका छन् भने ३ देखि ६ महिनासम्म खान पुग्ने ६० घरपरिवार रहेको पाइयो । ९ देखि १२ महिनासम्म खान पुग्ने ४२ घरपरिवार रहेको पाइयो भने बचत गर्ने २० घरपरिवार रहेको पाइयो ।

## ५.२ सुझावहरु (Recommendation)

नेपाल एउटा अल्पविकसित देश भएकोले गरिबी एउटा प्रमुख समस्याको रुपमा  रहेको छ । गरिबीका प्रमुख कारणहरुमा  कम आम्दानी हुनु, निर्भाहमुखी व्यवसाय हुनु, रोजगारीको अभाव हुनु ,प्राविधिक तथा ब्यवसायिक तालिमको अभाव हुनु,न्यून औधोगिकरण, पूँजीको अभाव जस्ता कारणहरु रहेका छन् । यो अध्ययन  तेहथुम जिल्ला म्याङ्गलु नगरपालिका वडा नं.१ र २ का नमुना छनोटमा परेका घरपरिवारका गरिबी न्यूनीकारणका लागि निम्न सुझावहरु  प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीति सम्बन्धी सुझाव (Policy Related Recommendation)

यस अध्ययनमा शहरी गरिबीको अवस्था पत्ता लगाई गरिबीले परिवारको शैक्षिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गरिएको छ । गरिबी न्यूनीकरणका लागि नीतिगत रुपमा निम्न सुझावहरु पेस गरिएको छ ।

१. यस अध्ययन क्षेत्रमा सवैभन्दा बढी कृषि पेशामा ३२.३५ प्रतिशत भएको र निर्वाहमुखी कृषि भएकोले कृषिमा आधुनिकीकरण तथा व्यवसायिकरण गर्नु पर्ने देखिन्छ । यसका लागि वास्तविक किसान पहिचान गरी सरकारले कृषक लाई खेती गर्नका लागि जग्गा, रसायनिक मल, किटनासक औषधी, सिचाई सुबिधा, वाली विमा,अनुदान तथा सहुलियतपूर्ण ऋण उपलब्ध गराउनुपर्ने देखिन्छ । साथै पशुपालन, कुखुरा पालन, माछापालन मौरीपालन जस्ता कार्यक्रमलाई प्रोसाहन गर्न प्राविधीक जनशक्तिको ब्यवस्था गर्नुपर्ने देखिन्छ ।

२. प्रतिव्यक्ति वार्षिक औषत आय रु.१६४२९.५४ र प्रतिव्यक्ति बार्षिक औषत खर्च रु.१८०८६.०९ हुने गरेको देखिन्छ भने आम्दानीभन्दा खर्च रु.१६५६.५५ बढी देखिन्छ । यो घाटा पूर्ती गर्न अध्ययन क्षेत्रमा सरकारले तथा गरिबी निवारण सम्बन्धी काम गर्ने सधैं संस्थाहरुले स्थानीय जनतालाई सीपमूलक तालिम प्रदान गरी उनिहरुको उत्पादकत्वमा वृद्धि गर्नुपर्ने देखिन्छ ।

३. गरिब लक्षित कार्यक्रमहरु वास्तविक गरिबहरु पहिचान गरी सामाजीक समावेशीकरण, पारदर्शीता र मगका आधारमा आवश्यकतामुखी कार्यक्रम संञ्चालन गर्नुपर्ने देखिन्छ ।

४. अध्ययन क्षेत्रमा निराक्षरता २४.९० प्रतिशत देखिएकोले यसको निराकरणका लागि प्रौढ शिक्षा तथा वाल शिक्षाको प्रभावकारीतामा जोड दिनुपर्ने देखिन्छ ।

५. गरिबी न्यूनीकरणका लागि वित्तीय संघसस्थाहरु जस्तै वैंक तथा सहकारीहरुले छरिएर रहेको पूँजी संकलन गरी गरिबी न्यूनीकरणलाई मदत पुग्ने गरी लगानी गर्नु पने देखिन्छ ।

### ५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्वन्धीत सुझाव (Practice Related Recommendation)

नेपाल एउटा अल्पविकसित देश भएकाले गरिबी प्रमुख चुनैतिको रुपमा रहेको छ । गरिबीले समाजमा असमानता र विभेद जन्माउने गर्दछ । यसले परिवारको स्वस्थ्य, शिक्षा, खानपान, आवास तथा अन्य आवश्यकक्तालाई समेत प्रभाव पारेको हुन्छ । गरिबी न्यूनिकरणका लागि प्रयोगात्मक पक्षसँग सम्बन्धीत सुझावहरु निम्न अनुसार रहेका छन् ।

१. प्रमुख पेशा कृषि भएकाले कृषि सम्बन्धी तालिम तथा शिक्षा हासिल गरी कृषिलाई आधुनिक तथा व्यवसायमूलक पेशाको रुपमा संञ्चालन गरी आम्दनी वृद्धि गर्नुपर्ने देखिन्छ ।

२. स्थानीय स्तरमा परम्परा देखि गर्दै आएका पेशा, ब्यवसायको पहिचान गरी स्तररोन्ती गर्नका लागि समूह गठन गरी समुहमार्फत कार्यक्रम संञ्चालन गर्नुपर्ने देखिन्छ ।

३. अध्ययन क्षेत्रमा २४.९० प्रतिशत निरक्षरता रहेकोले जि.वि.स., गा.वि.स.ले निरक्षरता उन्मुलन कार्य गर्नुपर्ने देखिन्छ ।

४. स्थानीय वेरोजगार युवाहरु मिलेर सामूहिक व्यवसायीक खेती, कुखुरापालन , माछापालन र घरेलु तथा साना उद्योग संञ्चालन गर्नुपर्ने देखिन्छ ।

५. स्थानीय स्तरमा देखिएका अन्धविश्वास, परम्परागत सोच र कुरीति हटाउन स्थानीय रुपमा शान्ति समूहद्वारा जनचेतना वढाउने कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ५.२.३ आगामी अनुसन्धान सम्बन्धी सुझाव : (Further Research Related Recommendation)

गरिबी विश्वभर फैलिएर रहेको हरेक देशको प्रमुख चुनौतिको रुपमा रहेको समस्या हो । विकसित तथा विकाशोमुख सबै देशहरु गरिबीबाट आक्रान्त रहेका भए पनि विशासोन्मुख देशमा यसले जरागाडेर रहेको हुन्छ । नेपाल पनि गरिबीको पिडामा पिल्सीएको मुलुक हो । गरिबी विश्वव्यापी आर्थिक मुद्धा भएकोले यस सँग सम्बन्धीत घेरै अध्ययन अनुसन्धान गर्न चाहने हरुका लागि निम्न सुझावहरु प्रस्तुत गर्न सकिन्छ ।

१. यस अध्ययनमा म्याङ्लुङ्ग नगरपालिका वडा नं. १ र २ को गरिबीको अवस्था पत्ता लगाउनु र गरिबीले पारिवारिक शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउनु रहेकोले गरिबीले पारिवारिक शैक्षिक क्षेत्रमा पारेको प्रभावको मात्र अध्ययन

गरिएको छ । यस बाहेक शहरी गरीबीको आकार  पत्ता लगाउनु तथा विभिन्न जात जातिको  गरिबीको अवस्थावारे अध्ययन गर्न सकिन्छ ।

२. शहरी गरिबी र ग्रामीण गरिबीको अवस्थाबारे तुल्नात्मक अध्ययन गर्न सकिन्छ ।

३. तेह्रथुम  जिल्लाको समग्र गरिबी र म्याङ्लुङ्ग  नगरपालिकाको  गरिबीबिचको तुलनात्मक अध्ययन गर्न सकिन्छ ।

४. म्याङ्लुङ्ग नगरपालिकाको गरिबी न्यूनीकरणका लागि हालसम्म सरकारी स्तरबाट भएका कार्यक्रमहरुको लागत , लाभ तथा प्रभावकारीताबारे अध्ययन गर्न सकिन्छ ।

५. स्थनीय स्तरमा उत्पादन हुने ढाका कपडाले गरिबी न्यूनीकणमा पुऱ्याएको योगदानको बारेमा पनि विश्लेषण गर्न सकिन्छ ।

# सन्दर्भ सामग्री (References)


अधिकारी, सुरेश, नेपाल यदु र खतिवडा रुपनारायण (२०७०), *समसामयिक विषय,* काठमाडौँ : करियर काउन्सीलिङ्ग सेन्टर प्रा.ली. ।

अर्याल, रमा (२०७०), *नेपालमा ग्रामिण गरिबीको आकार र त्यसका कारणहरु पटौटी गा.वि.स, अर्घाखाँची,* शिक्षाशास्त्र संकाय स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि.कीर्तिपुर ।

अर्याल, हेमराज (२०६४), *नेपालमा ग्रामिण गरिबी,* शिक्षाशास्त्र संकाय स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि.कीर्तिपुर ।

कटुवाल, नरेन्द्र ( २०६९), *ग्रामिण अर्थशास्त्र,* काठमाडौं : शुभकामना प्रकाशन ।

नेपाल सरकार, (२०७२), *नेपाल ऐन सङ्ग्रह खण्ड १७,* काठमाडौं : कानुन किताब व्यवस्था समिती ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६९), *नेपाल जीवनस्तर सर्वेक्षण प्रतिवेदन* (२०६६/६७), काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग ।

खतिवडा, रुद्र (२०७२), *नेपालमा स्थानीय ग्रामिण गरिबीको अवस्था शनिश्चरे गा.वि.स. झापा जिल्लाको एक अध्ययन,* शिक्षाशास्त्र संकाय स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि.कीर्तिपुर ।

घिमिरे, वि.पि.र कार्की, एस.वि. (२०६२), *ग्रामिण विकास र सहकारी व्यावस्थापन,* काठमाण्डौ : एसिया पब्लिकेशन प्रा.लि. ।

जिल्ला विकास समिति (२०७०), *तेह्रथुम जिल्ला विकास पार्श्वचित्र,* तेह्रथुम : जिल्ला विकास समिति ।

जैसी, दयाराम (२०७१), *ग्रामिण गरिबीको विश्लेषण तथा यसका कारणहरु ब्रह्मतोला गा.वि.स, बाजुरा,* शिक्षाशास्त्र संकाय स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि.कीर्तिपुर ।

डाँगी, डम्बरजंग, (२०६६), *नेपालको अर्थशास्त्र,* काठमाडौ : धौलागिरी बुक्स एण्ड स्टेशनरी ।

तेह्रथुम काठमाडौं सम्पर्क मञ्च, (२०५७), *तीनजुरे वार्षिक मुखपत्र,* तेह्रथुम काठमाडौं सम्पर्क मञ्च नेकपा (एमाले) ।

दाहाल, महेश राज (२०६६), *नेपालमा गरिबीका कारण र गरिबी न्यूनिकरणका उपायहरु, आर्थिक संम्प्रेषण,* काठमाण्डौ : अर्थशस्त्र शिक्षा विद्यार्थी समाज ।

दाहाल, महेश राज र पौडेल मिनराज (२०७०), *नेपालको अर्थशास्त्र र परिमाणात्मक पद्धती,* काठमाण्डौ : एम के पब्लिर्सस एण्ड डिष्टीव्युर्टस ।

नेपल राष्ट्र बैंक (२०६६), *नेपाल राष्ट्र बैंक समाचार ५४औं बार्षिक विशेषाङ्क काठमान्डौ :* नेपाल राष्ट्र बैंक ।

पौडेल, मीनराज र पौडेल, सुरेन्द्र (२०७३), *अर्थशास्त्र* I काठमाडौं : एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

बस्नेत, संजिव कुमार (२०७१), *ग्रामिण नेपालमा गरिबीको अवस्था कमलपुर गा.वि.स. सप्तरी जिल्लाको एक अध्ययन,* शिक्षाशास्त्र संकाय स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि.कीर्तिपुर ।

राष्ट्रिय योजना आयोग, (२०६८), *आर्थिक वर्ष २०६५/६६ को वार्षिक प्रतिवेदन,* काठमाडौं : राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।

राष्ट्रिय योजना आयोग, (२०७१), *तेह्रौं योजना,* काठमाडौं : राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।

राष्ट्रिय योजना आयोग, (२०७३), *चौधौ योजनाको आधारपत्र,* काठमाडौं : राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।

रेग्मी, मदन (२०७१), *नेपालमा ग्रामिण गरिबी शुक्लागण्डकी नगरपालिका तनहुँ,* शिक्षाशास्त्र संकाय स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि.कीर्तिपुर ।

लुइटेल, चक्रपाणी र पेखेल, खगेन्द्र (२०६६), *ग्रामिण विकास* काठमाण्डौ *:* प्रधान बुक्स हाउस ।

शर्मा, निलम कुमार (२०६६), *विकास तथ योजना अर्थशास्त्र,* काठमाण्डौ : पैरवी प्रकाशन ।

सापकोटा, भवदत्त र भट्टराई नवराज (२०७०), *नेपालको अर्थशास्त्र,* काठमाण्डौँ : विद्यार्थी पुस्तक भण्डार ।

सिलवाल, सुदर्शन (२०६३), *विकास तथा योजनाको अर्थशास्त्र,* काठमाण्डौँ : रत्नपुस्तक भण्डार ।

हाडा, गम्भिर बहादुर (२०६८), *ग्रामिण अर्थशास्त्र,* काठमाण्डौ : वृहस्पति पुस्तक प्रकाशन ।

ADB, (1991), *Poverty Described as Matter of Deprivation*, A Report of Poverty of Asian Development Bank.

Bhattarai P. 2009. *The Nature and Causes of Rural Poverty*, A Case Study of Dalit Community of Chiuridanda VDC Khotsng District, Unpublished M.A. Thesis, Dissertation in RD TU Kirtipur.

Gyawali K.P. 2008. *Nature and Dimension of Poverty in Musahar Community*, A Case Study of Trivenisusta VDC Nawalparasi District, Unpublished M.A. Thesis, Dissertation in RD TU Kirtipur.

Mosaico ConeXion (2011), *What is Urban Poverty ?*, www.gsdrc.org

Sapkota H. 2005,*Poverty in Rural Nepal, A Case Study of Manpur VDC Dang District in Nepal*, Unpublished M.A. Thesis, Dissertation in RD Pokhara P.N Campus.

Sharma S. 2006. *Poverty in Rural Nepal, A Case Study of Manpur VDC Dang District in Nepal*, Unpublished M.A. Thesis, Dissertation in RD TU Kirtipur.

## अनुसूची १

घरमूलीका लागि तयार पारिएको प्रस्नावली शहरी गरिव परिवारको आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण स्याङ्गगङ्ग नगरपालिका

घरमूलीको नामः उमेरः

ठेगानाः धर्मः

शैक्षिक योग्यताः परिवार संख्याः

१. तपाइको प्रमुख पेशा के हो ?

उत्तर ..................................................................

२. तपाइको परिवारको मासिक आम्दानी कति हुन्छ ?

उत्तर ...........................................................

३. तपाइको अम्दानी कुन कुन स्रोत वाट हुन्छ ?

उत्तर ...........................................................

४. तपाइको परिवारको मासिक खर्च कति हुन्छ ?

उत्तर ...........................................................

५. कुन कुन स्रोतमा खर्च गर्नु हुन्छ ?

उत्तर ...........................................................

६. तपाइको बार्षिक आम्दानीले वर्षभरी खर्च गर्न पुग्छ ?

उत्तर ...........................................................

७. तपाइले कुनै स्रोतबाट कर्जा लिनु भएको छ ?

उत्तर ...........................................................

८. अरुको जमिन कमाउनु भएको छ ? छ भने कति ?

उत्तर ..........................................................

९. कुन स्रोतवाट कति ब्याजदरमा कुन उदेश्यका लागि कर्जा लिनु भएको हो ?

उत्तर ..........................................................

१०. तपाइको परिवारमा कति जना सदस्य हुनुहुन्छ ?

उत्तर ..........................................................

११. तपाइको परिवारका सदस्यहरु कति कति उमेरका हुनु हुन्छ ?

उत्तर ..........................................................

१२. तपाइको आफ्नो घर छ कि छैन ? छ भने घरको प्रकृति कस्तो रहेको छ ?

उत्तर ..........................................................

१३. तपाइको आफ्नो जमिन छ कि छैन ?

उत्तर ..........................................................

१४. तपाइको अफ्नो जग्गा छ कि छैन ?

उत्तर ..........................................................

१५. तपाइको आफ्नो स्वामित्वमा कति जग्गा रहेको छ ?

उत्तर ..........................................................

१६. तपाइको अफ्नो उत्पादनले बर्षभरिमा कति महिना खान पुग्छ ?

उत्तर ..........................................................

१७. तपाइले वार्षिक कति कि.ग्रा. खाद्यन्न उत्पादन गर्नुहुन्छ ?

उत्तर ..........................................................

१८. तपाइको परिवारलाइ बार्षिक रुपमा कतिखाद्यान्न आवश्यक पर्छ ?

उत्तर ..........................................................

१९.तपाइको विचारमा तपाइको परिवार गरिब हुनाको प्रमुख कारण के हो ?

उत्तर ..........................................................

२०. यस क्षेत्राको गरिबी हटाउन के गर्नु पर्ला ?

उत्तर ..........................................................

२१. यदि निराक्षर हुनु हुन्छ भने के कारणले निराक्षर रहनुभयो ?

उत्तर ..........................................................

२२. तपाइको परिवारमा विद्यालय उमेरका बालबालिका कतिजना रहेका छन ?

उत्तर ..........................................................

२३. तपाइको परिवारमा विद्यालय उमेरका बालबालीका कतिजना रहेका छन् ?

उत्तर ..........................................................

२४. तपाइका बालबालीका सामुदायिक कि संस्थागत विद्यालयमा पढछन्

उत्तर ..........................................................

२५.तपाइले आफ्नो बालबालीकालाइ किन सामुदायिक विद्यालयमा पढाउनु भएको ?

उत्तर ..........................................................

२६. तपाइले आफ्नो बालबालीकालाइ किन संस्थागत विद्यालयमा पढाउनु भएको ?

उत्तर ..........................................................

२७. तपाइको परिवारका सदस्यहरु कुनकुन तहमा पढिरहनु भएको छ ?

उत्तर ..........................................................

**अनुसूची २** अवलोकन घर नं.

## अवलोकन फाराम

शहरी गरिव परिवारको आर्थिक तथा शैक्षिक अवस्थाको विशलेषण

म्याङ्गलुङ्ग नगरपालिका

घरमूलीको नाम : ठेगाना

१. परिवार संख्या

महिला........................ पुरुष........................जम्मा

२. घरको प्रकार :

कच्ची........ अर्धपक्की.............पक्की............छैन............

३. सौचालयको सुविधा :

प्यान सहित .............. प्यान रहित .........................

४. खाने पानीको सुविधा

धारा..................कुवा..................

५. बालबालीकाको अवस्था

फोहोरी ..............सफा सुगर..................

६. प्रकाशको स्रोतः

विजुली...........सोलार........टुक्की वत्ती...........

७. खाना पकाउने उर्जाको स्रोतः

दाउरा.............ग्यास/ बायो ग्यास......... गुइठा

## अनुसूची ३

## छलफल निर्देशिका

शहरी गरिव परिवारको आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण म्याङ्गलुङ्ग नगरपालीका

छलफल सहभगिको नाम : उमेरः

ठेगाना : पेशा :

१. वडा नं. १ र २ मा प्राय गरेर कुन जातजातिका मानिसहरु बढी मात्रामा गरिब छन् ?

२. यस क्षेत्रका मानिसहरुको मुख्य पेशा तथा आम्दानी स्रतहरु के के हुन् ?

३. यस क्षेत्रका मानिसहरुको मुख्य गरी के मा खर्च हुने गर्दछ ?

४. यस क्षेत्रमा आर्थिक अभाव हुँदा मानिसहरुले कुन कुन क्षेत्र बाट कर्जा /सापटी लिने गर्दछ ?

५. यस क्षेत्रमा सरकारद्वारा उपलब्ध गराइने सेवा सुविधाको अवस्था कस्तो रहेको छ ?

६. यस क्षेत्रमा विद्यालय र उद्योग कलकारखाना के कति रहेका छन् ?

७. यस क्षेत्रका बालबालिकाको शैक्षिक अवस्था कस्तो छ ? घरेलु कामदारको रुपमा बालबालिकाहरु प्रयोग भएका छन् कि छैनन् ?

८. यस म्याङ्गलुङ्ग नगरपालिका वडा नं. १ र २ मा अन्य वडाको तुलनामा गरिब परिवार बढी हुनाको कारण के होला ?

९. यहाँको गरिबी न्यूनीकरण गर्न के कस्ता उपाय अपनाउनु पर्ला ?